# राष्ट्रिय भाषा नीति सुझाउ आयोगको प्रतिवेदन २०५०

# तथा

# नेपालको भाषिक स्थिति

राष्ट्रिय भाषा नीति सुझाउ आयोग
प्रज्ञाभवनॱकमलादी
काठमाडौँॱ नेपाल।

# राष्ट्रिय भाषा नीति सुझाउ आयोगको प्रतिवेदन २०५०
# तथा
# नेपालको भाषिक स्थिति

राष्ट्रिय भाषा नीति सुझाउ आयोग
प्रज्ञाभवन'कमलादी
काठमाडौँ' नेपाल।
वि.सं.२०५० चैत्र ३१ वुधवार

# राष्ट्रिय भाषा नीति सुझाउ आयोग
## प्रज्ञाभवन,कमलादी
## काठमाडौँ,नेपाल

मिति २०५०।१२।३१४

माननीय मन्त्रीज्यू,
श्री गोविन्दराज जोशी,
शिक्षा,संस्कृति तथा समाजकल्याण मन्त्रालय
केसरमहल,काठमाडौँ ।

माननीय मन्त्रीज्यू,
वि.सं. २०४६ सालको सफल जनआन्दोलनले ३० वर्षे निरङ्कुश पञ्चायती तानसाही व्यवस्थालाई तोडी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्बहाली गरी गरी जनभावना अनुकुल निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाललाई बुहभाषिक र बहुसांस्कृतिक राष्ट्र मानेर देशभित्र बोलिने सबै मातृभाषाहरुलाई राष्ट्रिय भाषाको मान्यता पनि दिएको छ भने संविधानमा प्राथमिक तहसम्म मातृभाषाका माध्यमबाट शिक्षा दिन सकिने प्रावधान पनि छ।संविधानमा गरिएका प्रावधानअनुरुप विभिन्न संस्कृति, जात–जाति, भाषाभाषीहरुबीच स्वस्थ र सुमुधुर सम्बन्धको विकास र राष्ट्रिय एकताको सुदृढीकरणका लागि भाषाविकासम्बन्धी नीति र कार्यक्रम तथा प्राथमिक शिक्षामा मातृभाषाको माध्यमबाट शिक्षा दिदाँ अपनाउने कार्यनीतिबारे शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालयलाई राय सुझाउ दिन श्री ५को सरकारले राष्ट्रिय भाषा नीति सुझाउ आयोगको गठन गरेको थियो।
२०५० जेठ १४ गते गठित यस आयोगको कार्यक्षेत्र मुख्यतः राष्ट्रिय भाषाहरुको विकास र मातृभाषामा प्राथमिक शिक्षासँग सम्बन्धित थियो।उक्त कार्यक्षेत्र र तत्सम्बन्धी अन्य पक्षहरुलाई समेत ध्यानमा राखी आयोगद्वारा कार्ययोजनाको तयारीका साथ चैत्र मसान्तसम्म जम्मा ११ महिना कार्य गरी यो प्रतिवेदन तयार पारिएको छ।यस क्रममा आयोगले कार्यक्षेत्रका विविध पक्षहरुलाई समेट्ने गरी गोष्ठी,स्थलगत भ्रमण, भेटघाट, छलफल, अन्तर्वार्ता तथा विभिन्न सन्दर्भसामग्रीहरुका माध्यमबाट रायसुझाउ सङ्कलन गरेको थियो र तिनलाई आयोगका नियमित बैठकहरुमा छलफल तथा विश्लेषण गरी अन्तिम निष्कर्षमा पुगिएको थियो।
प्रतिवेदनलाई चार अध्यायमा बाँडिएको छ। अध्याय एकमा नेपालको भाषिक स्थितिको छोटो दिग्दर्शन दिइएको छ भने अध्याय दुईमा राष्ट्रिय भाषाहरुको विकास तथा संरक्षणबारे चर्चा गरिएको छ।अध्याय तीनमा मुख्यतः प्राथमिक शिक्षामा राष्ट्रिय भाषाहरु(मातृभाषाहरु) को

प्रयोगका सम्बन्धमा छलफल गरिएको छ भने अध्याय चारमा सुझाउहरु प्रस्तुत गरिएका छन्।

१ नेपालमा बोलिने भाषाहरुको पहिचान र निर्धारणका निम्ति भाषिक सर्वेक्षण हुनुपर्ने,

२ राष्ट्रिय भाषाहरुको विकासका निम्ति भाषाःयोजना तर्जुमा गरी तिनमा मानकको चयन, लेखनपद्धति.वर्णमाला, लिपि, हिज्जे॰ को निर्धारण, शब्दभण्डारको विकास, शब्दकोष र व्याकरणको निर्माणका साथै प्रयोगक्षेत्रको विस्तार.सञ्चार,प्रशासन आदिमा॰ का लागि कार्य गरिनु पर्ने,

३ लोपवान् भाषाहरुको पहिचान गरी तिनको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनु पर्ने,

४ राष्ट्रिय भाषाहरुको अध्ययन, अनुसन्धान र विकासका लागि योजना तथा कार्यक्रम बनाई तिनको कार्यान्वयन र अनुगमनसम्बन्धी कार्यहरु संस्थागत रुपमा सञ्चालन गर्न राष्ट्रिय भाषा परिषद् गठन गरिनु पर्ने,

५ प्राथमिक तहमा मातृभाषामा शिक्षा दिँदा लेख्य परम्परा भएका, लेख्य परम्परा उन्मुख र लेख्य परम्परा नभएका गरी राष्ट्रिय भाषाहरुलाई तीन समूहमा राखी प्राथमिकताका आधारमा शिक्षा दिने कार्यक्रमको थालनी गरिनु पर्ने,

६ शतप्रतिशत मतृभाषी विद्यार्थीहरु भएका प्राथमिक शिक्षाहरुमा मातृभाषाका माध्यममा शिक्षा दिइनु पर्ने, दुई किसिमका मातृभाषी विद्यार्थीहरु भएका विद्यालयहरुमा द्विभाषिक शिक्षा .मातृभाषा र राष्ट्रभाषा दुवैमा॰ बुहभाषी विद्यालयहरुमा राष्ट्रभाषाको माध्यममा शिक्षा दिइनु पर्ने,

७ जनसहभागितामा खोलिएका र खोलिने मातृभाषी प्राथमिक विद्यालयलाई श्री ५ को सरकारले स्वीकृति र अनुदान दिनु पर्ने,

८ मातृभाषी, द्विभाषी र राष्ट्रभाषी तीने प्रकारका प्राथमिक विद्यालयहरुमा विषयको रुपमा आफ्नो मातृभाषा पढ्न पाउने व्यवस्था हुनु पर्ने,

९ निम्नमाध्यमिक तहको वर्तमान पाठ्यक्रमको ढाँचाअन्तर्गतको संस्कृत विषयको सट्टा वैकल्पिक विषयका रुपमा मातृभाषा पढाउने व्यवस्था हुनु पर्ने ,

१० भाषाहरुको अध्ययनःअनुसन्धान तथा पठनपाठनका लागि आवश्यक जनशक्ति उत्पादन गर्न विश्वविद्यालयअन्तर्गत भाषाविज्ञान विभाग खोलिनु पर्ने,

११ नेपाल राजकीय प्रज्ञाःप्रतिष्ठानअन्तर्गत छुट्टै भाषानिकायको व्यवस्था गर्नका साथै राष्ट्रिय भाषाहरुमा खोलिएका प्राज्ञिक संस्थाहरुलाई मान्यता र आर्थिक सहयोग दिने व्यवस्था हुनु पर्ने,

१२ मातृभाषाहरुमा शिक्षाका लागि पाठ्यसामग्री निर्माण, कार्यान्वयन र अनुगमनका लागि शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रअन्तर्गत छुट्टै शाखाको स्थापना हुनु पर्ने,

१३ राष्ट्रिय जनगणनामा भाषासम्बन्धी तथ्याङ्कहरुलाई भरपर्दो बनाउने कार्यका लागि भाषावैज्ञानिकहरुलाई समेत विशेषज्ञको रुपमा संलग्न गराउनु पर्ने।

भाषाविकाससम्बन्धी नीति र कार्यक्रम तथा मातृभाषाको माध्यमबाट शिक्षाबारेमा व्यापक अध्ययन, सुझाउहरुको सङ्कलन, छलफल र विश्लेषण गरी प्रतिवेदनका रुपमा सुझाउहरुको सिफारिस राष्ट्रिय भाषा नीति सुझाउ आयोगको तर्फबाट प्रस्तुत गर्दछु। यसरी सुझाउहरु प्रतिवेदनका रुपमा प्रस्तुत गर्ने गहन उत्तरदायित्वपूर्ण कार्यभार दिइएकोमा यस राष्ट्रिय भाषा नीति सुझाउन आयोगको तर्फबाट माननीय मन्त्रीज्यूमार्फत श्री ५ को सरकारमा हार्दिक कृतज्ञताज्ञापन गर्दै सुझाउहरुको शीघ्र कार्यान्वयन हुने कुरामा विश्वस्त छु।

तिलविक्रम नेम्बाङ
संयोजक
राष्ट्रिय भाषा नीति सुझाउ आयोग

# राष्ट्रिय भाषा नीति सुझाउ आयोगका सदस्यहरु

| | | |
|---|---|---|
| १ | तिलविक्रम नेम्बाङ .वैरागी काइँला॰<br>.साहित्यकार तथा भाषासेवी' सारताप' पाँचथर | संयोजक |
| २ | भीमबहादुर तामाङ .समाजसेवी' दोलखा॰ | सदस्य |
| ३ | डा. हर्षबहादुर बुडा मगर.समाजसेवी'सिद्धार्थनगर'रुपन्देही॰ | सदस्य |
| ४ | धनबहादुर लामिछाने गुरुङ.भाषासेवी' पोखरा'कास्की॰ | सदस्य |
| ५ | डा. योगेन्द्रप्रसाद यादव<br>.सहप्राध्यापक'अङ्ग्रेजी विभाग' त्रि.वि.'किर्तिपुर॰ | सदस्य |
| ६ | श्री काशीनाथ तमोट<br>.उपप्राध्यापक' नेवारी विभाग'पाटन संयुक्त क्याम्पस'त्रि.वि.॰ | सदस्य |
| ७ | डा.नोवलकिशोर राई<br>.सहप्राध्यापक' भाषाकला विभाग' त्रि.वि. कीर्तिपुर॰ | सदस्य |
| ८ | श्री अमृत योन्जन तामाङ<br>.भाषासेवी' तिल्पुङ रामेछाप॰ | सदस्य |
| ९ | डा.हेमाङ्गराज अधिकारी<br>.प्राध्यापक' भाषाकला विभाग' त्रि.वि.'कीर्तिपुर॰ | सदस्य |
| १० | श्री उमाशंकर द्विवेदी<br>.भाषासेवी'बीरगन्ज'पर्सा॰ | सदस्य |
| ११ | सीतारामशरण चौधरी<br>.उपप्राध्यापक' इतिहास विभाग' ठाकुरराम क्याम्पस' त्रि.वि.' पर्सा॰ | सदस्य |

# कृतज्ञता

राष्ट्रिय भाषानीति सुझाउ आयोगलाई कार्यालय स्थापना गर्ने कोठा तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइदिने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति, सदस्य-सचिव र सदस्यहरुका साथै कर्मचारीवर्गमा यो आयोग हार्दिक कृतज्ञता व्यक्त गर्दछ।साथै राष्ट्रिय भाषाहरुको विकास, संरक्षण, संवर्द्धन तथा मातृभाषामा शिक्षाका सम्बन्धमा विभिन्न रायसुझाउ दिई सहयोग गर्ने संस्थाहरु, महानुभावहरु, गोष्ठी आयोजकहरु र कार्यपत्र लेखकहरुप्रति आयोग कृतज्ञता व्यक्त गर्दछ। आयोगको कार्य तथा गतिविधिमा विशेष अभिरुचि लिई राष्ट्रिय भाषाका विविध विषयमा समाचार, लेखटिप्पणीहरु प्रसारित गर्ने रेडियो नेपाल, नेपाल टेलिभिजन र त्यस्ता सामग्रीहरु प्रकाशित गर्ने पत्रपत्रिकाहरु धन्यवाद प्रकट गर्नु यस आयोगले आफ्नो कर्तव्य सम्झेको छ।अन्त्यमा दैनिक कार्यसम्पन्न गर्न सहयोग पुऱ्याउने कार्यालयका कर्मचारी श्री सरोज तुम्बाहाङ्फे र श्री दुर्गाबहादुर राना मगरलाई आयोग धन्यवाद दिन्छ।

विषयसूची

# भूमिका

२०४६ सालको जनआन्दोलनपछि स्थापित प्रजातान्त्रिक व्यवस्थाअनुरुप निर्माण गरिएको नेपाल अधिराज्यको संविधानले नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका भाषा, संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि ठोस मार्गदर्शन गरेको छ।उक्त सिवधानमा उल्लिखित प्रावधानले आफ्नो भाषासंस्कृतिको विकासका लागि विभिन्न जातजतिहरुमा जागरुकता बढाउन पद्दत मिलेको देखिन्छ। जननिर्वाचित प्रजातान्त्रिक सरकारले पनि विभिन्न भाषाभाषीहरुको चाहनाअनुरुप मातृभाषाहरुको विकासका लागि अग्रसर हुनु पर्ने र उनीहरुलाई सहयोग तथा प्रोत्साहित गर्नु पर्ने आवश्यकता महसुस गरी जनआवाजलाई समेत ध्यानमा राखी राष्ट्रिय भाषानीति सुझाउ आयोग गठन गरेर यसतर्फ उपयुक्त पाइला चालेको अनुभव गरिएको छ।

उपर्युक्त सन्दर्भमा श्री ५ को सरकारले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६(२), १८(२) र २६(२) मा भएको व्यवस्थाअनुरुप विभिन्न धर्म, जातजाति, सम्प्रदाय र भाषाभाषीहरुबीच स्वस्थ एवम् सुमधुर सम्बन्ध विकसित गरी देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति कार्यान्वयन गर्दै जाने सिलसिलामा श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालयलाई रायसुझाउ दिन आयोग गठन गरिएको कुरा उल्लिखित छ।

श्री तिलविक्रम नेम्वाङ (वैरागी काइँला) को संयोजकत्वमा ११ सदस्यीय राष्ट्रिय भाषानीति सुझाउ आयोगको गठन २०५० जेष्ठ १४ गते भएको थियो।

कार्यक्षेत्र

श्री ५ को सरकारबाट आयोगको कार्यक्षेत्र निम्नानुसार निर्धारित गरिएको थियोः

१. राष्ट्रिय भाषा विकासको सम्बन्धमा नीति तथा कार्यक्रमबारे रायसुझाउ दिने।
२. प्राथमिक तहमा मातृभाषामा शिक्षा प्रदान गर्दा अपनाउने कार्यनीतिबारे राय दिने तथा राष्ट्रिय भाषा माध्यम वा विषयका रुपमा समावेश गरी शिक्षा दिन उपयुक्त हुन्छ, सिफारिस गर्ने।
३. राष्ट्रिय भाषामा प्राथमिक शिक्षा प्रदान गर्ने क्रममा प्राथमिकताका आधारहरु तयार पार्ने।
४. माथि सिफारिस गरिएका रायसुझाउहरु कार्यान्वयनका लागि केकस्ता प्रक्रिया अपनाउन उपयुक्त हुन्छ,सुझाउ दिने।
५. अन्य उपयुक्त सम्झेका सुझाउहरु।

बैठक र छलफल

राष्ट्रिय भाषानीति सुझाउ आयोगको पहिलो बैठक २०५०।२।२८ बिहीबार बसेको थियो। मित २०५०।२।२८ देखि मिति २०५०।१२।३० सम्म कूल बैठक ६१ पटक बस्यो।

कार्ययोजना

मिति २०५०।३।१० मा बसेको बैठकले निम्नानुसारको कार्ययोजनाको रुपरेखा तयार गरी सोहीअनुरुप कार्य अगाडि बढाउने निर्णय गऱ्योः

१. कार्यालय स्थापना र कार्यालय व्यवस्थापन

२. सम्बन्धित सामग्रीको सङ्कलन।

३. कार्यलेख तयारी र छलफल।

४. सुझाउ संकलन र अध्ययनः

   क. स्थलगत अध्ययन, प्रवचन तथा गोष्ठीबाट रायसुझाउ सङ्कलन

   ख. सम्बद्ध क्षेत्रका विशिष्ट व्यक्तिहरुसँग अन्तर्वाता तथा अन्य राष्ट्रिय पत्रपत्रिकाबाट सुझाउ सङ्कलन

   ग. सुझाउहरुको वर्गीकरणविश्लेषण

   घ. राष्ट्रियस्तरमा विचारगोष्ठीको आयोजना।

५ प्रतिवेदन तयारी

कार्यलेख तयारी र छलफल

जनगणनाका विभिन्न प्रतिवेदनहरुको आधारमा "जात-जातिगत विश्लेषण " मातृभाषागत जनसङ्ख्याको विश्लेषण" तथा -राष्ट्रिय भाषाको परिभाषा - शीर्षकका कार्यलेखहरु क्रमशः निम्नलिखित सदस्य तथा अन्य महानुभावहरुबाट आयोगको बैठकमा प्रस्तुत गरी छलफल गरियोः

१ डा हेमाङ्गराज अधिकारी

२ डा योगेन्द्रप्रसाद यादव

३ श्री काशीनाथ तमोट

“विभिन्न मातृभाषाको वर्तमान अवस्था र प्रकाशनको स्थिति” शीर्षकका कार्यलेखहरु निम्नलिखित सदस्य तथा अन्य महानुभावहरुबाट आयोगको बैठकमा प्रस्तुत गरी छलफल गरीयोः

१. श्री अमृत योन्जन तामाङ
२. श्री काशीनाथ तमोट
३. श्री धनबहादुर लामिछाने गुरुङ
४. श्री तेजनारायण पन्जियार
५. श्री ङावाङ वोशेर लामा
६. श्री तिलविक्रम नेम्वाङ
७. डा. योगेन्द्रप्रसाद यादव
८. डा·नोवलकिशोर राई
९. डा हर्षबहादुर बुडा मगर

१०. डा हेमाङ्गराज अधिकारी
११. श्री उमाशंकर द्विवेदी
१२. श्री सीतारामशरण चौधरी

रायसङ्कलन

गोष्ठीबाट रायसङ्कलन

क मिति २०५०।५।३० मा बसेको आयोगको बैठकको निर्णयानुसार नेपाल जनजाति महासङ्घलाई दुई दिने गोष्ठी गर्न अनुरोध भएअनुसार २०५० असोज २९ र ३० गते प्रज्ञाभवनमा गोष्ठी सम्पन्न भयो।सङ्कलन गरिएका रायसुझाउहरु प्रतिवेदनका रुपमा उक्त जनजाति महासङ्घबाट प्राप्त भएको थियो। उक्त गोष्ठीमा विभिन्न क्षेत्रका विशिष्ट विद्वान भाषाविद्, प्राध्यापक, शिक्षक, समाजसेवी, पत्रकार, राजनीतिज्ञ, साहित्यकारहरुका साथै विभिन्न भाषा तथा जातजातिसँग सम्बद्ध संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो।

ख मिति २०५०।७।२१,२२ र २३ गते प्रज्ञाभवनमा राष्ट्रिय भाषानीति संगोष्ठीको आयोजना गरियो। सो तीनदिने राष्ट्रिय भाषा सङ्गोष्ठीमा निम्नलिखित व्यक्तिहरुबाट कार्यपत्रहरु प्रस्तुत गरी छलफल तथा विचारविमर्श गरियोः

१ डा चुडामणि बन्धु- नेपालको सन्दर्भमा भाषायोजना
२ डा माधवप्रसाद पोखरेल- नेपालले अङ्गीकार गर्नुपर्ने भाषिक नीति र भाषिक योजना
३ डा नोवलकिशोर राई- मातृभाषामा प्राथमिक शिक्षा
४ डा योगेन्द्रप्रसाद यादव- नेपालको सन्दर्भमा भाषाविकास

उक्त तीनदिने सङ्गोष्ठीमा विभिन्न क्षेत्रका विशिष्ट विद्वान, सांसद, भाषाविद्, प्राध्यापक, शिक्षक, समाजसेवी, पत्रकार, राजनीतिज्ञ, साहित्यकार तथा सङ्घ संस्थाका सदस्यहरु गरी जम्मा ६९ व्यक्तिहरुको सहभागिता रहेको थियो।

गोष्ठी तथा स्थलगत रायसङ्कलन

मिति २०५०।७।१ को बैठकको निर्णयअनुसार निम्नलिखित स्थानहरुमा आयोगका सदस्यहरुद्वारा स्थलगत रायसङ्कलनका लागि भ्रमण गरी कार्यसम्पन्न गरियोः

पोखरा (गोष्ठी) श्री काशीनाथ तमोट, धनबहादुर लामिछाने गुरुङ

बुटवलः (गोष्ठी) डा हर्षबहादुर वुढा मगर

जनकपुर र वीरगञ्जः (छलफल) डा योगेन्द्रप्रसाद यादव, डा हेमाङ्गराज अधिकारी, श्री उमाशंकर द्विवेदी

धरान र दमकः (गोष्ठी/छलफल) डा नोवलकिशोर राई

काभ्रेपलाञ्चोक र रामेछापः (गोष्ठी/छलफल) श्री अमृत योन्जन तामाङ

संस्थागत तथा व्यक्तिगत रायसङ्कलन

४४ विभिन्न सङ्ध संस्थाहरुबाट संस्थागत रायसुझाउ प्राप्त भयो।

साथै आयोगलाई विभिन्न क्षेत्रका महानुभावहरुबाट पनि व्यक्तिगत रुपमा समेत रायसुझाउहरु प्राप्त भए। यसरी प्राप्त भएका सुझाउहरुको सङ्ख्या जम्मा १५७० थियो।

अन्तर्वार्ता

भाषा र शिक्षाका क्षेत्रमा कार्यरत तथा तत्सम्बन्धमा रुचि राख्ने ६० जना विद्वान महानुभावहरुसँग मातृभाषाको विकास र शिक्षाका विविध पक्षमा अन्तर्वार्ता लिइएको थियो।

अन्य सन्दर्भसामग्रीबाट रायसङ्कलन

उल्लिखित स्रोतका साथै निम्नलिखित सामग्रीहरुबाट समेत आवश्यक जानकारी तथा सुझाउहरु प्राप्त गरिएका थिएः

१ कार्यलेख

मैथिली, भोजपुरी, तामाङ, मगर, गुरुङ, नेवारी, थकाली, लिम्बू, राई, नेपाली, थारु, अवधी, हिमाली भाषा (लामा, सेर्पा आदि) सम्बन्धी कार्यलेखहरु

२ लेखटिप्पणी

विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरु

३ कार्यपत्र

राष्ट्रिय भाषानीति सङ्गोष्ठी र विभिन्न क्षेत्रीयस्तरमा आयोजित गोष्ठीमा पेस गरिएका कार्यपत्रहरु

४ प्रकाशित कृति

सामाजिक भाषाविज्ञान, भाषायोजना,शिक्षा, द्विभाषिक शिक्षा, नेपालका भाषाहरु आदिसँग सम्बद्ध ग्रन्थ, लेख तथा टिप्पणीहरु

५ जनगणनाको तथ्याङ्क

जनगणना २००९-११ देखि २०४८ सम्मका तत्सम्बन्धी तथ्याङ्क तथा लेख टिप्पणीहरु

उल्लिखित विभिन्न माध्यमबाट सङ्कलन गरिएका रायसुझाउहरुलाई सैद्धान्तिक एवम् व्यावहारिक आधारहरुमा आयोगद्वारा वर्गीकरण तथा विश्लेषण गरी मस्यौदा प्रतिवेदन तयार गरियो। त्यसपछि सम्बन्धित क्षेत्रका केही विद्वानहरुको सहभागितामा उक्त मस्यौदा प्रतिवेदनमाथि छलफल गराई आवश्यक संशोधनका लागि सुझाउ लिइयो र आयोगले यस प्रतिवेदनको अन्तिम तयारी गर्‍यो।

१ नेपालको भाषिक स्थिति

**१.१ वर्गीकरण**

नेपाल भाषिक तथा सांस्कृतिक विविधता भएको राष्ट्र हो।क्षेत्रफलमा सानो भए तापनि यस राष्ट्रमा धेरै भाषाहरु बोलिन्छन् तर ती भाषाहरुको यथार्थ सङ्ख्याचाहिँ अहिलेसम्म निश्चिचत गर्न सकिएको छैन।वि.सं.२००९ः११ र २०१८ को जनगणनामा ३६ भाषाहरुको नाम उल्लेख भएको पाइन्छ भने २०२८ॱ२०३८ र २०४८ को जनगणनाले क्रमशः १७ॱ१८ र १९ भाषाहरुको तथ्याङ्क मात्र जनसमक्ष प्रस्तुत गरेका छन्। समग्रमी यी पाँचै जनगणनाको आधारमा नेपालमा बोलिने भाषाहरुको परिवारगत विवरण यस प्रकार छ।

१॰ भारोपेली परिवार.१५ भाषाहरु॰

नेपालीॱ मैथिलीॱ भोजपुरीॱ थारुॱ अवधीॱ उर्दूॱ हिन्दीॱ राजवंशीॱ वंगालीॱ दनुवारॱ मारवाडीॱ माझीॱ दरैॱ कुमाल र अङ्ग्रेजी।

२॰ भोटःबर्मेली परिवार .१९ भाषाहरु॰

तामाङॱ नेवारीॱ राईॱ मगरॱ लिम्बूॱ गुरुङॱ भोटेसेर्पाॱ चेपाङॱ धिमालॱ थामीॱ थकलीॱ जिरेलॱ ब्यासीॱ सुनुवारॱ लाप्चेॱ मेचेॱ पहरीॱ हायु र राजी।

३) आग्नेय परिवार.१ भाषा॰

सतार सन्थाल

४ द्रविड परिवार.१ भाषा॰

झाँगडधाँगड

.हेर्नुहोस परिशिष्ट एक॰

उक्त विभिन्न जनगणना बाहेक नेपालका भाषाहरुको निर्धारणका सम्बन्धमा भएका केही अध्ययनहरुमा नेपालमा ७० भन्दा बढी भाषाहरु बोलिने अनुमान गरिएको पाइन्छ।यस्ता केही अध्ययनहरुमा हान्सन .१९९१ इ॰ र निसी.१९९२ इ॰ का अनुसार निम्नलिखित ३२ वटा राई भाषाहरुको निर्धारण उल्लेखनीय मानिन्छः

बाहिङॱ थुलुङॱ खालिङॱ जेरुङॱ दुमी, कोयुकोईॱ कुलुङॱ नाछिरिङॱ बाङ्देलॱ चाक्वाॱ प.मेवाहाङॱ पू. मेवाहाङॱ चाम्लिङॱ पोल्माचाॱ पुमाॱ साङपाङॱ वान्तवाॱ दुङ्मालीॱ वालिङॱ याम्फूयाम्फेॱ उ.लोहोरुङॱ द.लोहोरुङॱ याक्खाॱ लुम्बाःयाक्खाॱ छिन्ताङॱ लाम्बिछोङॱ मुगालीॱ बेल्हारेॱ आठपहरियाॱ फाङ्दुवाली र छुलुङ।

यस अतिरिक्त निसीको अध्ययनमा भोटःबर्मेली परिवारअन्तर्गत जनगणना प्रतिवेदनहरुमा समाविष्ट १९ वटा भाषाहरु बाहेक निम्नलिखित भाषाहरु पनि थप गरिएको पाइन्छः

राउटे' खाम' काइके' छन्तेल' मार्फा' स्याङ' मनाङ' नार' घले' उम्बुले' चौरासे' छथरे' लिम्बू' साम' लिङ्खिम' टोटो र थ्रामु।

यस्तै मल्ल .१९९९इ. मा बोटे र चुरौटे भाषाहरु भारोपेली भाषा परिवार अन्तर्गत थप गरिएका छन्।केही भाषाभाषीहरुले ह्योल्मुलाई पृथक् भाषाको रुपमा मानेका छन्। त्यस्तै भोटे.लामा. लाई अलग्गै भाषा मानिएको छ।

यी भाषाहरुमध्ये केही भाषाहरुको निर्धारण विवादमुक्त छैन।जस्तै मनाङ र धले पृथक भाषा हुन् वा गुरुङ भाषाका दुई भाषिका हुन् भन्ने कुरा स्पष्ट छैन। कतिपय कारणले विश्वसनीय नमानिएका जनगणना तथ्याङ्क र केही अन्य प्रारम्भिक अध्ययनहरुलाई मात्र आधार मानी भाषाहरुको निर्धारण गर्नुपर्ने स्थिति हालसम्म रहिरहेकाले पनि यिनको सही संख्यानिर्धारणका निमित्त वस्तुपरक भाषिक सर्वेक्षणको नितान्त खाँचो टड्कारो रुपमा देखिएको छ।

## १.२ भौगोलिक वितरण

नेपालमा बोलिने भाषाहरुको निर्धारणबारे माथि चर्चा गरियो तर यी भाषाहरुको विकास' संरक्षण' शिक्षा' सञ्चार आदि क्षेत्रमा प्रयोग जस्ता कुरा सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्न खोज्दा तिनको निर्धारण मात्र प्रयाप्त हुँदैन। यसका साथै ती भाषाहरु कुन कुन स्थानमा बोलिन्छन् भन्ने कुराको जानकारी पनि उत्ति नै महत्वपूर्ण देखिन्छ।यसै उद्देश्यले यस खण्डमा नेपालका तीन भौगोलिक क्षेत्र.हिमाल' पहाड र तराई. मा विभिन्न भाषाहरुको वितरणबारे एउटा छोटो विवरण प्रस्तुत गर्ने प्रयास गरिएको छ।यो विवरण जनगणना २०४८ मा आधारित छ।

### १.२.१ हिमाली क्षेत्र

भाषाभाषीहरुको जनसंख्या र वितरणका आधारमा हिमाली क्षेत्रमा १२ जिल्लाहरुमध्ये ९ जिल्लाहरु.ताप्लेजुङ' संखुवासभा' सोलुखुम्बु' दोलखा' सिन्धुपाल्चोक' डोल्पा' मुगु' हुम्ला र दार्चुला. मा नेपाली पहिलो स्थानमा देखिएको छ।यस क्षेत्रमा तामाङ रसुवा जिल्लामा पहिलो र दोलखा तथा सिन्धुपाल्चोकमा दोस्रो स्थानमा रहेको पाइन्छ।राई समुहका भाषाहरु संखुवासभा र सोलुखुम्बुमा दोस्रो स्थानमा देखिन्छन्। गुरुङ भाषाको वितरण मुस्ताङ र मनाङमा पहिलो तथा हुम्लामा तेस्रो स्थानमा देखिन्छ।यस बाहेक नेवारी सिन्धुपाल्चोकमा र थकाली मुस्ताङमा तेस्रो स्थानमा देखिएको छ।साथै यस क्षेत्रमा सेर्पा भाषाभाषीहरुको बसोबास ताप्लेजुङ' संखुवासभा' सोलुखुम्बु र दोलखामा उल्लेख्य देखिन्छ।व्यासी भाषा दार्चुलामा बोलिएको पाइन्छ।

### १.२.२ पहाडी क्षेत्र

पहाडी क्षेत्रमा पूर्व पाँचथरदेखि पश्चिम बैतडीसम्मका ४३ जिल्लाहरुमध्ये ३९ जिल्लाहरुमा नेपाली पहिलो स्थानमा र बाँकी ४ जिल्लाहरुमा यो दोस्रो स्थानमा

देखिएको छ। भाषाभाषीहरुको संख्याको हिसाबले तामाङ पहाडी क्षेत्रको दोस्रो प्रमुख भाषा हो।यो भाषा मकवानपुरमा पहिलो स्थानमा हुनुका साथै ५ जिल्लाहरु .सिन्धुली' रामेछाप' काभ्रे' नुवाकोट र धादिङ॰ मा दोस्रो र ७ जिल्लाहरु .तेह्रथुम' भोजपुर' ओखलढुङ्गा' ललितपुर' काठमाण्डौँ' भक्तपुर र लमजुङ॰ मा तेस्रो स्थानमा रहेको देखिन्छ।

पहाडी क्षेत्रको अर्को प्रमुख भाषा नेवारी हो।काठमाण्डौँ उपत्यकाका जिल्लाहरुमध्ये ललितपुर र भक्तपुरमा यस भाषाले पहिलो र काठमाण्डौँ जिल्लामा दोस्रो स्थान ओगटेको पाइन्छ।यो भाषा ७ जिल्लाहरु .काभ्रे' रामेछाप' नुवाकोट' मकवानपुर' कास्की' बाग्लुङ र पाल्पा॰ मा तेस्रो स्थानमा देखिएको छ भने यसका वक्ताहरु अन्य जिल्लाहरुमा पनि छरिएर रहेका छन्।

मगर भाषा १२ जिल्लाहरु.तनहुँ' स्याङ्जा' पर्वत' प्यूठान' अर्धाखाँची' म्याग्दी' रोल्पा' सल्यान' बाग्लुङ' रुकुम सुर्खेत र गुल्मी॰ मा दोस्रो र ३ जिल्लाहरु.खोटाङ'उदयपुर र सिन्धुली॰ मा तेस्रो स्थानमा रहेको पहाडी क्षेत्रको अर्को प्रमुख भाषा हो।

राई समूहका भाषाहरु पूर्वी पहाडी क्षेत्रका ६ जिल्लाहरु .भोजपुर' धनकुटा' ओखलढुङ्गा' खोटाङ' उदयपुर र इलाम॰मा दोस्रो र पाँचथरमा तेस्रो स्थानमा देखिएका छन्।लिम्बू भाषा यस क्षेत्रका ३ जिल्लाहरु .पाँचथर' ताप्लेजुङ र तेह्रथुम॰ मा दोस्रो र अरु २ जिल्लाहरु इलाम र धनकुटामा तेस्रो स्थानमा रहेको पाइन्छ।साथै संखुवासभामा पनि लिम्बू भाषाभाषीहरुको उल्लेख्य बसोबास देखिएको छ।यस बाहेक ३ जिल्ला .लमजुङ' कास्की र गोरखा॰मा गुरुङ भाषा दोस्रो र २ जिल्लाहरु .तनहुँ र स्याङ्जा॰मा तेस्रो स्थानमा छ।थारु भाषा सुर्खेतमा र चेपाङ भाषा धादिङमा तेस्रो स्थानमा देखिएका छन्।

पहाडी क्षेत्र नेपालको सबभन्दा बढी जनसंख्या भएको क्षेत्र पनि हो।उल्लिखित भाषाहरु बाहेक यस क्षेत्रमा अन्य विभिन्न भाषाहरु बोलिन्छन्।ती मध्ये सुनुवार रामेछाप' ओखलढुङ्गा र सिन्धुलीमा' कुमाल अर्धाखाँची र गुल्मीमा' माझी र दनुवार काठमाडौँ जिल्लाको पूर्वी दक्षिणी भेग र सिन्धुपाल्चोकमा' थामी रामेछाप' दोलखा र सिन्धुली जिल्लाहरुमा बोलिएको पाइन्छ।

### १.२.३ तराई क्षेत्र

नेपाली भाषा तराई क्षेत्रका ६ जिल्लाहरु .झापा' मोरङ' चितवन'नवलपरासी' दाङ र कञ्चनपुर॰मा पहिलो स्थानमा' ११ जिल्लाहरु.सुनसरी' धनुषा' महोत्तरी' सर्लाही' बारा' पर्सा' रुपन्देही' कपिलवस्तु' बाँके' बर्दिया र कैलाली॰मा दोस्रो स्थानमा र ३ जिल्लाहरु.सप्तरी' सिरहा र रौतहट॰मा तेस्रो स्थानमा छ।

वक्ताको संख्याको हिसाबले नेपालमा मैथिली भाषाको दोस्रो स्थान रहेको छ। यो भाषा ६ जिल्लाहरु .सुनसरी'सप्तरी'सिरहा' धनुषा' महोत्तरी र सर्लाही॰मा पहिलो

स्थानमा छ भने मोरङमा दोस्रो स्थानमा छ।यो भाषा रौतहट’ बारा’ पर्सा जिल्लाहरुमा पनि केही मात्रामा बोलिने गरिएको पाइन्छ।तराईको अर्को प्रमुख भाषा भोजपुरी हो।यो ४ जिल्लाहरु . रौतहट’ बारा’ पर्सा र रुपन्देही।मा पहिलो स्थानमा र नवलपरासीमा दोस्रो स्थानमा छ।झापादेखि कन्चनपुरसम्म फैलिएको थारु भाषा तराईका २ जिल्लाहरु.बर्दिया र कैलाली। मा पहिलो स्थानमा र ६ जिल्लाहरु .मोरङ’सुनसरी’ बारा’ रुपन्देही’ कपिलवस्तु र बाँके।मा तेस्रो स्थानमा छ।

२ जिल्लाहरु . कपिलबस्तु र बाँके। मा पहिलो स्थानमा र अन्य २ जिल्लाहरु .दाङ र बर्दिया। मा तेस्रो स्थानमा रहेका अवधी भाषाभाषीहरु पश्चिमी तराईका जिल्लाहरुमा छन्।उर्दू तराईको रौतहटमा दोस्रो स्थानमा छ भने २ जिल्लाहरु.धनुषा र महोत्तरी। मा तेस्रो स्थानमा छ। राजवंशी तराईको झापामा दोस्रो स्थानमा छ।यसका केही भाषाभाषीहरु मोरङमा पनि छन्।

तराईमा तामाङ ३ जिल्ला .सर्लाही’ चितवन र पर्सा।मा’ लिम्बू झापामा र मगर नवलपरासीमा तेस्रो स्थानमा रहेका छन्।सुनसरी र मोरङ जिल्लामा पनि लिम्बू भाषाभाषी उल्लेख्य मात्रामा पाइन्छन्।यस बाहेक धिमाल झापा र मोरङमा’ सतारसन्थाल झापामा’ झाँगड मोरङमा’ दरै चितवन र नवलपरासीमा’ दनुवार धनुषा र सर्लाहीमा’ बंगाली झापा र मोरङमा’ राजी कैलाली र कञ्चनपुरमा’ मेचे झापामा र कुमाल नवलपरासीमा अनि माझी रौतहट र सर्लाहीतिर बोलिने भाषाहरु हुन्।मारवाडी भाषाभाषीहरु पनि तराईका सहरी क्षेत्रमा केही मात्रामा भेटिन्छन्।

राष्ट्रिय र क्षेत्रीयस्तरमा देखा परेका भाषिक विविधता जिल्लास्तरमा पनि पाइएको छ।खास गरेर सहरी क्षेत्र र तराईको उत्तरी भेगमा यस स्थितिको जटिलता बढी मात्रामा भेटिन्छ।यसका मुख्य कारणहरु बसाइँसराइ’ रोजगारीको अवसर’ आवागमनको सुविधा’ नेपालमा विद्यमान बहुभाषिक समुदायको बसोबास आदि हुन सक्छन्। उल्लिखित जिल्लाहरुमा बहुसङ्ख्यक भाषाका साथै अल्पसङ्ख्यक भाषाहरु पनि बोलिने हुनाले अल्पसङ्ख्यक समुदायको हितलाई पनि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। भाषिक विविधताबाहेक पहाडी र हिमाली क्षेत्रका केही जिल्लाहरुमा एउटै अथवा दुईवटा भाषाको मात्र प्रचलन भएको पाइन्छ।

## १.३ बहुभाषिकता

नेपाली समाजमा रहेको भाषिक विविधताले गर्दा विभिन्न भाषाभाषीहरुबीच विचारको पारस्परिक आदानप्रदान सुगम नहुन सक्छ तर नेपालमा यथार्थ भाषिक स्थिति यस भन्दा भिन्न किसिमको देखिन्छ।कुनै विश्वसनीय अध्ययनको अभावमा निश्चित रुपले केही भन्न गाह्रो भए तापनि यस सम्बन्धमा दुई प्रकारका प्रवृत्तिहरुलाई औंल्याउन सकिन्छ।

पहिलो तराई क्षेत्रमा पूर्वमा मेचीदेखि पश्चिम महाकालीसम्म बोलिने भाषाहरु .राजवंशी' मैथिली'भोजपुरी' अवधी आदि॰ बोधगम्यताको दृष्ट्रिकोणले अविच्छिन्न रुपले सम्बद्ध भएका देखिन्छन्। अर्थात कुन ठाउँमा एउटा भाषाको अन्त हुन्छ र अर्को भाषाको सुरुवात हुन्छ भन्ने कुरा निश्चित गर्न गाह्रो हुन्छ।यसै कारणले तराई क्षेत्रका कुनै दुई निकटवर्ती ठाउँका बासिन्दाहरु एकअर्काका बोली सजिलैसँग बुझ्न सक्छन्।निकटतम दूरीमा यस्तो भए पनि ठाउँको दूरी जतिजति बढ्दै जान्छ उतिउति बोली बुझ्नमा कमी आई सम्प्रेषणमा कठिनाई बढ्दै जान्छ।फलस्वरुप दुई भाषामा अन्तिम दूरीमा रहने बासिन्दाहरुबीच सम्प्रेषण हुन कठिन हुन्छ। यस्तो स्थितिमा तराईमा खास गरेर शिक्षित वर्गले हिन्दीलाई सम्पर्क भाषाको रुपमा प्रयोग गरेको पाइन्छ।मेची देखि महाकाली सम्म तराई भेग र भित्री मधेसमा बोलिने थारु भाषाको सम्बन्धमा पनि यस्तै क्रम पाइन्छ।

सम्प्रेषणका दृष्टिकोणले हिमाली र पहाडी क्षेत्रहरुमा पनि नेपालीका विभिन्न भाषिकाहरुबीच तराईमा बोलिने विभिन्न भाषाहरुसरह अन्तर्सम्बन्ध रहेको पाइन्छ तर यी क्षेत्रहरुमा बोलिने बढी भिन्नता भएका भोट꞉बर्मेली परिवारका भाषाहरुका वक्ताहरुबीच आफ्ना मातृभाषाको माध्यमबाट सम्प्रेषणको क्रम विच्छेद भएको स्थिति पाइन्छ।यस्तो स्थितिमा यी भाषाभाषीहरुले सामान्यतः सम्पर्कभाषाको रुपमा नेपालीको प्रयोग गरेको पाइन्छ।

यस प्रकार बहुभाषिकता नेपाली समुदायको वास्तविकता हो।सम्पर्क भाषा बाहेक अधिकांश गैर नेपाली भाषाभाषीहरु अरु विभिन्न प्रयोजन. शिक्षा' अध्ययन' प्रशासन' प्रकाशन आदि॰ का लागि नेपालीलाई दोस्रो भाषाको रुपमा सिक्ने गर्दछन्।फलस्वरुप बहुभाषिकता नेपाल अधिराज्यको अधिकांश भागमा दैनिक जीवन चलाउन एक आवश्यकता भइसकेको छ।

## १.४ बहुभाषिकताको परिणाम

नेपालमा विद्यमान बहुभाषिक स्थितिले एक वा एकभन्दा बढी भाषाहरुमाथि विभिन्न किसिमको प्रभाव पारेको देखिन्छ। तीमध्ये प्रसारण(Convergance) स्थिति धेरै भाषाहरुमा पाइन्छ। यस प्रक्रियाद्वारा कुनै भाषिक विशेषता एक भाषाबाट अर्को भाषामा सर्छ।फलस्वरुप एउटै भाषामा विभिन्न भाषाहरुको सम्पर्कको कारणले भिन्नता देखिन्छ।यसै कारणले मनाङको गुरुङ भाषा (मनाङ्वा) कास्की र लमजुङको भन्दा फरक छ।त्यस्तै तराईमा बोलिने नेपाली पहाडी क्षेत्रमा बोलिने नेपालीभन्दा शब्दभण्डार र संरचनाका दृष्टिले केही भिन्न छ।

बहुभाषिकताको अर्को उल्लेख्य परिणामको रुपमा भाषाको लोप पनि नेपालमा देखिएको छ।धेरै जातजातिले अर्को भाषा सिक्नेबोल्ने क्रममा आफ्नो मातृभाषा बिस्तारै

बिर्सेरछाडेर अर्को भाषालाई मातृभाषाका रुपमा ग्रहण गरेका छन्।खास गरेर नेपाली भषाभाषीहरुको बाहुल्य भएका पहाडी क्षेत्रमा बसोबास गरेका र बसाइँ सरेका अल्पसङ्खयक भाषाभाषीहरुले नेपालीलाई मातृभाषाका रुपमा ग्रहण गरेको पाइन्छ। यस सन्दर्भमा दशवटा राई भाषाहरुको लोप भइसकेको र अन्य बाह्रवटा राई भाषाहरु लोप हुने स्थितिमा पुगिरहेको कुरा निसी.१९९२ इ॰ ले उल्लेख गरेका छन्। साथै कुसुण्डा भाषा प्रायः लोप भइसकेको ठानिएको छ।लोप हुने स्थितितिर नेपालमा अन्य अल्पसङ्ख्यक भाषाहरु पनि लाग्न थालेका छन्।दुरा भाषा एउटा यसको ज्वलन्त उदाहरण हो।यी भाषाहरुको लोप हुनुअघि एउटा छिटोछरितो अध्ययनको माध्यमबाट यिनको पहिचान गरी संरक्षण र अभिलेखन गर्ने कार्यक्रमको नितान्त खाँचो देखिन्छ।

### १.५ जातजातिगत स्थिति र भाषा

#### १.५.१ जातजातिको वर्गीकरण

नेपालमा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्छन्।यिनीहरु हिमाली, पहाडी र भित्री मधेश तथा तराईका क्षेत्रहरुमा वितरित छन्।मूलतः ठाउँका आधारमा यिनीहरु हिमाली, पहाडी र मधेसीका रुपमा चिनिन्छन्। २०४८ को जनगणनामा यस अघिका जनगणनाका अपेक्षा जातजातिको स्पष्ट रुपमा उल्लेख भएको पाइन्छ।उक्त जनगणनामा हिमाली, पहाडी र मधेसी गरी नेपालमा बसोबास गर्ने जातजातिहरुको जम्मा सङ्ख्या ६० देखाइएको छ।

सेर्पा, थकाली, भोटे र ब्यासीहरु हिमाली जातिका रुपमा चिनिन्छन्।पहाडी जातिहरुमा मगर, तामाङ, राई, गुरुङ, लिम्वू, सुनुवार, चेपाङ, थामी, थकाली, जिरेल, लाप्चे (लेप्चा) का साथै जातले चिनिने क्षेत्री, बाहुन, कामी दमाई, सार्की, सन्यासी, बादी, चुरौटे र गाइने पर्दछन् भने नेवारहरु पहाडी जात र जाति दुवै दृष्टिले चिनिन्छन्।

भित्री मधेसमा बस्ने जातिहरुमा कुमाल, माझी, दनुवार, दरै, बोटे, राउटे, राजीलाई मानिन्छ।यिनीहरुको मूल बस्ती भित्री मधेस मानिए पनि बसाइँसराइको प्रवृत्ति वा अन्य कारणले पहाडी क्षेत्र र कतै तराई(मधेस)मा पनि यिनीहरु बसेका देखिन्छन्।

तराई क्षेत्रका जातले चिनिनेहरुमा यादव, तेली, चमार, बनिया, दुसाध, मल्लाह, कानू, धोबी, धानुक, खत्वे, कायस्थ, कुम्हार, राजपुत, हलुवाई, मारवाडी, राजभाट, कुसबाहा, बाहुन(तराई), सुडी, कलवार, कुर्मी, मुसहर, केवट गरी २२ जात उल्लेख छन्। यस क्षेत्रमा जातिका रुपमा मानिनेहरुमा थारु, राजवंशी, सतार, गन्गाई(गणेश), झाँगड, धिमाल र मेचेहरु हुन्।मुसलमान, सिखजस्ता धार्मिक आधारमा जाति र स्थानगत आधारका बङ्गालीहरुको पनि बसोबास तराईमा रहेको छ।

उक्त जातजातिहरुमध्ये कतिपयको बसोबास पूर्व-पश्चिमका धेरैजसो क्षेत्रमा फैलिएको छ भने केहीको बसोबास खास क्षेत्र वा जिल्लामा मात्र सीमित रहेको देखिन्छ। जातिका

रुपमा चिनिनेहरुका तुलनामा प्रायः जातले चिनिनेहरुको बसोबास धेरै जिल्ला वा क्षेत्रमा फैलिएको पाइन्छ।जस्तै पहाडी क्षेत्रमा क्षेत्री, बाहुन, दमाई, ठकुरी, सन्यासी आदि र तराई क्षेत्रमा यादव, तेली, चमार, कुसवाहा आदि यस्ता वर्गमा पर्दछन्।

यस्तै २०४८ को जनगणनामा स्पष्ट उल्लेख नभएका पहाडी जातजातिहरुमा पहरी, हायु, दुरा, भुजेल, घर्ती, कुसुन्डा हुन् भने तराईका जातजातिहरुमा बढई, लोहार, कोइरी आदि हुन्।

१.५.२ जातजाति र मातृभाषा

नेपाल विभिन्न जातजातिहरुको देश हो।भाषागत विविधताका साथै जातजातिगत विविधता पनि यसको प्रमुख विशिष्टता हो।जातजाति र तिनीहरुको प्रयोग गर्ने मातृभाषाहरुबीचको सम्बन्धलाई विचार गर्दा मुख्यतः निम्नलिखित पाँच स्थितिलाई औंल्याउन सकिन्छः

क) एक जाति र एक भाषा

प्रत्येक जातिले भिन्नाभिन्नै भाषा प्रयोग गर्ने स्थितिमा जातिहरु र भाषाहरुको सङ्ख्यामा समानता रहनु स्वभाविक छ।नेपालमा मगर, थारु, तामाङ, गुरुङ, लिम्बू, सेर्पा, राजवंशी, सुनुवार, कुमाल, माझी, दनुवार, चेपाङ, थामी, थकाली, भोटे, धिमाल, दरै, लोप्चे(लेप्चा), व्यासी, राउटे, राजी आदि जातिका आ-आफ्नै बेग्लाबेग्लै भाषा छन्। उक्त स्थितिमा यिनीहरुका बीच एक जाति र एक भाषाको सहसम्बन्ध कायम रहेको देखिन्छ त्यसैले यस किसिमको सम्बन्ध दर्साउने भाषाहरुलाई जातीय भाषा भन्न सकिन्छ।

ख) एक जाति र अनेक भाषा

सामान्यतः एउटै जातिका रुपमा चिन्ने भए पनि सो जातिअन्तर्गत पर्ने मानिसहरुले विभिन्न भाषाहरु बोल्ने स्थिति पनि हामीकहाँ विद्यमान छ।त्यस्तो जाति हो राई किराती र त्यस्ता भाषाहरु हुन्- वान्तवा, चाम्लिङ, थुलुङ आदि। यद्यपि यिनलाई भिन्नभिन्न जातिका भिन्नभिन्न भाषा मान्न पनि सकिएला तर भाषाहरु भिन्नाभिन्नै बोले पनि राई समुदायका रुपमा चिन्ने-चिनाउने प्रचलन रहेकाले राईलाई जाति र यिनीहरुले प्रयोग गरेका भाषाहरुको भिन्नतालाई दृष्टिमा राखेर तिनलाई अनेक भाषाका रुपमा लिन सकिन्छ।

ग) अनेक जात र एक भाषा

नेवार समुदाय धेरै जातसँग सम्बन्धित भए पनि एउटै नेवारी भाषा बोल्नेहरुको समुदाय हो त्यसैले जात वा उपसमुदायहरुमा विभक्त नेवारहरु एउटै भाषामा आबद्ध रहेका छन्।

घ) एउटै जातजाति र अनेक भाषा

एउटै जातजातिका मानिसहरु भिन्नभिन्न भाषिक क्षेत्रमा रहँदा सोही क्षेत्रको भाषा प्रयोग गर्ने गरेको पनि पाइन्छ।आफ्नो जात तथा जातित्वको आधारमा भाषाहरु लिने प्रवृत्ति तराईमा बस्ने धैरैजसो बासिन्दाहरुमा भेटिँदैन। तराईका भिन्नभिन्न जातिहरु (जस्तैः यादव, तेली, कुर्मी, कुसबाहा, चमार आदि) मैथिली क्षेत्रमा मैथिलीभाषी, भोजपुरी क्षेत्रमा भोजपुरी भाषी र अवधी क्षेत्रमा अबधीभाषीका रुपमा चिनिन्छन्। यसरी तराईमा जातित्वका आधारमा भाषाको पहिचान केही कम रहेको देखा पर्छ।

ङ) अनेक जातजाति र एक भाषा

नेपाली भाषा अनेक जात( क्षेत्री, बाहुन, कामी, दमाई, ठकुरी, सार्की, सन्यासी आदि)को मातृभाषा भएकाले यो अनेक जातको भाषा हो।साथै यसलाई मातृभाषाका रुपमा व्यवहार गर्ने मगर, गुरुङ, राई, लिम्बू, नेवार आदि अनेक जातिको समेत भाषा भएकाले यसलाई अनेक जातजातिको भाषा भन्न सकिन्छ। भिन्नभिन्न जातजातिका बीचको सम्पर्कको भाषाका रुपमा प्रयोग हुने हुनाले यस भाषालाई “अन्तर्जातीय भाषा” भन्न पनि सकिन्छ।

**१·६ लेख्य परम्परा, साहित्य र साक्षरता**

नेपालका धैरैजसो भाषाहरु अहिलेसम्म पनि कथ्य.मौखिक० परम्परामा मात्र सीमित छन्। लेख्य परम्परा भएका भाषाहरुमा नेपाली , नेवारी, मैथिली, लिम्बू, भोजपुरी र अवधी आदिलाई लिन सकिन्छ। अन्य केही भाषाहरु भरखरै लेख्य परम्पराको खुट्किलामा उक्लँदैछन्।यस्ता भाषाहरुमा थारु, तामाङ, मगर, गुरुङ र राई समुदायका भाषाहरुमध्ये थुलुङ, बान्तावा, चाम्लिङ, खालिङ, कुलुङ आदि हुन्।

लेख्य परम्परा भएका भाषाहरुमध्ये नेपाली भाषा साहित्यका दृष्टिले विकसित र सम्पन्न भाषाहरुमध्ये मानिन्छ। यस भाषामा सामान्य शैक्षिक प्रयोगका लागि आवश्यक पूर्वाधारहरु तयार भइसकेका हुनाले उक्त दृष्टिले यसमा विशेष प्रयासको खाँचो नहुन सक्छ तर नेपाली राष्ट्रभाषाका साथै सरकारी कामकाजको समेत भाषा भएकाले त्यस्तो भूमिका निर्वाह गर्नका लागि आवश्यक हुने विकासको यसमा पनि जरुरत पर्छ। नेवारी र मैथिली भाषाहरु पनि लेख्य परम्परा र साहित्यका दृष्टिले विकसित भाषा मानिन्छन्। ऐच्छिक विषयका रुपमा माध्यमिक तहदेखि स्नातकोत्तरसम्म पठनपाठन हुने व्यवस्था भइसकेका यी भाषाहरुलाई शैक्षिक प्रयोगका दृष्टिले सामान्य पूर्वाधार रहेका भाषाका रुपमा लिन सकिन्छ।

सिक्किममा उच्चमाध्यमिक तहसम्म पठनपाठनको व्यवस्था भएको लिम्बू भाषा हाल स्वदेशमा भएका भाषिक तथा साहित्यिक गतिविधिबाट पनि शैक्षिक प्रयोगका लागि सामान्य पूर्वाधार बनाउन सक्षम रहेको देखा पर्छ।यस्तै भोजपुरी र अवधी भाषामा पनि

विभिन्न साहित्यिक रचनाको उपलब्धतालाई हेर्दा यिनलाई शैक्षिक दृष्टिले पूर्वाधार भएका भाषाका रुपमा लिन सकिन्छ।

थारु, तामाङ, मगर र गुरुङ भाषामा लेख्य परम्परा सुरु भएको धेरै नभए तापनि यी भाषाको विकासमा सम्बन्धित भाषाभाषीहरुको अभिरुचि तथा जागरुकता केही वर्षयता निकै बढेको पाइन्छ।साथै साहित्य लेखन तथा प्रकाशनका गतिविधिमा पनि निकै अग्रसरता देखिएकाले यिनको शैक्षिक प्रयोगको सम्भावना स्पष्ट हुन थालेको छ।यस्तै राईसमूहका भाषाहरुमध्ये बान्तावा, थुलुङ, चाम्लिङ, खालिङ, कुलुङ आदिमा पनि केही भाषिक तथा साहित्यिक गतिविधि बढ्न थालेको छ।साथै सेर्पा र थकाली भाषामा पनि उक्त गतिविधिमा अग्रसरता देखिएको छ।

२०४८ को जनगणनामा हिन्दी, उर्दू, भोटे(लामा/तिब्बती), अंग्रेजी आदि भाषाहरुको समेत उल्लेख पाइन्छ।यी भाषाहरु साहित्यसम्पन्न मानिन्छन्।

उल्लिखित भाषाहरुका साथै नेपालका अन्य भाषाहरुमा पनि क्रमशः आफ्नो मातृभाषाप्रतिको सचेतता बढ्दै जाने देखिएको छ।यस कुरालाई ध्यानमा राखेर नेपालका सबै मातृभाषीहरुको चाहनाअनुरुप आ-आफ्ना मातृभाषाका माध्यममा प्राथमिक शिक्षाको व्यवस्था गर्दै जानु पर्ने हुन्छ।

सबै भाषाको विकासको गति र स्तर समान किसिमको हुँदैन। भाषाको विकासको गतिलाई तीव्र बनाउन सम्बन्धित भाषाभाषीहरुमा शैक्षिकस्तरको विकास र भाषिक प्रतिबद्धताको ठूलो महत्व रहन्छ। भाषाभाषीहरुमा जति शिक्षित तथा साक्षरहरुको संख्या बढदै गयो उति सम्बन्धित भाषाको उन्नति र प्रगतिमा योगदान पुग्न सक्छ।आफ्नो भाषामा शिक्षितहरु बढे भने त्यसमा उनीहरुले सम्बन्धित साहित्यिक गतिविधिमा भाग लिई भाषाको अभिवृद्धिमा सघाउन सक्छन् भने साक्षरहरुको सङ्ख्या बढेमा सो भाषामा लेखिएका पाठ्यसामग्रीहरुका लागि पाठकहरु पनि बढ्दै जाने हुन्छन् तर नेपालमा कतिपय भाषभाषीहरु यस्ता पनि छन् जो गरिबी र निरक्षरताको जीवन गुजारिरहेका छन्।जबसम्म तिनीहरुलाई उक्त निम्नतम जीवनस्तरबाट उकास्न सकिँदैन तबसम्म तिनीहरुमा आफ्नो भाषा-संस्कृतिको जगेर्ना गर्न सक्ने क्षमता र जागरुकता कमै विकसित हुन सक्छ। यसरी शिक्षित तथा साक्षरहरुको सङ्ख्याको अभिवृद्धिमा आर्थिक कुरा पनि निर्णायक हुन आउँछ।हाल साक्षरताको प्रतिशत बढी भएका भाषाभाषीहरुमा आफ्नो भाषा-संस्कृतिको विकास प्रतिको जागरुकतामा विशेष वृद्धि हुनु र साक्षरताको प्रतिशत कम भएका भाषाभाषीहरुमा चाहिँ उक्त जागरुकताको असर कम देखिनुबाट पनि यस कुराको पुष्टि हुन्छ।

# २ राष्ट्रिय भाषाहरुको विकास र संरक्षण

## २·१ पृष्ठभूमि

भाषालाई एउटा सामाजिक सम्पदाको रुपमा लिन सकिन्छ।यस स्रोतको सही परिचालनबाट राष्ट्रिय संस्कृतिको संरक्षण र सम्बर्द्धनका साथै शिक्षामा सुगमता र लोकप्रियता बढ्न सक्छ। यसअतिरिक्त विभिन्न भाषिक समुदायहरुबीच सम्पर्क अभिवृद्धि भई राष्ट्रिय सद्भाव तथा एकताको भावनामा प्रोत्साहन मिल्ने हुन्छ।भाषिक सम्पदा तथा स्रोतको पूर्ण क्षमताको उपयोगका निम्ति राष्ट्रिय विकाससम्बन्धी अन्य कार्यक्रमहरु सरह भाषाविकास पनि योजनाबद्ध रुपमा गर्नु अति आवश्यक देखिन्छ।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि राष्ट्रले भाषाविकाससम्बन्धी उक्त किसिमको प्रक्रिया अवलम्बन गर्ने नीति लिएको तथ्य नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६.२मा उल्लिखित तलको उदाहरणबाट छर्लङ्ग हुन्छः

*विभिन्न धर्म,जात,जाति, सम्प्रदाय र भाषभाषीहरुका बीच स्वस्थ एवम् सुमधुर समाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।*

यस संवैधानिक प्रावधानअन्तर्गत नेपालका सबै भाषाहरुको विकासलाई राष्ट्रिय .भाषा॰ नीतिको एक पक्षको रुपमा अँगालिएको कुरा प्रष्ट छ।

कुनै पनि समुदायमा भाषिक विकाससम्बन्धी नीतनिर्माण गर्नु एउटा जटिल र बहुआयामिक प्रक्रिया हो।तसर्थ यस प्रक्रियामा सम्बन्धित विभिन्न पक्षहरुलाई समेट्ने प्रयास गरिएको छ।सर्वप्रथम सामाजिक भाषा विज्ञानमा प्रतिपादित सिद्धान्तहरुलाई .हौगन, ई· फर्गुसन १९६८, न्युट्स्पसी १९७०, फिमसन, १९७४॰ भाषाविकासका निम्ति सैद्धान्तिक अवधारणाका रुपमा ग्रहण गरिएका छन्। यसअतिरिक्त नेपालका भाषाहरुसम्बन्धी जनगणनातथ्याङ्कलाई अर्को आधिकारिक विकल्पका अभावमा पूर्णतः विश्वसनीय नभए तापनि प्रयोग गरिएको छ। भाषाविकास भाषिक प्रक्रिया मात्र नभई सामाजिक र मनोवैज्ञानिक प्रक्रिया पनि भएकाले विभिन्न समुदायहरुको भाषिक अभिवृत्तिसम्बन्धी तथ्यमाथि पनि भाषाविकासको नीति तर्जुमा गर्दा यथासम्भव ध्यान पुऱ्याइएको छ।

## २·२ प्रक्रिया

राष्ट्रिय भाषाहरुको विकासका निमित्त तल दिइएका पाँच चरणहरु अपनाउनु आवश्यक देखिन्छः

१. राष्ट्रिय भाषाहरुको पहिचान तथा निर्धारण गर्ने,
२. निर्धारित गरिएका भाषाहरुको संरचनागत योजना (Corpus Planning)तर्जुमा गर्ने,
३. ती भाषाहरुको स्तरगत योजना(Status Planning)तर्जुमा गर्ने,

४. लोपवान् भाषाहरुको संरक्षणका लागि कार्यक्रम तर्जुमा गर्ने र
५. तर्जुमा गरिएको योजनालाई कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।

**२·२·१ राष्ट्रिय भाषाहरुको पहिचान तथा निर्धारण**

माथि उल्लेख भएअनुसार नेपालका सबै राष्ट्रिय भाषाहरुको विकास गर्ने संवैधानिक प्रावधान छ।तर यो प्रक्रिया आरम्भ गर्नुअघि नेपालका कुन कुन भाषा राष्ट्रिय भाषाहरु.मातृभाषाहरु॰ हुन् भन्ने कुराको पहिचान र निर्धारण पहिलो आवश्यकताको रुपमा देखिन्छ। यसनिमित्त कुनै वस्तुपरक र विश्वशनीइ भाषिक सर्वेक्षण नहुन्जेलसम्म हालका लागि केही सुधारसहित केन्द्रीय तथ्याङ्क विभागबाट तयार पारिएका प्रतिवेदनहरुलाई नै आधार मान्नु पर्ने बाध्यता देखिन्छ।यी प्रतिवेदनहरु.२००९-११ देखि २०४८॰ का आधारमा नेपालमा बोलिने भाषाहरुको परिवारगत विवरण खण्ड १·१ मा प्रस्तुत गरिएको छ।

**२·२·२ राष्ट्रिय भाषाहरुको संरचनागत योजना**

**क मानकको चयन**

भौगोलिक तथा समाजिक भिन्नताका कारणले प्रत्येक भाषाका भाषिकाहरु हुन्छन्। तर ती भाषाको विकास गर्दा कुनै खास एक भाषिकालाई मानकका रुपमा चयन गर्नु पर्ने हुन्छ।मानकको चयन गर्नुभन्दा अगाडि सम्बद्ध भाषाका भाषिकाहरुबीचको तुलनात्मक अध्ययनको आवश्यकता पर्छ।यी भाषिकाहरुबीच कम अन्तर भएमा मानकको चयन सजिलैसंग गर्न सकिन्छ। यस सन्दर्भमा शिक्षित वर्गले बोल्ने.सम्भव भएमा लेख्य परम्परा भएको॰ स्तरीय भाषिकालाई मानकको रुपमा चयन गरी सरलीकृत रुपमा विकसित गर्दै लैजानु पनि एउटा विकल्पका रुपमा देखिन्छ किनभने त्यस्तो भाषिकामा प्रशस्त शब्दभण्डारका साथै त्यसका व्याकरणमा पनि बढी नियमितता देखिन्छ तर कुनै भाषाका स्थानीय भाषिकाहरुबीच ठूलो अन्तर भएमा मध्यवर्ती भाषिका.Central Dialect) लाई मानकको रुपमा चयन गर्न उपयुक्त देखिन्छ।

**ख) लेखनपद्धति**

**अ लिपि**

लिपिको परिप्रेक्षमा नेपालका राष्ट्रिय भाषाहरुलाई हेर्दा अधिकांश भाषाहरु देवनागरी लिपिमा लेखिने गरिएको पाइन्छ।नेपाली भाषा देवनागरी लिपिमा सरकारी कामकाजको भाषा हो। मैथिली भाषाको आफ्नै प्राचीन लिपि छ जसलाई मिथिलाक्षर वा तिरहुता लिपि भनिन्छ तर देवनागरी लिपि भएको हिन्दी भाषाको मैथिली भाषभाषीमाथि परेको अत्यधिक प्रभाव र देवनागरी लिपिमा मुद्रणको सुलभताले गर्दा अचेल मैथिली भाषा देवनागरी लिपिमै लेखिन्छ र यस भाषाको प्रकाशन यसै लिपिमा हुन्छ। नेवारी भाषाका कतिपय प्राचीन ग्रन्थहरुमा भुजिमोल तथा रञ्जना आदि लिपिको प्रयोग देखापरे तापनि अधिकांश ग्रन्थमा चाहिँ प्रचलित नेवारी लिपिकै प्रयोग पाइन्छ तर अचेल यो भाषाले पनि देवनागरी लिपि नै

अँगालेको छ।भोजपुरी भाषाले पनि आफ्नो कैथी.मिथिलाअक्षर जस्तै॰ लिपि त्यागेर देवनागरी लिपिलाई ग्रहण गरेको पाइन्छ।यसबाहेक लिम्बू किराँती .सिरिजंगा॰ लिपिमा, लाप्चे भाषा रोङ.लाप्चे॰ लिपिमा, खास गरेर धार्मिक सांस्कृतिक ग्रन्थहरुमा तामाङ, सेर्पा आदि भाषाहरु लामा.तिब्बती॰ लिपिमा लेखिन्छन्। हालै मगर भाषामा आक्खा लिपिलाई मगर भाषाको आफ्नो लिपि हो भनी प्रयोगमा ल्याउने प्रयास भएको पाइन्छ तर आधुनिक समयमा नेपालका धैरैजसो भाषाहरुमा देवनागरीको प्रयोग गर्ने प्रवृत्ति देखा परेको छ। अवधी र थारु देवनागरीमा नै लिपिबद्ध छन्। यसबाहेक राई समूहका भाषाहरु तथा राजवंशी, दनुवार, चेपाङ, दरै, माझी, कुमाल भाषाहरुलाई देवनागरी लिपिमा लिपिबद्ध गर्ने प्रयास भएको पाइन्छ।लिपिका सन्दर्भमा नेपालमा बोलिने भाषाहरुको उपर्युक्त असमान स्थितिमाथि विचार गर्दा सबै भाषाहरुको लिपिमा एकरुपता भएमा निम्नलिखित फाइदा हुन सक्छन्ः

१ नेपाल जस्तो बहुभाषिक समुदायमा बसोबास गर्ने व्यक्तिहरुलाई अरु भाषाभाषीसँग सम्प्रेषण र सम्पर्कका लागि आफ्नो मातृभाषाबाहेक अन्य भाषाहरु सिक्नु उनीहरुको दैनिक जीवनको सामान्य आवश्यकता हो।यस्तो स्थितिमा विभिन्न भाषाहरुको लिपिमा एकरुपता भएमा मातृभाषाका अतिरिक्त अरु भाष सिक्नमा केही सहुलियत हुन सक्छ किनभने कुनै नयाँ भाषा सिक्नका निमित्त छुट्टै अर्को लिपि सिकिरहनु पर्दैन।

२ संविधानको धारा १८.२॰ अनुरुप प्रत्येक समुदायका बालबालिकाहरुलाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्‌यालय सञ्चालन गर्न सकिने व्यवस्था छ। त्यसपछि राष्ट्रभाषा पनि सिक्नु पर्ने हुँदा यस्तो सङ्कमणीय द्‌विभाषिक शिक्षा(Transitional Bilingual Education) को सन्दर्भमा विभिन्न मातृभाषाहरु र राष्ट्रभाषा दुवैको लिपि समान भएमा शिक्षा हासिल गर्न सहुलियत हुने कुरा प्रष्ट देखिएको छ।

भाषावैज्ञानिक र अरु व्यावहारिक सुविधानका दृष्टिकोणले भाषाहरुका निमित्त देवनागरी लिपिको प्रयोग बढी उपयुक्त देखिए तापनि यस सम्बन्धमा सम्बद्ध भाषाभाषीहरुको समाजिक तथा मनोवैज्ञानिक अभिवृद्धिमाथि विभार गर्नु अति नै प्रासङ्गिक देखिन्छ किनभने यी भाषाभाषीहरुको इच्छाविपरीत लिपिको चयन गरिएमा त्यसको सफल कार्यान्वयन गर्न गाह्रो हुनेछ।लिपिको चयनका सम्बन्धमा यस किसिमका विचार देखा पर्दछन्ः

१ एकरुपता, भाषसिकाइमा सहजता आदि दृष्टिकोणले नेपालका भाषाहरुमा देवनागरी लिपिको प्रयोग हुनु पर्ने,

२ नेपालका सबै भाषाहरुमा देवनागरी लिपिको प्रचलन हुनु पर्ने तर कुनै भाषाको परम्परागत लिपिलाई सांस्कृतिक धरोहर मानी संरक्षण गरिनु पर्ने,

३ परम्परागत लिपि भएका भाषाहरुको आफ्नै लिपिलाई बढी उपयुक्त बनाई प्रचलनमा ल्याउनु पर्ने।

**आ॰ वर्णमाला**

देवनागरी लिपिमा प्रचलित वर्णमालाका माध्यमले र भाषाशिक्षणमा सरलता ल्याउने दृष्टिकोणले केही सुधारको आवश्यकता देखिन्छ। संस्कृत भाषाको ध्वनिप्रणालीमा आधारित यो वर्णमाला नेपालमा बोलिने भाषाको ध्वनिप्रणालीसँग पूर्ण रुपमा मेल खाने नदेखिएकाले नेपालमा राष्ट्रिय भाषाका सबै ध्वनितत्वको प्रतिनिधित्व गर्न नसक्ने हुँदा यसलाई नेपालमा बोलिने भाषाहरुको ध्वनिप्रणाली अनुकुल बनाउनु उपयुक्त हुन्छ।यस सम्बन्धमा दुई किसिमको प्रक्रिया अपनाउनु पर्नु देखिन्छः

१ कुनै भाषाको ध्वनिलाई प्रतिनिधत्व गर्ने वर्णमात्र कायम राख्ने,

२ कुनै ध्वनिलाई प्रतिनिधित्व गर्ने वर्ण नभएमा त्यस्तो ध्वनिलाई प्रतिनिधित्व गर्ने नयाँ वर्ण अथवा उपयुक्त मात्राचिन्ह(Diacritic) थप्ने।

यसरी कुनै भाषाको बोलाइ र लेखाइका बीचको अन्तर हटाउने प्रयसबाट मातृभाषाशिक्षणमा मात्रै नभएर दोस्रो भाषा शिक्षणमा पनि सहयोग हुनेछ। यस प्रयासका निमित्त नेपालका विभिन्न राष्ट्रिय भाषाहरुको ध्वनिप्रणालीको अध्ययन गरी त्यसमा आवश्यकता अनुरुप माथि उल्लिखित सुधार गर्नु आवश्यक देखिन्छ। यी प्रक्रियाहरुलाई अँगाल्दा कुन कुरा निश्चित देखिन्छ भने विभिन्न भाषाहरुले प्रयोग गर्ने वर्णमालामा धेरै हदसम्म एकरुपता भए पनि ध्वन्यात्मक भिन्नताले गर्दा केही असमान रहने स्पष्ट छ।

**इ हिज्जे**

वर्णमालाको ध्वनीकरण (Phoneticization) पछि स्वभाविक रुपले हिज्जेमा परिवर्तन आउन सक्छ। फलस्वरुप कुनै भाषाका शब्दहरुको उच्चारण र हिज्जेबीच समानता आउनेछ। यसबाहेक हिज्जेमा अस्थिरता पनि भाषाको विकास वा मानकीकरण/स्तरीकरणको क्षेत्रमा एउटा ठूलो बाधकका रुपमा देखिएको छ।नेपालका भाषाहरुमा सबभन्दा बढी समृद्ध भए तापनि राष्ट्रभाषा नेपाली पनि यसबाट मुक्त छैन।यस समस्याको समाधानका लागि भाषाका लेख्य र मौखिक रुप बीचको अन्तरलाई कम पारी हिज्जेमा एकरुपतातिर लैजाने प्रयास गर्नु पर्ने खाँचो देखिन्छ।यस सन्दर्भमा सम्बन्धित भाषाहरुका लेखकहरु र शिक्षण तथा मुद्रण पेसामा संलग्न व्यक्तिहरुका साथै पत्रकारहरुको अग्रणी भूमिका रहन्छ किनभने वर्ण र हिज्जेको सुधारबाट यिनीहरु नै सबभन्दा बढी प्रभावित हुनेछन्।

**ग॰ शब्दभण्डार**

प्रायः हरेक भाषामा आफ्नो समुदायसँग सम्बन्धित प्रचलित विश्वास, धारणा आदिलाई व्यक्त गर्न यथेष्ट शब्दभण्डार रहेको पाइन्छ र नयाँ अनुभवलाई व्यक्त गर्ने प्रयास गर्दा पुराना शब्दहरुको अर्थमा परिवर्तन हुने तथा नयाँ शब्दहरुको प्रयोग हुने गरेको पाइन्छ तर कुनै भाषाको कार्यक्षेत्रविस्तार भएको स्थितिमा स्वाभाविक शब्दभण्डारको विकास मात्र पर्याप्त नभएर यसको योजनाबद्ध विकासको खाँचो पर्छ।

नेपालमा पनि राष्ट्रिय भाषाहरुको संरक्षण र संवर्द्धन गर्ने तथा मातृभाषालाई प्राथमिक तहसम्म शिक्षाको माध्यम बनाउन सकिने सवैधानिक प्रावधान रहेको परिप्रेक्षमा विभिन्न राष्ट्रिय भाषाहरुमा शब्दभण्डारको क्षमतालाई वृद्धि गर्ने उपयुक्त योजनाको तर्जुमा गर्नु पर्ने देखिन्छ तर यस्तो योजनाको तर्जुमा र यसको कार्यान्वयन गर्दा विभिन्न राष्ट्रिय भाषाहरुको भाषिक स्वरुपका साथै समाजिक आवश्यकता र अभिवृत्तितर्फ पनि समुचित रुपमा ध्यान दिनुपर्छ। विगतका वर्षहरुमा विभिन्न देशमा अँगालिएको शब्दभण्डारको विकासयोजना अव्यावहारिक भएकाले असफल सिद्ध भएको पाइन्छ। यस सम्बन्धमा युनेस्को प्रतिवेदन (१९५३इ) मा प्रतिपादित निम्नलिखित मार्गदर्शक सिद्धान्तहरु भाषाहरुका शब्दभण्डारको संवर्द्धनका लागि पनि उपयुक्त हुन सक्छन्ः

१ प्रयोगमा आएका शब्दहरुको अध्ययन गर्ने,

२ मातृभाषामा शब्द उपलब्ध भएमा अथवा मातृभाषाका शब्दको अर्थ विस्तार गरेर नयाँ कुरा व्यक्त गर्न सक्ने स्थित भएमा नयाँ शब्दको अर्थ कृतिम रुपमा निर्माण नगर्ने,

३ शब्दभण्डारको अभिवृद्धिका निमित्त कुनै नयाँ शब्द थप्नुभन्दा अघि उक्त शब्दको तत्कालै अथवा निकट भविष्यमा आवश्यकता छ कि छैन भन्ने कुराको विचार गर्ने,

४ विज्ञान र प्रविधिका क्षेत्रमा पुरै पारिभाषिक शब्दहरु र तिनको निर्माण तथा स्रोतमा नियमितता  कायम राख्ने

५ प्रयोग गरिने भाषाको ध्वन्यात्मक संरचना र व्याकरण व्यवस्थाअनुसार शब्दहरुमा आवश्यक परिवर्तन गर्ने र

६ नयाँ शब्दको चयनपछि त्यसप्रति भाषाभाषीहरुको प्रतिक्रिया जान्ने।

नेपालका राष्ट्रिय भाषामा सुधारिएको लिपि, वर्णमाला, हिज्जे तथा उच्चारणका साथसाथै शब्दभण्डार र यसको प्रयोगमा एकरुपता र स्थिरता ल्याउन शब्दकोशनिमर्माणको ठूलो महत्व छ। एकातिर नयाँ शब्दकोश नर्माण प्रक्रियालाई अपनाउनु पर्ने आवश्यकता छ भने अर्कोतिर नेपाली, नेवारी, मैथिली, लिम्बू आदि भाषाहरुमा निर्माण भइसकेका शब्दकोशहरुको यिने सिद्धान्तका आधारमा परिमार्जन गर्नु पनि जरुरी छ।साथै विभिन्न भाषाभाषीहरुलाई अन्य भाषा सिक्न सहयोग पुर्‍याउने एकभाषीबाहेक द्विभाषिक तथा बहुभाषिक शब्दकोशको निर्माणतर्फ पनि जोड दिनु आवश्यक छ।

**घ॰ व्याकरण**

नेपालका धेरैजसो राष्ट्रिय भाषाहरुको भाषिक स्वरुपमा विविधता हुनाको प्रमुख कारण यी भाषाहरुको लेख्य रुप नहुनु हो। अर्को कारण मानकको रुपमा स्थापित कुनै स्तरीय व्याकरण नहुनु पनि हो। राष्ट्रभाषा नेपाली सरकारी र शैक्षिक माध्यम तथा सम्पर्क भाषाको रुपमा स्थापित भएको र समृद्ध लिखित साहित्य भए पनि यसको लेख्य रुपमा एकरुपता देखिदैन।तसर्थ भाषिक संरचनामा देखिएका अनियमितताको खोजी गरी त्यसलाई नियमित

गरी सम्बन्धित भाषाहरुमा मानक व्याकरण तयार पार्नु उपयुक्त देखिन्छ। नेपाली भाषलाई अन्य भाषाभाषीहरुले पनि दोस्रो वा विदेशी भाषाका रुपमा सिक्ने गर्दछन्।

नेपालका राष्ट्रिय भाषाहरुको व्याकरण तयार गर्दा सर्वप्रथम शैक्षिक प्रयोजनलाई ध्यानमा राखी आधारभूत शैक्षणिक व्याकरण(Pedagogical Grammar)को निर्माण गर्नु बढी उपयुक्त देखिन्छ। नेपाली, मैथिली, नेवारी, भोजपुरी, लिम्बूजस्ता भाषाहरुमा व्याकरण लेख्ने परम्परा स्थापित भइसकेकाले ती भाषाहरुको शैक्षणिक व्याकरणको साथसाथै सन्दर्भ व्याकरण (Reference Grammar) तयार गर्ने क्रम प्रारम्भ हुनु जरुरी छ। यस परिपाटीलाई अरु भाषामा पनि क्रमशः लागू गर्दै जानुपर्छ।कुनै भाषाको सन्दर्भ व्याकरण तयार गर्दा लिखित साहित्यको साथसाथै मौखिक प्रयोग र विभिन्न भाषिकाहरुबाट पनि तथ्यको सङ्कलन गरी त्यस भाषालाई आधुनिक भाषावैज्ञानिक सिद्धान्तका आधारमा विश्लेषण गर्नु आवश्यक हुन्छ।

**२·२·३ राष्ट्रिय भाषाहरुको स्तरगत योजना**

**पृष्ठभूमि**

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६.१० अनुसार देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा मानिएको छ।विगतका संविधानहरु .२०१५ र २०१८० र अन्य कानुनी प्रावधानमा पनि नेपालीले राष्ट्रभाषाको मान्यता पाउँदै आएको कुरा सर्वबिदितै छ।

नेपालीले यस्तो किसिमको मान्यता पाउनु युक्तिसङ्गत नै मानिएको छ किनभने यो भाषा बहुसङ्ख्यकको मातृभाषा, अधिकांश नेपालीहरुको सम्पर्कभाषा हुनाका साथै यसमा समृद्ध लेख्य परम्परा पनि छ। यसबाहेक, धेरैजसो अन्य भाषाभाषीहरुले पनि नेपालीलाई दोस्रो भाषाको रमा प्रयोग गरिरहेका छन्।फलस्वरुप नेपाली सरकारी कामकाजको भाषा हुँदै जानु स्वाभाविकै हो।

तर विगतका वर्षहरुमा नेपालीको प्रयोगक्षेत्र सरकारी काकाजसम्म मात्रै सीमित नराखेर यस भाषालाई प्रायः हरेक क्षेत्रमा प्रयोग गर्ने नीति अवलम्बन गरियो।फलस्वरुप नेपाली सरकारी कामकाजबाहेक शिक्षा, आमसञ्चार तथा रोजगारी आदि क्षेत्रमा एकमात्र माध्यमको रुपमा प्रयोग हुन थाल्यो र यो स्थिति अहिले पनि धेरै हदसम्म जारी रहेको देखिन्छ।

नेपाली भाषालाई यस्तो प्रोत्साहन दिनाको पछाडि के तर्क प्रस्तुत गरियो भने यस किसिमको भाषानीतिको माध्यमबाट राष्ट्रिय एकताको सुदृढीकरणमा बल पुग्नेछ।यसको विपरीत वास्तविकता के छ भने नेपाल एकभाषी राष्ट्र होइन, बरु यो भाषिक विविधता भएको राष्ट्र हो। यस्तो स्थितिमा एउटा भाषाको चयन गरेर यसलाई राष्ट्रका प्रायः सबै सम्प्रेषणीय आवश्यकता पूरा गर्ने भार सुम्पिनु तर्कसङ्गत देखिदैन।

नेपालजस्तो बहुभाषिक समुदायमा कुनै एउटा भाषालाई यस्तो प्रधानता दिइयो भने प्रयोगको अभावमा अन्य भाषाहरु समीति हुँदै जान सक्छन्। अन्य मुलुकहरुमा पनि यस्ता

उदाहरणहरु धेरै पाइएका छन्।यस्तै र केही अन्य कारणले प्रजातन्त्रको पुनर्स्थापनापछि निर्माण गरिएको नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६.२॰मा नेपालका विभिन्न भागमा बोलिने मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरिएको छ। यस संवैधानिक मान्यताबाट नेपाली सरकारी कामकाजको एक मात्र माध्यम निर्धारित भए तापनि नेपालीसहित नेपालका सबै भाषाहरुलाई राष्ट्रिय भाषाको स्थान प्रदान गरेर सबै भाषाहरु र भाषिक समुदायबीच समानता स्थापित गर्ने अभिप्राय प्रष्ट भएको छ। यसै आकाङ्क्षाअनुरुप सबै राष्ट्रिय भाषाको संरक्षण र संवर्द्धन गर्ने अधिकार संविधानको धारा १८.१॰ मा उल्लेख गरिएको छ।

यी विभिन्न संवैधानिक प्रावधानहरुबाट नेपालमा भाषिक विविधताको धारणालाई स्विकारिएको देखिन्छ तर भाषिक विविधताको उपयोग लगायत विभिन्न भाषाहरुको संरक्षण र संवर्द्धन गर्ने कार्य तबसम्म सम्भव हुँदैन जबसम्म यी भाषाहरुको प्रयोग जीवनका विभिन्न क्षेत्रमा गरिँदैन।यसबाट मातृभाषाहरुको प्रयोगलाई बढी प्रचलित गराई तिनलाई कायम राख्न सम्बन्धित भाषभाषीहरुलाई प्रोत्साहन मिल्छ।

**कार्यक्षेत्र**

विभिन्न राष्ट्रिय भाषाहरुको प्रयोगक्षेत्र निर्धारण गर्न निर्णय लिनु आवश्यक देखिन्छ। यस दिशामा नेपाल अधिराज्यको संविधान २०४७को धारा १८.२॰ मा प्रत्येक समुदाले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न सक्ने प्रावधान भएको कुरा विदितै छ। प्राथमिक र अन्य तहमा मातृभाषाको प्रयोगका सम्बन्धमा अध्याय ३ मा सविस्तार वर्णन गरिएको छ।शिक्षाबाहेक मातृभाषका अन्य प्रयोगक्षेत्रहरुमध्ये  मुख्यतः निम्नलिखित हुन सक्छन्ः

**(क) सञ्चार**

देशमा सूचनाको प्रवाहका निम्ति तीन प्रकारका आमसञ्चारमाध्यमहरु अपनाइन्छन्ः

अ श्रव्य माध्यम

आ पाठ्य माध्यम र

इ श्रव्यदृश्य माध्यम

यी सबै माध्यमका लागि भाषा महत्वपूर्ण हुन्छ किनभने भाषा नै सम्प्रेषणका निमित्त मुख्य रुपले प्रयोग गरिन्छ।

**अ श्रव्य माध्यम**

नेपालको सन्दर्भमा रेडियो आमसञ्चारमाध्यमहरुमध्ये सबभन्दा बढी सुगम र सुलभ माध्यम हो किनभने यो कम खर्चिलो हुनाका साथै रेडियो नेपालको कार्यक्रम देशका प्रायः हरेक कुनकाप्चामा सुन्न सकिन्छ। साथै यस माध्यमबाट निरक्षरहरु पनि समाचार र अन्य कार्यक्रम बुझ्न सक्ने हुन्छन्।

सबै नागरिकहरुलाई सार्वजनिक महत्वसँग सम्बन्धित कुराका बारेमा सूचित हुने संवैधानिक अधिकार रहेको सन्दर्भमा रेडियो नेपालबाट प्रसारित हुने कार्यक्रमलाई अझ प्रभावकारी र लाभदायक तुल्याउन दुई .तीन।किसिमको सुधारको आवश्यकता देखिन्छः

१) नेपाली सम्पर्क भाषा र सरकारी कामकाजको भाषा तथा शिक्षाको माध्यम भएकाले बढीभन्दा बढी श्रोताहरुलाई बोधगम्य बनाउन यस भाषालाई बोलचालको भाषासरह सरलीकरण गर्नुपर्ने आवश्यकता देखिन्छ।

२) सार्वजनिक, सांस्कृतिक र स्थानीय महत्वका कुराहरुलाई समाचार र अन्य कार्यक्रमद्वारा प्रसार गर्न क्रमिक रुपमा विभिन्न राष्ट्रिय भाषाहरुको प्रयोग गर्दै लैजानु पर्ने हुन्छ। हाल मैथिली, नेवारी र हिन्दीमा जस्तै केही अन्य राष्ट्रिय भाषाहरुमा पनि समाचार प्रसारण आरम्भ गर्न सकिन्छ। केन्द्रीय र क्षेत्रीय दुवै प्रसारणहरुको व्यवस्था गरेर भए पनि राष्ट्रिय भाषाहरुको प्रयोगलाई विस्तार गर्दै लैजान सकिन्छ।

३) अविकसित भाषाहरुको संरक्षणका निमित्त रेडियो, टेलिभिजनबाट विशेष कार्यक्रम तर्जुमा गरी प्रसारण गर्ने व्यवस्था मिलाउन सकिन्छ।

**आ। पाठ्य माध्यम**

१) सर्वसाधरणको जानकारीका लागि प्रकाशित हुने सरकारी सूचनाहरु, गजेटहरु र अन्य प्रकाशनहरुको प्रकृति हेरी आवश्यकताअनुसार विभिन्न राष्ट्रिय भाषाहरुमा अनुवाद हुनु पर्छ।

२) विभिन्न राष्ट्रिय भाषाहरुमा पत्रपत्रिका सरकारी स्तरबाट प्रकाशित हुनु पर्ने देखिन्छ। किनभने यस्ता क्रियाकलापबाट यी भाषाहरुको विकास र संवर्द्धनका साथै यीसँग सम्बन्धित संस्कृतिको पनि संरक्षण हुन जानेछ।

३) विभिन्न राष्ट्रिय भाषाहरुमा भइरहेको साहित्यिक र अन्य गतिविधिलाई समेट्ने गरी प्रकाशनलाई प्रोत्साहित गर्नु आवश्यक देखिन्छ। यस्तो प्रयासबाट विभिन्न भाषाभाषीहरुबीच समझदारी र समन्वय कायम गर्न मद्दत मिल्नेछ।

४) मातृभाषाहरुलाई प्राथमिक शिक्षाको माध्यमको रुपमा लागू गर्दा बालबालिकाहरु प्रत्यक्ष रुपले प्रभावित हुन सक्ने हुनाले विभिन्न राष्ट्रिय भाषाहरुमा बाल पाठ्यसामग्रीको प्रकाशनतर्फ विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

**इ) श्रव्यदृश्य माध्यम**

टेलिभिजन सञ्चारको श्रव्यदृश्य माध्यम हो। हाम्रो मुलुकमा पनि यसको क्षेत्रलाई क्रमशः विस्तार गर्दै विभिन्न राष्ट्रिय भाषाहरुमा समाचारलगायत अन्य कार्यक्रमहरु आरम्भ गर्दै लैजानु आवश्यक देखिन्छ।

कुनै राष्ट्रिय भाषालाई सञ्चारमाध्यममा प्रयोग गर्दा सम्बन्धित भाषाको भाषिक क्षमता र प्रयोगक्षेत्रको स्वरुपको परिप्रेक्ष्यमा हेर्नु आवश्यक छ।

**क) लेखन अध्ययन**

यस अन्तर्गत विभिन्न राष्ट्रिय भाषाहरुमा साहित्यिक सृजना, सांस्कृतिक र भाषिक अध्ययन अनुसन्धान लोकसाहित्यको सङ्कलन र अनुवादजस्ता महत्वपूर्ण कुरामाथि जोड दिनु आवश्यक छ।

यी कार्यहरुलाई प्रोत्साहित गर्ने सरकारी गैरसरकारी स्तरबाट प्रयास हुनु जरुरी देखिन्छ। प्रोत्साहनका रुपमा प्रकाशनमा सुविधा, वृत्तिको व्यवस्था, पुरस्कार आदि हुन सक्छन्। साथै भाषिक अनुसन्धान र लोकपरम्पराको अध्ययनका निमित्त सम्बन्धित स्वदेशी र विदेशी सङ्घसंस्थाबाट स्रोतको परिचालन गर्न सकिन्छ।

**ख) सरकारी कामकाजको भाषा**

भारत, सिंगापुर, स्विट्जरल्याण्डजस्ता बहुभाषिक राष्ट्रसरह नेपालमा पनि विभिन्न भाषिक समुदायका व्यक्तिहरुलाई सहुलियत दिन एकभन्दा बढी सरकारी कामकाजको परिकल्पना गर्नु पनि युक्तिसङ्गत हुन सक्छ।सरकारी कामकाजको भाषाको रुपमा नेपालीलाई कायमै राखी अरु राष्ट्रिय भाषाको क्षमता, वक्ताहरुको प्रवृत्तिसँगै राष्ट्रिय हितलाई समेत ध्यानमा राखी यस सम्बन्धमा निर्णय लिनु उचित हुन सक्छ।

**ग) धार्मिक सांस्कृतिक कार्यक्रम**

स्थानीय धार्मिक अथवा सांस्कृतिक कार्यक्रमहरुमा स्थानीय भाषाको प्रयोग गर्ने परम्परा बसाल्नु पर्ने आवश्यकता देखिन्छ।

**२·२·४ लोपवान् भाषाहरुको संरक्षण र पुनर्जीवन**

कुनै पनि भाषालाई जीवित राख्न भाषाभाषीहरुको आफ्नो भाषाप्रति प्रतिबद्धता आवश्यक हुन्छ तर त्यस भाषाको प्रयोगको अभावमा प्रतिबद्धताको क्रमशः ह्रास हुँदै जान्छ र फलस्वरुप त्यो भाषा मरणावस्थामा पुग्छ। यस्तो स्थितिमा नेपालको भाषिक र सांस्कृतिक विविधतालाई जगेर्ना गर्ने उद्देश्यले मरणावस्थामा रहेका भाषाहरुको खोजी गरी तिनको अध्ययन हुनु अत्यन्त जरुरी भएको छ। साथै तिनलाई पुनर्जीवित गर्ने कार्यको थालनी गर्नु पर्ने आवश्यकता देखिन्छ।

**२·२·५ कार्यान्वयन तथा मूल्याङ्कन**

भाषाविकाससहित भाषानीति र अन्य विभिन्न लक्ष्य हासिल गर्न यसको कार्यान्वयनका साथै सोको मूल्याङ्कन गर्ने प्रक्रियाको आवश्यकता पर्छ।यो प्रक्रिया कुनै निश्चित लक्ष्यको प्राप्तिका लागि सम्बन्धित योजनालाई कार्यान्वयका

निमित्त एउटा छुट्टै राष्ट्रिय भाषाको परिषद् हुनु जरुरी हुन्छ।राष्ट्रिय भाषासम्बन्धी उल्लिखित योजनाअनुरुपको कार्यक्रम कार्यान्वयनका लागि सुझाउ खण्ड.ख॰ को राष्ट्रिय भाषापरिषद्अन्तर्गत वर्णन गरिएको छ।

# ३ शिक्षामा राष्ट्रिय भाषाको प्रयोग

राष्ट्रिय भाषा भन्नाले नेपाल अधिराज्यको संविधान २०४७ धारा ६.२० अनुसार नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरुलाई जनाउँछ। सोही संविधानको धारा १९.२० प्रत्येक समुदायले बालबालिकाहरुलाई प्राथमिक तहमा आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय संचालन गर्न पाउने मौलिक हक प्रदान गरेको छ।त्यस अनुरुपको शैक्षिक प्रयोजनका लागि सम्बन्धित विषयवस्तुबारे यहाँ उल्लेख गरिन्छ।

## ३.१ मातृभाषाः प्राथमिक शिक्षाको माध्यमका रुपमा

मातृभाषाशिक्षासम्बन्धी युनेस्को प्रतिवेदन.१९५३ इ० अनुसार बाल्यकालमा प्राप्त गरेका अनुभव र विचार तथा सम्प्रेषणको सामान्यतः सहज माध्यमका रुपमा प्रयुक्त भाषा नै मातृभाषा हो।बाल्यकालमा खेल्दाखेल्दै सिकेको भाषा हुनाले यस भाषामा बालकको वैचारिक र भावनात्मक निकटता रहेको हुन्छ।मातृभाषाबाट नै प्रत्येक व्यक्ति सर्वप्रथम आफू र आफ्नो वरिपरिको विश्वबारे धारणा बनाउन र अभिव्यक्ति दिन सक्छ। बालकले सर्वप्रथम सिकेको भाषा भएकोले यस्तो भाषालाई पहिलो भाषा पनि भनिन्छ।कतिपय स्थितिमा बालकहरुको सबभन्दा पहिले सिकेको भाषा मात्र नभएर त्यसपछि सकिएपनि बालकको विचार र सम्प्रेषणको सहज माध्यमका रुपमा प्रयुक्त छ भने त्यस्तो भाषालाई पनि मातृभाषा भनिन्छ।यसरी बालकको परिपक्वता सँगसँगै सिकिने भाषा हुनाले आफू हुर्केबढेको सांस्कृतिक परिवेशमा यसको बढी महत्व रहन्छ। सर्वप्रथम बालकलाई सोच्नो सम्झने र आफ्नो इच्छा तथा आवश्यकता व्यक्त गर्ने माध्यमका रुपमा मातृभाषा बालकका लागि सहज र सुगम हुनु स्वभाविक छ।

### ३.१.१ औचित्य

बालकलाई सिकाउने सबभन्दा उत्तम माध्यम उसको मातृभाषा हो भन्ने कुरा स्वयमसिद्ध छ।मनोवैज्ञानिक दृष्टिले मातृभाषा अर्थपूर्ण सङ्केतहरुको व्यवस्था हो जसले बालकको मस्तिष्कमा बोध र अभिव्यक्तिका लागि स्वचालित कार्य गर्छ। समाजशास्त्रीय दृष्टिले मातृभाषा आफ्ना समुदायका सदस्यहरुका बीच पहिचानको माध्यम हो।शैक्षिक दृष्टिले अपरिचित भाषाका माध्यमले भन्दा यसबाट उ छिटो सिक्न सक्छ।.युनेस्कोः १९५३ इ०

साक्षर हुन मातृभाषा सजिलो हुन्छ।मातृभाषामा लेखिएका पुस्तकहरु भाषाका सामाजिक सांस्कृतिक परिवेशका दृष्टिले पनि बालकलाई सहज र सुगम हुन्छन्।साक्षर भए पछि उसमा ज्ञानको भोक जाग्न थाल्छ।उक्त भोकलाई समन गर्न मातृभाषाले मात्र पर्याप्त नभएमा उ निकट सम्पर्कका अन्य भाषा तथा उपायहरुको अबलम्बनतिर लाग्छ। यसरी शिक्षाप्रति बालकहरुलाई डोर्‍याउन सर्वप्रथम उनीहरुलाई साक्षर बनाउनु पर्छ। साक्षरता वृद्धि गर्नका लागि

मातृभाषामा प्रारम्भिक शिक्षालाई प्रोत्साहित गर्नु जरुरी हुन्छ। १९९० इ.मा थाइल्यान्डमा भएको सबैका लागि शिक्षाविषयक विश्वसम्मेलनले यसतर्फ विशेष जोड दिएको उल्लेख्य छ।
हाल नेपालमा प्राथमिक विद्यालय जाने उमरेका ६५ प्रतिशत बालबालिकाहरु मात्र विद्यालय जान्छन्।२०५७.२००० इ॰ सम्ममा सबै बालबालिकाहरुलाई साक्षर बनाउने श्री ५ को सरकारको लक्ष्य रहेको परिप्रेक्षमा प्राथमिक शिक्षामा व्यापक विस्तार र सुदृढिकरणको खाँचो छ। शिक्षाको अवसरलाई यसरी सर्वसुलभ बनाउने दिशामा कार्य गर्दा बालबालिकाहरुलाई मातृभाषाका माध्यमबाट शिक्षा दिएमा उक्त लक्ष्य हासिल गर्न अझ सरल र सुगम हुने देखिन्छ।
प्राथमिक तहमा भर्ना हुने धैरैजसो विद्यार्थीहरुमा बीचमै विद्यालय छाड्ने प्रवृत्ति रहेको छ।केही चाहिँ विद्यालय छाड्दै फेरि आउँदै गर्ने पनि हुन्छन्।यस्ता कतिपय विद्यार्थीहरुलाई प्राथमिक तह पूरा गर्न ९ देखि १२ वर्षसम्म लागेको पाइन्छ।.राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ः २३॰ । यसले ठूलो शैक्षिक नोक्सानीको सङ्केत गर्छ।विद्यालय छाडेर जानेहरु प्रायः तल्ला कक्षा .१-२॰ का विद्यार्थीहरु बढी सङ्ख्यामा हुन्छन्।यसबाट के स्पष्ट हुन्छ भने स-साना बालबालिकाहरुलाई विद्यालयको वातावरणसँग धुलमिल हुन कठिनाई भएको छ।यसका विभिन्न कारणहरु मध्ये एउटा प्रमुख कारण घर र विद्यालयका वातावरणमा देखिने दूरी कम गर्न र बालबालिकाहरुमा बीचमै विद्यालय छाड्ने प्रवृत्तिलाई समेत घटाउन मातृभाषाका  माध्यममा शिक्षा दिन सुरु गर्नु उचित हुन्छ।
समग्रमा मातृभाषामा प्राथमिक शीषा दिनुका निम्नलिखित अपेक्षा हुन सक्छन्ः

१ आफ्नो घरपरिवार र आफ्नो परिवेशसँग परिचित गराउनु,
२ आफ्नो सामाजिक-सांस्कृतिक विशेषतालाई नजिकबाट चिन्न,बुझ्न सक्ने बनाउनु,
३ आफ्नो भाषा, साहित्य र संस्कृतिप्रति रुची जगाउनु,
४ बालसुलभ, सहज र सुगम ढङ्गले शिक्षा हासिल गर्न प्रेरित गर्नु,
५ शिक्षालाई रुचिपूर्ण, आकर्षणयुक्त र सर्वसुलभ बनाउनु,
६ बालकमा अन्तर्निहित संज्ञानात्मक र सृजनशील क्षमतालाई बढाउन मद्दत गर्नु,
७ घर विद्यालय बीचको  दूरी कम गर्नु।

### ३.१.२ केही प्रमुख सवालहरु

मातृभाषामा शिक्षाको उपर्युक्त औचित्यको चर्चा गर्दा मुख्यतः मनोवैज्ञानिक पक्षलाई ध्यानमा राखिएको छ।तर प्रत्येक राष्ट्रले आफ्नो देशको शिक्षानीतिनिर्धारण गर्दा उका अगाडि देशको भौगोलिक-सामाजिक परिवेश र आर्थिक तथा राजनैतिक परिप्रेक्षहरु पनि उपस्थित हुन्छन्।साथै राष्ट्रभित्रका विभिन्न सामाजिक, भाषिक समुदाय र तिनीहरुको बीचको अन्तर्सम्बन्ध तथा अनेकताभित्रको एकतालाई दृष्टिगत गरेर नै शिक्षाको नीति तय गरिने हुन्छ।
शिक्षाको अभिप्राय कुनै पनि बालबालिकाहरुलाई उनीहरुमा अन्तर्निहित अधिकतम सम्भावनाहरुलाई उद्धाटित गर्नु हो त्यसैले यसलाई कुनै तह. प्राथमिक, माध्यमिक आदि॰ मा

मत्र सीमित भएर सोचिनु उपयुक्त मानिदैन। शिक्षाले व्यक्तिलाई उसको सम्पूर्ण जीवनका लागि उपयोगी हुने ज्ञान र दक्षतातिर अग्रसर गराउँछ।प्राथमिक शिक्षा सुरु गर्दादेखि नै बालबालिकाहरुका उक्त असीमित सम्भावनाहरुलाई खुला राख्न सक्नु पर्छ।प्राथमिक शिक्षामा मातृभाषाको महत्व रहँदारहँदै पनि कुनै मातृभाषामा शिक्षा दिँदा उनीहरुको जीवनको आंशिक पक्षलाई मात्र ओगट्ने खालको भएमा त्यसभित्र रहेर व्यक्तिको सम्पूर्णतालाई हेर्न सम्भव हुँदैन। त्यस कारण हाम्रो देशको भाषिक विविधता तथा परिवेशलाई  दृष्टि दिँदा प्राथमिक शिक्षा पनि एउटै भाषामा सीमित गर्नु उचित नहुन सक्छ।

मातृभाषामा शिक्षाका लागि सम्बन्धित भाषाभाषीहरुको जनसङ्ख्या तथा जनघनत्वको पनि ठूलो महत्व रहन्छ।सामान्यतः देशको १० प्रतिशत जनसङ्ख्या एका भाषाहरुमा उक्त प्रश्न विचारयोग्य मानिन्छ .फेसोल्ड १९९२ः२९३‸ तर हाम्रो देशमा ५ प्रतिशतसम्मका भाषाहरु लिँदा पनि पाँचवटा भाषाभन्दा बढी नपर्ने स्थिति छ।५० प्रतिशत भन्दा बढी एउटा भाषाले र पाँच प्रतिशतसम्मका यी ५ भाषाले देशको करिव ८१ प्रतिशत जनसङ्ख्या ओगट्छ।नेपालजस्तो देशको प्राथमिकता आधारभूत आवश्यकताका मूलभूत क्षेत्रमा केन्द्रित हुने देखिन्छ।मातृभाषाहरुमध्ये धरैजसो लेख्य परम्पराको सुरुवात नै भएको छैन। यिनीहरुको भाषिक अध्ययन' लेखन पद्धितको निर्धारण देखि लिएर पाठ्यसामग्रीनिर्माण' पठनःपाठनको व्यवस्थापन आदिमा निकै ठूलो प्रयासको खाँचो पर्छ।मातृभाषी बालबालिकाहरुलाई राम्रो शिक्षा दिन प्रत्येक भाषामा पाठ्यपुस्तक मात्र पर्याप्त हुँदैनन्' सहायक तथा पूरक सामग्रीहरु पनि यथेष्ट मात्रामा हुनु पर्छ जसबाट उनीहरु आफ्नो भाषामा प्राप्त शिक्षालाई राम्ररी विस्तार गर्न सकुन् तर नेपालका धेरै जसो भाषाहरुमा यस्तो कार्य तत्काल सम्भव बनाउन कठिन छ। जुन भाषा लेख्य परम्परा' साहित्य आदिका दृष्टिले विकसित छ' भाषाभाषीको जनसङ्ख्याका दृष्टिले पनि आकर्षक छ र जसमा सङ्घ संस्थाहरुको सक्रियता पनि उल्लेख्य छ' त्यसको भने विभिन्न क्षेत्र तथा कार्यहरुमा विस्तार हुँदै जाने सम्भावना रहन्छ।

**३.१.३ माध्यमका रुपमा मातृभाषाको छनोटका पूर्वाधारहरु**

मातृभाषाहरुलाई शिक्षाको माध्यमका रुपमा छनोट गर्नु भन्दा पहिले ती भाषाहरुमा के कस्ता पूर्वाधारहरु विकसित भइसकेका छन् वा छैनन् र तिनमा कुन पूर्वाधार विकास गर्नु पर्ने आवश्यकता छ र त्यो कसरी गर्न सकिन्छ आदि कुराको ध्यान राख्नु जरुरी हुन्छ। यसै सन्दर्भमा प्राथमिक तहमा शिक्षाको माध्यम बनाइने मातृभाषाहरुमा आवश्यक हुने केही पूर्वाधारहरुको यहाँ चर्चा गरिन्छ।

**क‸ लेखनपद्धतिको निर्धारण र प्रयोग**

कुनै पनि  मातृभाषामा शिक्षाको कुरो गर्नुभन्दा पहिला त्यो भाषा लिखित रुपमा आएको छ छैन' सोको ख्याल गर्नु पर्छ। त्यस भाषामा लेख्य परम्परा सुरु भएको छैन भने सोका लागि प्रयास थाल्नु पर्छ।यस क्रममा सर्वप्रथम सम्बन्धित भाषाको वर्ण तथा व्याकरण व्यवस्थाको

अध्ययन हुनु आवश्यक छ।त्यसपछि लिपिको छनोटका साथै लेखनपद्धति निश्चित गर्न सकिन्छ।लेखनपद्धति निश्चित गर्दा भविष्यमा भाषाभाषीहरुको व्यवहारमा चाहिने निकटतम भाषासँग वा अन्य राष्ट्रिय भाषाहरुसँग मिल्दोजुल्दो भएमा अन्य भाषा सिक्न र अनुभव तथा ज्ञानको विस्तार गर्दै जान सजिलो हुन्छ। यसरी लेखनपद्धति निश्चित भइसकेपछि लेख्य सामग्रीहरुको तयारी गरी तिनको प्रयोग गर्न थाल्नु पर्ने हुन्छ।

जुन मातृभाषामा लेखनपद्धति निर्धारण भइसकेको र लेखन परम्परासमेत कायम भएको छ तिनमा लेखनपद्धतिको निर्धारण र प्रयोग सम्बन्धी उक्त पूर्वाधार पूरा भइसकेको हुँदा उपयुक्त कुरा महत्वपूर्ण हुँदैन तापिन प्रचलित लेखनपद्धति एवम् हिज्जेमा एकरुपता कायम गर्ने दृष्टिले सुधार गर्ने प्रयास हुनु पर्छ। नेपालमा लेखनपद्धतिको पूर्वाधार पूरा गरेका भाषाहरु ज्यादै सीमित छन् त्यसैले उक्त पूर्वाधार पूरा गर्न धेरै भाषामा तत्काल कार्य गर्नु आवश्यक छ।

**ख पाठ्यसामग्री निर्माण**

लेख्य परम्परा र साहित्य भएका भाषाहरुमा पाठ्यसामग्रीनिर्माण गर्न जति सजिलो हुन्छऽ त्यति सजिलो अन्य भाषाहरुमा हुँदैन।यस्ता भाषाहरुमा भाषाको एउटा मानक स्वरुप स्थापित भइसकेको हुन्छ।त्यही ढाँचा तथा परम्पराको अनुसरण गरेर अगाडि बढ्न सकिन्छ। उक्त भाषाहरुको मौखिक प्रयोगमा विविधता भए पनि लेख्य प्रयोगलाई एक किसिमले सामाजिक मान्यता प्राप्त भइसकेको हुन्छ तर भरखरै लेख्य परम्पराको निर्माण गर्न सुरु गरेका भाषाहरुमा चाहिँ स्थानीय प्रयोगका विविधताले अल्झाइरहन सक्छऽ ती मध्ये कुनै एक भेदको छनोट गरेर वा विभिन्न भेदको सामान्यीकरण गरेर पाठ्यसामग्री तथा पाठ्यपुस्तकहरु तयार गर्नु पर्ने हुन्छ र तिनको प्रयोगका क्रममा सम्बन्धित भाषाका शिक्षितहरुको सहमति प्राप्त गर्दै जानु पनि आवश्यक हुन्छ।

जुनसुकै भाषामा पाठ्यसामग्रीनिर्माण गर्नुभन्दा पहिले कसका लागि ती सामग्रीहरु लेखिन थालेका हुन् उनीहरुको स्तरऽरुचिऽ क्षमता तथा पृष्ठभूमिको ख्याल राखेर पाठ्यसामग्रीनिर्माणतिर लम्कनु वेस हुन्छ। त्यसो भएमा मात्र जसका लागि तयार गरिएका हुन् उनीहरुका लागि ती सामग्री अधिक उपयोगी हुन सक्छन्।लिखित साहित्यको लामो परम्परा भएका भाषाहरुमा पाठ्यसामग्री लेख्दा पुरानो अनुभवको पनि उपयोग गर्न पाइने हुन्छ र विभिन्न रचनाहरुको सङ्कलन गरेर पनि पुस्तकहरु तयार गर्न सकिन्छ तर मौखिक परम्परामा मात्र खेलिरहेका भाषाहरुमा सबै कुरा नवसृजनाबाट पूरा गर्नु पर्ने हुँदा यो कार्य निकै कठिन हुन्छ ।फेरि पाठ्यपुस्तकलेखन एउटा प्राविधिक कुरा भएकाले यसमा साहित्यिक रचनामा भन्दा धेरै पक्षमा सचेत भई तथा पूर्वतयारीका साथ अग्रसर हुनु पर्ने देखिन्छ।हाल पाठ्यपुस्तकनिर्माणसम्बन्धी पूर्वाधार पूरा गरेका वा तत्काल पूरा गर्न सक्ने मातृभाषाहरु निकै

सीमित देखिन्छन् त्यसैले प्राथमिक शिक्षामा मातृभाषाको उपयोग गर्न चाहने विभिन्न मातृभाषीहरुले यसतर्फ विशेष सक्रिय हुनु पर्ने खाँचो छ।

ग॰ विद्यार्थी संख्या

प्राथमिक तहमा मातृभाषालाई शिक्षाको माध्यम बनाएर पठनपाठन गर्नका लागि केकति विद्यार्थीसङ्ख्या भएमा सुरु गर्न सकिन्छ भन्ने प्रश्न पनि महत्वपूर्ण हुन्छ।कुनै पनि शैक्षिक संस्थाले पठनपाठनको व्यवस्था गर्दा उसको भौतिक तथा जनशक्तिसम्बन्धी क्षमताअनुसार निश्चित कोटा तोकी भर्ना गर्ने र निश्चित विषयहरु पठनपाठन गर्ने व्यवस्था मिलाउने गरेको देखिन्छ।त्यस्तै कुनै प्राथमिक विद्यालयमा कति विद्यार्थीसङ्ख्या भए मातृभाषाको माध्यममा शिक्षा गराउन सकिन्छ वा छुट्टै मातृभाषी विद्यालय खोली सो सुविधा जुटाउनु उपयुक्त हुन्छ अथवा न्यूनतम सङ्ख्यामा कति विद्यार्थीहरु भए मातृभाषालाई विषयका रुपमा दिन सकिन्छ जस्ता कुराहरु प्रासंगिक हुन्छन्। एउटा नयाँ विद्यालय खोल्नु पर्दा निकै ठूलो रकम लगानी गर्नु पर्छ र एउटा विषय थप्दा नयाँ शिक्षकको व्यवस्था गर्नु पर्ने हुन्छ त्यसैले पनि विद्यार्थीहरुको न्यूनतम वा अधिकतम सङ्ख्याको विशेष महत्व रहन्छ।

**घ भाषिक समुदायको जनसङ्ख्या तथा जनधनत्व**

मातृभाषामा शिक्षा प्रदान गर्नका लागि अर्को महत्वपूर्ण पूर्वाधार भाषिक समुदायको जनसङ्ख्या तथा जनघनत्व हो।जनसङ्ख्या तथा जनघनत्व जति बढी हुन्छ उति भाषिक समुदायलाई आफ्नो भाषाको संरक्षण तथा सम्बर्द्धनमा टेवा मिल्छ।यसको आफ्नो भाषाप्रतिको प्रतिवद्धता बढाइराख्न समेत मद्दत मिल्छ।नेपालमा जति मातृभाषीहरु छन्ऽ तिनमध्ये ५०·३ प्रतिशत नेपाली भाषाभाषीहरु छन्।१ प्रतिशतभन्दा बढी सङ्ख्याले बोलिने भाषाहरुमा नेपालीसमेत गरी जम्मा १२ वटा भाषाहरु पर्दछन्।बाँकी सबै भाषाहरु १ प्रतिशत भन्दा कम सङ्ख्यामा रहेकाले धेरैजसो मातृभाषाको विकास तथा प्रयोग विस्तार गर्ने सम्भावनामा विभिन्नता हुनु स्वभाविक छ।कितपय भाषाभाषीहरु एकै क्षेत्रमा जनघनत्वका साथ नबसी वा बसाइँ सराइको प्रवृत्तिले गर्दा विभिन्न क्षेत्रमा छरिएर बसेकाले पनि उनीहरुलाई आफ्नो भाषाबाट मात्र सामान्य व्यावहार चल्न सक्ने स्थिति नभएकाले सानै उमेरदेखि प्रायः द्विभाषिकसमेत बनेका पाइन्छन्।

जुन क्षेत्रमा कुनै भाषिक समुदायको जनसङ्ख्या निकै ठूलो छ र उनीहरुको बसोबास पनि सघन रुपमा छ भने त्यस्तो ठाउँमा प्राथमिक विद्यालयहरुमा मातृभाषाका माध्यमले शिक्षा दिने पूर्वाधार सजिलै पूरा हुन सक्छ। त्यस्तो नभई कुनै भाषाभाषीहरुको ठूलो सङ्ख्या भए पनि अन्य भाषाभाषीसँग मिश्रित वा छरिएको बसोबास छ भने त्यस्ता विद्यालयमा कुनै एक भाषामा मात्र शिक्षाको व्यवस्था गर्न कठिनाई पर्न जान्छ। विशेष गरी नेपालका सहरी क्षेत्र र कतिपय ग्रामीण क्षेत्रहरुमा पनि विविध भाषाभाषीहरुको बसोबास मिश्रित रुपमा रहेको पाइन्छ।

**ङ॰ भाषिक समुदायको सकारात्मक प्रवृत्ति र सहयोग**

कुनै मातृभाषामा शिक्षा दिने विषयमा सम्बन्धित मातृभाषीहरुको दृष्टिकोण के छ त्यसको ठूलो महत्व रहन्छ।भाषिक समुदाय मातृभाषाममा शिक्षा दिएर बालबालिकाहरुलाई आफ्नो पहिचान र परवेशप्रति गौरव गर्ने बनाउन चाहान्छन्ऽ मातृभाषाको सुझबुझ बालबालिकाहरुको भविष्यका लागि सहयोगी ठान्छन् भने उनीहरु यसप्रति सकारात्मक रहेको स्पष्ट हुन्छ। मातृभाषीहरु आफ्नो भाषाको विकासका गतिविधिमा उत्सुक तथा जागरुक छन् र त्यस भाषाको लेख्य परम्पराको विकास र साहित्यसृजनामा समेत संलग्न हुन थालेका छन् भने अवश्य नै यसप्रति सहयोगी छन् भन्ने ठान्नु पर्छ।

भाषाको विकासमा मातृभाषीहरु सचेत नभएको वा सचेत हुन नसकिरहेको अवस्थामा कसैले सहयोग गरेर पनि उनीहरु उक्त सहयोगलाई उपयोग गर्न सक्ने स्थितिमा नरहन सक्छन्।त्यस अवस्थामा उनीहरुको मातृभाषाको विकास हुन सक्ने सम्भावना कम हुन्छ। अभिभावकहरुले शिक्षालाई नयाँ अवसरऽ रोजगार र प्रतिष्ठाको विषय ठान्ननका साथै मातृभाषाको शिक्षाले उक्त अवसरबाट बञ्चित भई बालबालिकाहरुलाई धरगाउँमै सीमित बनाउने आशङ्का गर्न सक्छन्।अतः यस्ता कतिपय स्थितिमा मातृभाषामा शिक्षा उनीहरुका लागि लाभदायक हुन्छ भन्ने कुराको आत्मविश्वास जगाउन विशेष प्रयास र प्रोत्साहनको पनि खाँचो पर्न सक्छ।

**च॰ मातृभाषी शिक्षकहरुको उपलब्धत**

मातृभाषमा शिक्षा दिनाका लागि मुख्यतः त्यसै भाषाका शिक्षकहरुको आवश्यकता हुन्छ।उक्त भाषामा शिक्षक हुने योग्यता भएका व्यक्तिहरु के कति उपलब्ध छन् सो को विशेष महत्व रहन्छ।नेपालमा कतिपय भाषाभाषीहरु यस्ता पनि छन् जसमा एस एल सी उत्तीर्ण गरेका व्यक्तिहरु पनि ज्यादै कम वा नगण्य सङ्ख्यामा छन्।त्यस्ता भाषाहरुमा तत्काल मातृभाषामा शिक्षा सुरु गर्न कठिन हुन्छ ।शिक्षितहरु नभएका भाषामा लेख्य परम्पराका साथै साहित्यिक रचनाको थालनी सम्भव नहुने हुनाले तिनीहरुलाई शिक्षित गराउने प्रयासको विशेष खाँचो पर्छ।साक्षर तथा शिक्षितहरुको प्रतिशत उच्च रहेका भाषाहरुमा भने यस्तो समस्या आइपर्दैन।

**छ॰ शिक्षकप्रशिक्षण**

मातृभाषामा शिक्षा दिने कार्यक्रमको सफलताको मूल आधार शिक्षक नै हुन्छ।शिक्षकहरु योग्य र दक्ष भएमा नै यस किसिमको कार्यक्रम सफल हुने सम्भावना रहन्छ।प्राथमिक विद्यालयमा मातृभाषा पढाउने सबै शिक्षकहरु नयाँ भर्ना गर्नु पर्छ भन्ने छैन। हाल प्राथमिक विद्यालयहरुमा शिक्षक भई काम गर्नेहरुमध्ये भिन्नभिन्न मातृभाषी शिक्षकहरु पनि हुन सक्छन्। तिनका साथै मातृभाषाका थप शिक्षकहरुलाई समेत समावेश गरी मातृभाषी कक्षा र द्विभाषी कक्षाहरुमा पठनपाठन गर्ने सुझबुझ र दक्षताका लागि शिक्षकप्रशिक्षण दिएमा उपयुक्त शिक्षकहरुको आपूर्ति गर्न सकिने देखिन्छ।

**ज॰ सरकारी सहयोग**

विद्यालयको शैक्षिक व्यवस्था सरकारको नीतिनिर्देशनअन्तर्गत रहने हुनाले निजी क्षेत्रमा प्राथमिक शिक्षा चलाउन चाहेमा सरकारको स्वीकृति पूर्वसर्त हुन जान्छ।अझ मातृभाषामा प्राथमिक शिक्षा चलाउन चाहनेहरुलाई सरकारले प्रोत्साहित गर्नु आवश्यक छ र सरकार आफैँले पनि जनघनत्व रहेका क्षेत्रहरु पहिल्याएर मातृभाषीहरुको चाहनाअनुरुप विद्यालय खोल्नेतर्फ चासो देखाउनु पर्छ।साथै पाठ्यसामग्रीहरु निर्माण गर्नेऽ पठनपाठनका लागि शिक्षकहरु उपलब्ध गराउनेऽ शिक्षकप्रशिक्षण गर्ने आदि कुरामा सरकारी सहयोगको विशेष महत्व रहन्छ।

**३·२ द्विभाषिक शिक्षा**

दुईवटा भाषालाई माध्यम बनाई शिक्षा दिइनुलाई द्विभाषिक शिक्षा मानिन्छ।यस्तो शिक्षाको उपयोग द्विभाषी तथा बहुभाषी समाजमा गरिन्छ।बालकहरुको मातृभाषा र बृहत् समाजको मूल  शैक्षिक प्रणालीको भाषा फरक परेमा यस्तो शिक्षाको प्रसङ्ग आउँछ।बालकहरुको संज्ञानात्मक(Cognitive) विकासमा अवरोध नहुने गरी उनीहरुलाई शैक्षिक प्रणालीको मूल प्रवाहमा क्रमशः सम्मिलित गराउन द्विभाषिक शिक्षा उपयोगी हुन सक्छ।

हाम्रो देशमा धेरैजसो भागमा एकभन्दा बढी भाषा बोल्नेहरुको बसोबास छ।उक्त परिवेशमा घरपरिवारको भाषा एउटा र छरछिमेक वा निकटवर्ती समाजको भाषा अर्कै हुन्छ।बालक सधैँ घरपरिवारमा मात्र सीमित रहँदैन।जब उसको उमेर बढ्दै जान्छ तब उ छरछिमेकको पनि सदस्य बन्न थाल्छ।त्यस स्थितिमा ऊ खेल्दाखेल्दै छरछिमेकको भाषा पनि सिक्न थाल्छ।मानिस सामाजिक प्राणी भएकाले उसको घरपरिवारकै गतिविधि पनि सधैँ घरभित्र मात्र सीमित रहँदैन।समाजका कतिपय व्यक्तिहरु घरमा आवतजावत गर्दछन्।उक्त स्थितिबाट पनि एकभन्दा बढी भाषा बोलिने समाजको बालक प्रभावित हुन थाल्छ।जब बालक आफ्ना अभिभावकहरुसँग हाट बजार तथा मेला आदिमा जान थाल्छ तब आफ्नो क्षमताअनुसारका घर बाहिरका सानातिना कतिपय काममा संलग्न हुन्छ  तब अन्य अन्य भाषाभाषीहरुसँग सम्पर्क हुने अबसर बढ्छ।विद्यालय जान थालेपछि घर बाहिरका परिवेशको प्रभाव तथा सम्पर्क अझै विस्तार हुँदै जानु स्वभाविक छ।सहरबजारका बालकहरुमा भाषिक अनुभवको विविधता अझ बढी हुन सक्छ।रेडियो, टेलिभिजनको प्रसारणऽ पत्रपत्रिकाऽ पुस्तक आदिको पठनपाठनका गतिविधिबाट समेत शिक्षित व्यक्तिका घरको बालक प्रभावित नभइ रहन सक्दैन।यसरी अनौपचारिक रुपमा नै कतिपय भाषाभाषी बालकहरु द्विभाषिक हुने सम्भावनालाई स्वाभाविक मान्न सकिन्छ।उल्लिखित चर्चाले कतिपय स्थितिमा प्राथमिक कक्षाहरुमा द्विभाषिक शिक्षाको उपयुक्त वातावरण बन्न सक्ने सम्भाबनालाई दर्साउँछ।

बालकलाई शिक्षाप्रति रुचि जगाउन मातृभाषाका माध्यमबाट शिक्षा सुरु गरिए पनि उसको रुचिलाई विस्तारित गर्न र व्यापकता दिन पाठ्य तथा पूरक सामग्रीहरु पर्याप्त उपलब्ध हुन नसक्ने कारणले समेत मातृभाषामा मात्र सीमित नगरी अर्को भाषा प्रति उसलाई सक्षम बनाउँदै लैजानु उपयुक्त मानिन्छ।द्विभाषिक शिक्षा दिनुको अभिप्राय बालकलाई मातृभाषामा

मात्र सीमित नरही ज्ञान र सीप सिक्ने अर्को माध्यममा क्रमशः सबल बनाउँदै लैजानु हो।आफ्नो समुदायको भाषा सिकेर मात्र भविष्यमा व्यवहार चल्न गाह्रो हुन सक्छ। नेपाली समाजको बृहत्तर परिवेशमा प्रतिस्पर्धा गर्नाका लागि आवश्यक हुने राष्ट्रभाषाको क्षमता हासिल गर्दै जान कक्षा ६ सम्मको पर्खाइ ढिलो हुन सक्ने भएकाले पनि प्राथमिक कक्षादेखि नै बालकहरुलाई द्विभाषिक शिक्षा अनुरुप पठनपाठन गराउन सकिएमा समयऽ श्रम र लगानीको अधिक सदुपयोग हुन सक्छ।

प्राथमिक शिक्षा मातृभाषामा प्राप्त गरेपछि ६ कक्षामा पुगेका बालकहरुलाई राष्ट्रभाषा नेपालीमा शिक्षा लिइरहेका बालकहरु सँगसँगै पढाइमा संलग्न हुन निकै कठिनाईको सामना गर्नु पर्ने हुन्छ।त्यस्ता बालकहरुका लागि छुट्टै समूह/उपसमूह बनाई पठनपाठनको व्यवस्थासमेत गर्नु पर्ने हुन सक्छ।यो स्थिति विद्यालयमा रहिरहनु समाजीकरणका दृष्टिले पनि उपयुक्त देखिँदैन।व्यापक सम्प्रेषणको भाषाबाट बञ्चित भइरहनुऽ साथीहरुसँग घुलमिलमा भाषा बाधक हुनु र विद्यालयको पठनपाठनप्रति नै वितृष्ठा हुने स्थिति उनीहरुमा देखा पर्नु उचित हुँदैन।उपयुक्त स्थितिमा बालकहरुलाई समाजमा प्रयोग हुने व्यापक सम्प्रेषणको भाषाको अनुभव समेत प्रारम्भ देखि नै दिँदै जानु उनीहरुको ज्ञानवृद्धिका लागि अर्को ढोका खोल्नु जस्तै हो किनभने अर्को भाषा सिक्नु भनेको ज्ञानको क्षितिजलाई विस्तार गर्ने उयाप पनि हो।

हाम्रो देशमा भाषिक तथा सांस्कृतिक दृष्टिले मात्र विविधतापूर्ण छैनऽ भौगोलिक विकटताका दृष्टिले पनि विविधतापूर्ण छ।सबैका लागि प्राथमिक शिक्षालाई सुलभ तथा सुगम बनाउन सहरी र तराईका जिल्लामा केही सजिलो भए पनि सुदूर र दुर्गम क्षेत्रका साथै पहाडी क्षेत्रमा त्यति सजिलो छैन।पहाडी विकटताले गर्दा प्रत्येक गाविसका बडाहरुमा प्राथमिक विद्यालय खोले पनि उपयुक्त मात्रामा बालबालिकाहरुलाई आफ्नो घरबाट सुगमताका साथ आवतजावत हुने गरी विद्यालयको व्यवस्था मिलाउन नसकिएको सन्दर्भमा मातृभाषी विद्यालयहरु स्थापना भएर मात्र समस्या समाधान नहुन सक्छ।एउटै गाउँमा दुईतीन भाषाभाषीहरु भएमा सोहीअनुसार विभिन्न भाषाभाषिहरुका लागि विद्यालयहरु स्थापना गरेमा विद्यालयको संख्या मात्र बढ्ने होइन शिक्षकहरु र भौतिक सुविधा पनि सोहीअनुरुप आवश्यक पर्ने हुन्छ।देशको सामाजिक बनोटऽ अन्तर्सम्बन्ध र अन्तर्निभरतालाई ध्यान दिँदा एकै ठाउँमा एकभन्दा बढी बढी भाषाभाषीहरुको बसोबास भएको क्षेत्रमा उक्त कुरा विशेष विचरणीय छ।ग्रामीण परिवेशमा आपसी सद्भावनाका साथ रहेका विविध भाषिक समुदायका बालबालिकाहरु विद्यालयमा गएर सोहीअनुरुप अनुकूलित हुँदै जाने स्थितिको सृजना गर्नु उपयुक्त हुन्छ।

समग्रमा द्बिभाषिक शिक्षाका केही विशेषताहरुलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ।(पटनायकऽ १९७७ ः २२-२६)ः

१ द्बिभाषिक शिक्षाको प्रारम्भिक चरणमा मुख्यतः मातृभाषाको र गौणरुपमा दोस्रो भाषाको उपयोग गरिने हुनाले बालकहरुलाई विद्यलयमा अनुकुलित हुन सजिलो हुन्छ र उनीहरुमा विद्यालयबाट विरत हुने वा छोडेर जाने (drop out) प्रवृत्तिमा कम हुन सक्छ।

२ यस्तो शिक्षाले मातृभाषामा सिकेका अनुभव दोस्रो भाषामा स्थान्तरित गर्दै जान मद्दत हुन्छ।

३ भिन्नभिन्न पृष्ठभूमि भएका बालबालिकाहरुका बीच आपसी सद्भाव बढाउन मद्दत हुन्छ।

४ विद्यालयमा बालबालिकाहरुको समाजीकरणप्रक्रिया अझ गतिशील हुँदै जान सक्छ।

५ यस्तो शिक्षाले बालबालिकाहरुलाई मातृभाषाबाट क्रमशः दोस्रो भाषामा स्थाननन्तरित गर्दै लैजान सजिलो हुन्छ।

६ मातृभाषाको अलग्गै विद्यालय खोल्दा आर्थिक भार निकै बढ्छ।त्यसका तुलनामा यस किसिमको पद्धतिबाट एउटै विद्यालयमा पढाउन सकिने हुँदा आर्थिक भार कम हुन्छ।

**३·३ मातृभाषा विषयका रुपमा**

भाषा कुनै पनि शिक्षाको माध्यम मात्र नभई यो स्वयम् पनि विषय हो।मातृभाषालाई विषयका रुपमा सिक्ने भनेको मूलतः त्यस भाषाको लिखित रुप सिक्ने भन्ने हो तर माध्यमद्वारा शिक्षा दिइनु भनेको मौखिक मात्र पनि हुन सक्छ।लिखित माध्यम पनि बालबालिकाले जानेका छन् भने उनीहरुलाई सो पनि प्रयोग गरी सिकाउन सकिन्छ तर बालबालिकाहरुमा सम्बन्धित भाषाका पढाइ र लेखाइका सीपहरु सिकाउन तथा विकास गर्नका लागि चाहिँ यसलाई विषयका रुपमा पठनपाठन गर्नु पर्ने हुन्छ।

मातृभाषालाई विषयका रुपमा सुरु गर्दा सर्वप्रथम त्यो भाषा लिखित रुपमा आइसकेको हुनु पर्छ।त्यस भाषामा अक्षराम्भ गराउनुलाई विषयका रुपमा सिकाउन थालेको मान्न सकिन्छ।यसरी कुनै भाषालाई लिखित माध्यम बनाउनका लागि पनि त्यसलाई विषयका रुपमा सिकाउन प्रारम्भ गर्नु पर्ने आवश्यकता हुन्छ।लेख्य रुप नै थाहा नपाई कुनै भाषाको पठनपाठन लिखित माध्यममा गर्न नसकिने हुँदा मातृभाषाको माध्यमका रुपमा सञ्चालित हुने विषयमा लेख्य सामग्री भएका भाषाहरुमा उक्त भाषालाई विषयको रुपमा पनि समावेश गर्नु आवश्यक हुन्छ।

जुन भाषामा लिखित सामग्री विकसित छ, त्यही भाषाले विषयका रुपमा पठनपाठनबाट बढी फाइदा उठाउन सक्छ।स्तरअनुरुप विभिन्न कक्षाका पाठ्यपुस्तक जुन भाषामा निर्मित छन् वा छिट्टै निर्माण गर्न सकिन्छन् तिनै भाषामा विषयका रुपमा मातृभाषाको पठनपाठन अगाडि बढाउने सम्भावना बढी मात्रामा रहन्छ त्यसैले साहित्यिक दृष्टिले विकसित भाषाहरु यस क्षेत्रमा अगाडि हुनु स्वभाविक छ।विकासशील भाषाहरुमा पनि विषयका रुपमा पठनपाठनको

सुरुआत गरेर यिनलाई प्रोत्साहित गर्न सकिन्छ तर जसमा लेखनपद्धति तथा लिखित सामग्रीको विकासको प्रारम्भ भएको छैन, तिनमा उक्त सम्भावना कमै हुनु स्वभाविक छ।यसरी लिखित सामग्री तथा साहित्य भएका भाषाहरुको साहित्यको संरक्षण तथा संवर्द्धन गर्ने उपायका रुपमा पनि यसलाई हेर्न सकिन्छ।

विषयका रुपमा मातृभाषाको पठनपाठन हुँदा त्यस भाषाको सुनाइ र बोलाइ क्षमताको परिष्कार गर्नाका साथै लेख्य बानीको विकासमा क्रमशः जोड दिन सकिन्छ।भाषाको शुद्ध र स्तरीय प्रयोगसँग परिचित गराउन शब्दहरुको शुद्ध हिज्जे, वाक्यरचना आदिको सुझबुझ दिन सकिन्छ।बालबालिकाहरुको मातृभाषाहरुप्रति रुचि बढाउन र उनीहरुलाई सो भाषामा लेखरचना गरी आफ्नो साहित्यको भण्डार बढाउनसमेत प्रोत्साहन मिल्छ।

राष्ट्रभाषाः माध्यम र विषयका रुपमा

राष्ट्रभाषा नेपाली बहुसङ्ख्यक.५०.३ प्रतिशत। नेपालीहरुको मातृभाषा पनि हो  त्यसैले यसले उक्त मातृभाषीहरुको शिक्षाको माध्यम हुने भूमिका निर्वाह गर्नु त आवश्यक छदैछ, साथै यो भाषा नेपालको राष्ट्रभाषा तथा सरकारी कामकाजको भाषासमेत भएकाले सव भूमिका पूरा गर्न विभिन्न मातृभाषाभाषी नेपालीहरुका लागि यसको क्षमता तथा दक्षता आवश्यक हुन्छ। यस्तै राष्ट्रभाषा नेपाली माध्यमिक तहको शिक्षाको माध्यम हुनाका साथै उच्च शिक्षामा समेत यसको प्रयोग बढ्दै गएको छ।यही भाषामा अनर्भाषिक तथा अन्तर्जातीय सामान्य गतिविधका साथै राष्ट्रिय स्तरका व्यावसायिक, सामाजिक, राजनैतिक आदि गतिविधि सञ्चालन भइरहेको परिप्रेक्ष्यमा प्रारम्भिक तहदेखि नै  अन्य मातृभाषी बालबालिकाहरुका लागि पनि नेपाली भाषाको क्षमता प्राप्त हुँदै जानु आवश्यक मान्न सकिन्छ।

राष्ट्रभाषामा आवश्यक हुने भाषिक सीपहरुको विकास गर्दै लैजान नेपाली मातृभाषीहरुका साथै अन्य मातृभाषी बालबालिकाहरुका लागि समेत प्रारम्भिक तह .दुई वा तीन  कक्षा। देखि नै नेपाली भाषालाई विषयका रुपमा पनि पठनपाठन गराउनु उपयुक्त हुन्छ।

३.५ राष्ट्रभाषाः दोस्रो भाषाका रुपमा

आधाजसो जनसङ्ख्या अन्य मातृभाषीहरु रहेको सन्दर्भमा नेपालमा राष्ट्रभाषा नेपालीहरुलाई दोस्रो भाषाका रुपमा बोल्ने एवम् व्यवहार गर्नेहरुको सङ्ख्या पनि प्रशस्त रहेको छ।नेपाली भाषा विभिन्न मातृभाषीहरुले शैक्षिक तथा राष्ट्रिय गतिविधिमा संलग्नतामा लागि मात्र नभई व्यावहारिक तथा सम्पर्कजनित आवश्यकताले समेत सिक्नु पर्ने हुन्छ।अन्य मातृभाषीहरुलाई सामाजिक, आर्थिक, राजनैतिक तथा राष्ट्रिय गतिविधिमा समान रुपमा सहभागी बनाउन र विभिन्न क्षेत्रमा हुने प्रतिस्पर्धामा आइपर्ने भाषिक अवरोधलाई निराकरण गर्न राष्ट्रभाषाको उद्देश्यपूर्ण शिक्षण आवश्यक हुन्छ।यस कारण प्रारम्भिक कक्षाहरुमा राष्ट्रभाषालाई दोस्रो भाषाका रुपमा शिक्षण गरी बालबालिकाहरुलाई तलैदेखि यसमा सक्षम बनाउँदै लैजानु उचित हुन्छ।

विभिन्न मातृभाषी पृष्ठभूमि भएका कतिपय बालबालिकाहरुले विद्यालय आउँदा नेपाली भाषाको भाषिक वातावरण पाइसकेका हुँदैनन्।विद्यालयसम्म आइपुग्दा राष्ट्रभाषा नेपालीको बिल्कुलै अनुभव नभएकाहरुलाई यो भाषा सिकाउन कठिन हुने हुनाले मातृभाषा सरहका पद्धति तथा विधिहरुको उपयोग गरी सिकाउन उपयुक्त हुँदैन।उनीहरुलाई दोस्रो भाषासिकाइका सिद्धान्तअनुरुपका पद्धति तथा विधिहरुको उपयोग गरी राष्ट्रभाषाको अनुभव सुगम र प्रभावकारी रुपमा दिन सकिन्छ।यस क्रममा बालबालिकाहरुलाई पहिलो भाषा र दोस्रो भाषामा निहित समानता र भिन्नताको अध्ययनका आधारमा तयार पारिएका पाठ्यसामग्रीहरुलाई उपयोग गरी शिक्षण गर्नु आवश्यक हुन्छ।

## ३.६ अनौपचारिक शिक्षा

औपचारिक शिक्षा प्रणालीभन्दा बाहिरका कुनै पनि शैक्षिक गतिविधिहरुलाई अनौपचारिक शिक्षा मानिन्छ।राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ः१३२। सबैका लागि शिक्षा भन्ने बृहत लक्ष्य हासिल गर्न विद्यालयको औपचारिक शिक्षाका क्षेत्रभित्र नसमेटिएका प्रौढ र बालबालिकाहरुलाई शिक्षाको अवसर तथा सहभागिता बढाउने माध्यम॰ अनौपचारिक शिक्षा नै हुन सक्छ।जनगणना २०४८ को तथ्याङ्कअनुसार ४१ प्रतिशत मात्र साक्षर भएको हाम्रो देशमा अनौपचारिक शिक्षाको ठूलो महत्त्व रहन्छ।हाल औपचारिक शैक्षिक वातावरण पाउन नसकेका प्रौढ.१५-२५ वर्ष॰ तथा बालबालिका.८-१४वर्ष॰ हरुलाई अनौपचारिक शिक्षाअन्तर्गत साक्षरता प्रदान गर्ने गरिएको पाइन्छ। यस क्रममा प्रौढहरुका लागि प्रौढ शिक्षा॰ किशोरी तथा युवतीहरुका लागि चेलीबेटी कार्यक्रम र बालबालिकाहरुका लागि बाल शिक्षा सदन आदि कार्यक्रम सञ्चालन गरिएका छन्।

उक्त अनौपचारिक शिक्षाको माध्यम हालसम्म प्रायः नेपाली भाषा नै रहेको छ त्यसैले यस्तो कार्यक्रम भाषिक अवरोधले गर्दा पनि नेपाली भाषाबाहेकका विभिन्न मातृभाषिहरुका लागि कम आकर्षक र अप्रभावकारी रहेको ठानिन्छ।उक्त कार्यक्रमलाई प्रभावकारी र व्यापक बनाई देशमा निरक्षरता उन्मूलनको अभियानका रुपमा सञ्चालन गर्न विभिन्न मातृभाषामा पाठ्यसामग्रीको तयारी र उपयोग आवश्यक हुन्छ।राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन .२०४९ः१३८॰ ले अनौपचारिक शिक्षाका सामग्रीहरु नेपाली भाषाका साथै राष्ट्रिय भाषा र भाषिकाहरुमा पनि आवश्यक हुन सक्ने महसुस गरेको छ।मातृभाषाका माध्यमबाट अनौपचारिक शिक्षाको कार्यक्रम सुरु गर्न सकियो भने विभिन्न भाषाभाषीहरुका आर्थिक तथा समाजिक दृष्टिले पछि परेका व्यक्तिहरुलाई साक्षर बनाउन र साक्षरता कार्यक्रमका माध्यमबाट उनीहरुको विकासका आधारभूत ज्ञान र सीप सिकाउन सजिलो पर्छ।यसबाट स्वास्थ्य॰ सरसफाइ॰ शिशुस्याहार॰ जनसङ्ख्या शिक्षा॰ वातावरण शिक्षाका साथै आयवर्द्धक तथा रोजगारीका उपायहरु उनीहरुसमक्ष पुऱ्याउन सुगम हुने देखिन्छ।

# ४ सुझाउहरु

## खण्ड कः राष्ट्रिय भाषाहरुको विकास तथा संरक्षण

## राष्ट्रिय भाषाहरुको पहिचान तथा निर्धारण

१. राष्ट्रिय भाषाहरुको विकास गर्नुअघि ती भाषाहरुको निर्धारण आवश्यक देखिन्छ। यस सन्दर्भमा जनगणना प्रतिवेदनमा भाषासम्बन्धी जानकारी विभिन्न कारणले भरपर्दो पाइएको छैन। तसर्थ यसका निमित्त वस्तुपरक र विश्वसनीय भाषिक सर्वेक्षणका आधारमा राष्ट्रिय भाषाहरुको पहिचना तथा निर्धारण गर्नु पर्नेछ।

**मानकको चयन**

२. कुनै भाषाको विकास गर्दा त्यसभाषाका भाषिकाहरुमध्ये कुनै एक भाषिकालाई मानकको रुपमा चयन गर्नु आवश्यक छ तर यस्तो चयन गर्नु भन्दा अघि हरेक भाषाका भाषिकाहरुको पहिचान हुनु पर्छ। यसो गर्दा ती भाषिकाहरुको भाषिक क्षमता, वक्ताहरुको संख्या, लेख्य परम्परा, भाषिकाहरु प्रति वक्ताहरुको अभिवृत्ति आदि कुरामाथि विचार पुर्‍याउनु पर्नेछ।

**लेखनपद्धति**

३. व्यवहारिक, शैक्षिक, भाषा–सिकाइ आदि दृष्टिकोणले नेपालमा बोलिने भाषाहरुको लिपिमा एकरुपता हुनु उपयुक्त देखिन्छ तर कुनै भाषिक समुदायले आफ्नो परम्परागत लिपिलाई नै कायम राख्न चाहेमा त्यस्ता लिपिको प्रयोग गर्न पनि सकिनेछ।

**वर्णमाला**

४. नेपालमा बोलिने भाषाहरुको वर्णमालालाई तिनको ध्वनिप्रणालीअनुकुल बनाउनु उपयुक्त देखिन्छ। यसका लागि सम्बन्धित भाषाहरुको ध्वनिप्रणालीको अध्ययन हुनु आवश्यक छ।

**हिज्जे**

५. विभिन्न भाषाहरुको लेखाइ र बोलाइबीचको अन्तरलाई कम गर्न तिनको हिज्जेमा आवश्यक सुधार हुनु जरुरी छ। साथै स्तरीय भाषिकाको लिखित अभिव्यक्तिमा प्रयोग हुने हिज्जेमा एकरुपता तथा स्थिरता ल्याउनु आवश्यक हुन्छ।

**शब्दभण्डार**

६. शैक्षिक विस्तार तथा आधुनिक ज्ञान–विज्ञानका विषयवस्तुहरुको सम्प्रेषणको अभिवृद्धिका लागि विभिन्न भाषाहरुमा शब्दभण्डारको विकास जरुरी हुन्छ। यस सम्बन्धमा युनेस्को प्रतिवेदन .१९५३ इ.मा उल्लिखित मार्गदर्शक सिद्धान्तअनुरुप कार्य गर्न उपयुक्त हुन्छ।

७. हिज्जे र उच्चारण तथा शब्दभण्डारलाई व्यवस्थित गर्न विभिन्न भाषाहरुमा एकभाषिक, द्विभाषिक तथा बहुभाषिक शब्दकोषको निर्माणमा जोड दिनु आवश्यक छ।

**व्याकरण**

८ विभिन्न भाषाहरुलाई नियमित तथा व्यवस्थित गर्न विभिन्न भाषाहरुमा व्याकरण निर्माणलाई आवश्यक पूर्वाधारको रुपमा लिइन्छ। नेपालको सन्दर्भमा विभिन्न भाषाहरुमा आवश्यकता अनुसार सन्दर्भ व्याकरण र शैक्षणिक व्याकरणको तयारी क्रमशः हुदै जानु आवश्यक छ।

**प्रयोगक्षेत्र**

९ विभिन्न भाषाहरुको क्षमता र सम्भाव्यतालाई दृष्टिगत गरी तिनको प्रयोगक्षेत्र निर्धारण गर्दै जानु पर्ने छ। यसका क्षेत्रहरु शिक्षा' सञ्चार' प्रशासन' साहित्य आदि हुन सक्छन्।

**सञ्चार**

१० **श्रव्य माध्यम.रेडियो**ः सार्वजनिक' सांस्कृतिक र स्थानीय महत्वका विषयहरुलाई राष्ट्रिय भाषाको माध्यमबाट रेडियोद्वारा प्रसारणको व्यवस्था गर्दै लैजानु पर्नेछ। क्षेत्रीय र केन्द्रीय दुबै प्रसारणमा भाषाहरुको क्षमतालाई ध्यानमा राखी प्रयोगको क्रमशः विस्तार गर्दै जानु पर्नेछ। यसो गर्दा लेख्य परम्परा भएका र परम्पराप्रति उन्मुख भएका भाषाहरुलाई प्राथमिकता क्रममा राखी क्रमशः प्रयोग विस्तार गर्दै लैजानु आवश्यक छ।हाल लेख्य परम्परा नभएका तर लेख्य परम्पराप्रति उन्मुख हुन सक्ने भाषाहरुलाई समेत तिनको प्रयोगशील सम्भावनालाई दृष्टिमा राखी प्रयोग गर्ने र सोको विस्तार गर्दै लैजानु पर्ने हुन्छ।

११ **पाठ्य माध्यमः** सर्वसाधरणको जानकारीका लागि आवश्यक हुने सरकारी सूचना तथा अन्य प्रकाशनहरुको अनुवाद राष्ट्रिय भाषामा हुने व्यवस्था गर्नु पर्नेछ। विभिन्न राष्ट्रिय भाषाहरुमा पत्रपत्रिका र अन्य पाठ्यसामग्रीहरुको प्रकाशनतर्फ विशेष ध्यान दिनु आवश्यक छ।

१२ **श्रव्यःदृश्य माध्यमः** भाषिक क्षमता र प्रयोगको सम्भाव्यतालाई दृष्टिगत गरी विभिन्न राष्ट्रिय भाषाहरुमा टेलिभिजनको माध्यमद्वारा समाचार आदि कार्यक्रमहरु क्रमशः प्रसारित गर्दै जानु पर्नेछ। यसका लागि -राष्ट्रिय भाषा कार्यक्रम- अन्तर्गत सबै राष्ट्रिय भषाहरुको प्रसारण गर्ने व्यवस्था मिलाउन सकिन्छ।

१३ रेडियो तथा टेलिभिजनबाट विभिन्न विषयसँग सम्बन्धित सूचना' विज्ञापन आदि विषयहरुलाई राष्ट्रिय भाषाहरुमा प्रसारण गर्ने व्यवस्था गर्नु पर्नेछ।

**प्रशासन**

१४ स्थानीय प्रशासनयन्त्रलाई बढी प्रभावकारी र जनमुखी तुल्याउन सम्बन्धित क्षेत्रमा स्थानीय भाषाको प्रयोग व्यावहारिकतालाई पनि दृष्टिगत गरी प्रश्रय दिँदै जानु उपयुक्त हुनेछ।

१५ स्थानीय अड्डाःअदालतका काम कारवाहीका सिलसिलामा राष्ट्रभाषा नजान्नेहरुका लागि दोभाषे उपलब्ध उचित हुनेछ।

**साहित्य**

१६ विभिन्न राष्ट्रिय भाषाहरुमा साहित्यिक गतिविधिहरुलाई प्रोत्साहित दिनु उचित देखिन्छ। त्यसका लागि प्रकाशन सुविधा, पुरस्कार आदिको व्यवस्था गर्नु आवश्यक छ।

**राष्ट्रभाषाको सरलीकरण**

१७ राष्ट्रभाषा नेपाली नेपालको व्यापक सम्पर्कको, सरकारी कामकाजको तथा शिक्षाको माध्यमसमेत भएकाले यसको प्रयोग बढीभन्दा बढी श्रोताहरु पाठकहरुलाई बोधगम्य हुने गरी सरलीकृत गर्दै लैजानु आवश्यक देखिन्छ।

**लोपवान् भाषाहरुको संरक्षण**

१८ लेख्य परम्परा नभएका र लोपवान् भाषाहरुमा तत्काल विशेष कार्यक्रम तयार गरी तिनको संरक्षण गर्नु नितान्त आवश्यक छ।

## खण्ड खः राष्ट्रिय भाषा परिषद्

१९ नेपालका राष्ट्रिय भाषाहरुको निर्धारण, संरचनागत र स्तरगत योजना, संरक्षण, अध्ययन आदिसँग सम्बन्धित नीतिको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको प्रयोजनका निमित्त एउटा राष्ट्रिय भाषापरिषद्को स्थापना हुन आवश्यक छ।

**गठन**

शिक्षा सञ्चार, संस्कृति आदि क्षेत्रमा भाषाको प्रयोग लगायत भाषानीतिसम्बन्धी अन्य कुराहरु कार्यान्वयन गर्न सरकारी अनुमोदन चाहिन्छ।तसर्थ सरकारी सहयोगको अभावमा कुनै पनि भाषानीतिको सफल कार्यान्वयन कठिन हुने भएकाले राष्ट्रिय भाषापरिषद् गठन सरकारी स्तरबाटै गरिनु वाञ्छनीय देखिन्छ।भाषानीति शिक्षा र संस्कृतिसँग बढी निकट भएकाले यस परिषद्को स्थापना श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयको सहयोगमा एक स्वायत्त संस्थाको रुपमा हुन उपयुक्त देखिन्छ।यस परिषद्को गठन निम्नानुसार हुनु पर्नेछः

१ अध्यक्ष १

२ भाषावैज्ञानिक २ सदस्य

३ शिक्षाविद् १ सदस्य

४ विभिन्न राष्ट्रिय भाषाहरुको प्रतिनिधित्व हुने गरी ७ सदस्य

**पदावधि**

परिषद्का पदाधिकारीहरुको पदावधि ५ वर्षको हुनेछ।

**आवश्यक योग्यता**

कुनै व्यक्ति वा यस परिषद्को अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि कम्तीमा स्नातकोत्तर उपाधि वा राष्ट्रिय भाषाहरुमा महत्वपूर्ण योगदान गरी ख्याति प्राप्त गरेको हुनु वाञ्छनीय देखिन्छ।

**कार्य**

**भाषिक नीति र योजना**

क) यस अध्यायको खण्ड क मा उल्लिखित राष्ट्रिय भाषाहरुको संरचनागत र स्तरगत योजना तथा अन्य सुझाउहरु लागू गर्न कार्यक्रम तर्जुमा गर्ने,

ख) राष्ट्रले अपनाउनु पर्ने भाषासम्बन्धी नीतिका सम्बन्धमा रायसुझाउ दिने,

ग) आवश्यक परेमा भाषानीतिसँग सम्बन्धित कुराहरुलाई व्याख्या गर्ने।

**कार्यान्वयन**

राष्ट्रिय भाषाहरुबारे तर्जुमा गरिएका कार्यक्रम क्रमशः कार्यान्वयन र अनुगमन गर्न राष्ट्रिय भाषापरिषद्अन्तर्गत एउटा विशेषज्ञहरुको समूह हुनु आवश्यक छ। यस समूहमा आवश्यकताअनुसार विभिन्न विभागहरु हुनेछन्, जस्तैः भाषिक अध्ययन, शब्दकोष र व्याकरणको निर्माण, पाठ्यसामग्रीको तयारी, प्रकाशन आदि निकायहरु। सम्बन्धित क्षेत्रका विशेषज्ञहरु यी विभागहरुका संयोजक हुनेछन्।

यस अतिरिक्त राष्ट्रिय भाषाहरुसँग सम्बन्धित उद्देश्य र कार्यक्रम सम्पन्न गर्न यस अध्यायको खण्ड घ मा उल्लिखित संस्थाहरु र अन्य निकाय/व्यक्तिहरुसँग यस परिषद्ले समन्वय स्थापित गर्नु पर्नेछ।

**अनुगमन तथा मूल्याङ्कन**

कार्यान्वित कार्यक्रमहरुलाई यस परिषद्ले समयसमयमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकताअनुसार ती कार्यक्रमहरुमा सुधार र परिमार्जन गर्नेछ।

# खण्ड ग

## शिक्षामा राष्ट्रियभाषाहरुको प्रयोग

**प्राथमिक विद्यालय र शिक्षाको माध्यम**

२० मातृभाषी बालबालिकाहरु लगभग शतप्रतिशत रहेका प्राथमिक विद्यालयहरुलाई मातृभाषी विद्यालयका रुपमा संचालन गर्न सकिनेछ।ती विद्यालयहरुमा तत्काल मातृभाषामा लेखिएका पाठ्यपुस्तकहरु उपलब्ध भए सोही अनुसार मौखिक तथा लिखित माध्यममा पठनपाठन सञ्चालन गर्न अनुमति दिनुपर्नेछ। सो उपलब्ध नभइसकेका भाषाहरुमा राष्ट्रभाषामा लेखिएका पाठ्यपुस्तकहरुलाई मातृभाषाको मौखिक माध्यमद्वारा पठनपाठन शुरु गर्न सकिनेछ। त्यस्ता भाषाहरुमा लेखपढको माध्यम चाहिं पाठ्यसामग्रीहरुको उपलब्धता र स्थानीय मागलाई ध्यानमा राखी मातृभाषा वा राष्ट्रभाषामध्ये कुनै एक वा दुवैलाई बनाउन सकिनेछ।

२१ निजी क्षेत्रमा खोलिएका मातृभाषी विद्यालयहरुलाई सरकारले मान्यता र प्रोत्साहन दिनु पर्नेछ।

२२ एउटै मातृभाषीहरुको प्रशस्त जनघनत्व भएका ठाउँमा भाषिक समुदायलाई पायक पर्ने गरी स्थानीय जनसहभागितामा मातृभाषी विद्यालय खोल्न सकिनेछ। यस्ता विद्यालयहरुलाई सरकारले अन्य प्राथमिक विद्यालहरु सरह स्वीकृति तथा अनुदान दिने व्यवस्था गर्नु पर्नेछ।

२३ कुनै विद्यालयमा तीन वा सो भन्दा बढी मातृभाषी बालबालिकाहरु रहेमा उनीहरुका लागि शिक्षाको माध्यम राष्ट्रभाषा रहनु उचित हुनेछ।

२४ प्राथमिक तहमा मातृभाषाको माध्यम सफलतासाथ प्रयोगमा आएका र उपयुक्त पूर्वाधार पूरा गरेका भाषाहरुमा स्थानीय मागलाई समेत ध्यानमा राखी निम्नमाध्यमिक तथा सोभन्दा माथिल्ला तहको शिक्षा मातृभाषाको माध्यमबाट प्रदान गर्न अनुमति दिन सकिनेछ।

२५ प्राथमिक तहमा माध्यमका दृष्टिले तीन किसिमका विद्यालयहरु हुनु उचित देखिन्छ।

क मातृभाषी प्राथमिक विद्यालय

ख भाषिक प्राथमिक विद्यालय

ग राष्ट्रभाषी प्राथमिक विद्यालय

२६ मातृभाषी विद्यालयहरु खोल्दा स्थानीय भाषिक समुदायको घना वस्ती भएको ठाउँ हेरी वा पायक पर्ने गरी कक्षा १-३ लाई आधार शिक्षा मान्ने दृष्टिकोण अनुरुप सर्वप्रथम आधार विद्यालयहरु खोल्नु पर्नेछ।उक्त प्रत्येक आधार विद्यालयमा मातृभाषी शिक्षकको व्यवस्था गर्नु पर्नेछ।

**विषयकारुपमा मातृभाषाको शिक्षा**

२७ मातृभाषिक र द्विभाषिक विद्यालयहरुमा मातृभाषालाई विषयका रुपमा पनि पठनपाठन गराउने व्यवस्था हुनु पर्नेछ।

२८ राष्ट्रभाषाको माध्यम भएका प्राथमिक विद्यालयहरुमा अन्य मातृभाषी बालबालिकाहरुका लागि विषयका रुपमा मातृभाषाको पठनपाठनको माग भए सोको व्यवस्था मिलाउनु पर्नेछ।

**मातृभाषाः वैकल्पिक वा ऐच्छिक विषयका रुपमा**

२९ निम्नमाध्यमिक विद्यालयको हाल प्रचलित पाठ्यक्रमको ढाँचा अन्तर्गत राखिएको संस्कृत विषयको वैकल्पिक विषयका रुपमा मातृभाषाको पठनपाठनको व्यवस्था तत्काल गर्नु उपयुक्त हुनेछ। भविष्यमा निम्नमाध्यमिक तहका विद्यालयहरुमा मातृभाषाका रुपमा राष्ट्रियभाषाहरुलाई १०० पूर्णाङ्कको छुट्टै विषयका रुपमा पढाउने व्यवस्था गर्नु उचित हुनेछ।

३० माध्यमिक र उच्चमाध्यमिक तहमा समेत ऐच्छिक विषयका रुपमा मातृभाषाको पठनपाठन गराउने व्यवस्था हुनपर्नेछ।

**प्राथमिक पाठ्यक्रममा मातृभाषा र राष्ट्रभाषा**

३१ मातृभाषी विद्यालयहरुमा वर्तमान पाठ्यक्रमको ढाँचाभित्रै रही इच्छाधीनका सट्टा राष्ट्रभाषा नेपालीको पठनपाठन कक्षा २ वा ३ देखि गरिनु उपयुक्त हुनेछ।

३२ राष्ट्रभाषा नेपालीका माध्यममा चल्ने विद्यालयहरुमा अन्य मातृभाषी विद्यार्थीहरुका निम्ति इच्छाधीन विषयका सट्टा १०० पूर्णाङ्कको मातृभाषा विषयका रुपमा पठनपाठन गराउनु उचित हुनेछ।

३३ लेख्य परम्परा भएका, लेख्य परम्पराप्रति उन्मुख भएका र लेख्य परम्परा नभएका सवै किसिमका भाषाहरुमा पठनपाठनको प्रारम्भ एकै चोटि गर्न कठिन हुन्छ। त्यसैले भाषाहरुको अध्ययन, पाठ्यसामग्री निर्माण र पठनपाठनको प्रारम्भ आदिका लागि निम्नलिखित तालिकामा उल्लिखित चरण तथा क्रमलाई अंगाल्नु उपयुक्त हुनेछ।

| चरण/क्रम | लेख्य परम्परा भएका भाषाहरु | लेख्य परम्परा उन्मुख भाषाहरु | लेख्य परम्परा नभएका भाषाहरु |
|---|---|---|---|
| पहिलो | पठनपाठनको प्रारम्भ | पाठयसामग्रीको तयारी | भाषाको अध्ययन |
| दोस्रो | | पठनपाठनको प्रारम्भ | पाठयसामग्रीको तयारी |
| तेस्रो | | | पठनपाठनको प्रारम्भ |

उक्त तालिका अनुसार लेख्य परम्परा भएका भाषाहरुमा पाठ्यसामग्री तयार भइसकेका स्थितिमा पहिलो चरणमै पठनपाठनको प्रारम्भ गर्न सकिनेछ भने लेख्य परम्पराप्रति उन्मुख भइरहेका भाषाहरुमा पहिलो चरणमा पाठ्यसामग्रीहरु तयार पारी दोस्रो चरणदेखि पठनपाठन कार्य सुरू गर्न सकिने हुन्छ।लेख्य परम्परा नै सुरू नभएका भाषाहरुमा चाहिं पहिलो चरणमा सम्बन्धित भाषाको अध्ययन, दोस्रो चरणमा पाठ्यसामग्री तयारी र तेस्रो चरणमा पठनपाठनको प्रारम्भ हुन सक्नेछ। यसरी भाषाहरुको पठनपाठन पाठ्यसामग्रीको उपलब्धता अनुसार कक्षा १ देखि ५ सम्म क्रमशः जारी राख्न सकिनेछ। लेख्य परम्परा नभएका भाषाहरुमा चाहिं तिनको अध्ययन गरी लेखनपद्धति, शब्दभण्डार, व्याकरण आदिको निर्धारण भएपछि मात्र पाठ्यसामग्री तयारी अग्रसर हुनु पर्ने देखिन्छ।

**पाठ्यक्रम तथा पाठ्सामग्रीको निर्माण**

३४ मातृभाषालाई विषयका रुपमा पढाइने उद्देश्यहरु निर्धारण गरी प्रत्येक मातृभाषाका लागि पाठ्यक्रमको तर्जुमा गर्ने र सोही अनुसार पाठ्यपुस्तक लेखाउने व्यवस्थाका लागि कार्य गर्नु पर्नेछ।

३५ पाठ्यपुस्तक लेखाउँदा सम्बन्धित भाषाभाषी तथा जात-जातिका सामाजिक, सांस्कृतिक विशेषताहरु स्तर अनुसार आवश्यकमात्रामा समावेश हुनु पर्नेछ।

३६ पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमविद र सम्बन्धित मातृभाषी विशेषज्ञहरुको संलग्नतामा हुनुपर्नेछ।

३७ कुनै मातृभाषामा निजी क्षेत्रबाट उत्पादित सहायक वा पूरक सामग्रीहरु भएमा तिनको समेत स्तर हेरी प्रयोग गर्न अनुमति दिइनु पर्नेछ।

३८ तत्काल पाठ्यसामग्रीहरु उपलब्ध हुन नसकेका मातृभाषाहरुमा राष्ट्रभाषा नेपालीमा लेखिएका भाषा विषय बाहेकका सामाजिक शिक्षा, वातावरण शिक्षा, स्वास्थ्य-शारीरिक शिक्षा आदि विषयहरुमका पाठ्यपुस्तकहरुलाई अनुवाद गरी काम चलाउन पनि सकिनेछ। यसो गर्दा मातृभाषीहरुको स्थानीय परिवेशअनुसार केही विषयवस्तु थपघट गर्न पनि सकिनेछ।

३९ मातृभाषाहरुमा पाठ्यपुस्तक लेखाउँदा सर्वप्रथम सम्बन्धित भाषाको आधारभूत लेखपढ (अक्षरचिनारी आदि) संग सम्बद्ध पुस्तकहरुलाघ प्राथमिकता दिनुपर्नेछ। त्यसपछि निम्नलिखित विषयहरुको प्राथमिकता क्रमअनुसार पाठ्यपुस्तक लेखाउनेतर्फ ध्यान दिनु पर्नेछः

क सामाजिक शिक्षा

ख) वातावरण शिक्षा

ग) स्वास्थ्य-शारीरिक शिक्षा

घ) गणित

ङ) विज्ञान

तर गणित र विज्ञान जस्ता विषयहरुमा समेत पाठ्यपुस्तक लेख्न कुन कुन मातृभाषामा के कति सम्भावना छ सो कुराको अध्ययन गरेर त्यसतर्फ अग्रसर हुनु उपयुक्त हुनेछ।

**द्विभाषिक शिक्षा**

४० स्थानीय तहमा नेपाली मातृभाषीहरु र अन्य मातृभाषीहरुका बीच द्विभाषी परिवेश निकै व्यापक रही मातृभाषी समुदायहरु अन्तर्मिश्रित रहेका कतिपय ग्रामीण तथा सहरी परिवेशका प्राथमिक विद्यालयहरुमा द्विभाषिक शिक्षा लागू गर्न उपयुक्त हुनेछ। यस्तो शिक्षामा शिक्षकले आवश्यकताअनुसार मातृभाषा र राष्ट्रभाषा दुबैको प्रयोग गर्नु पर्नेछ।

४१ द्विभाषिक शिषामा भाषा विषयको पाठ्यपुस्तक मातृभाषामा र अन्य विषयहरुमा चाहिँ राष्ट्रभाषामा नै भएमा पनि पठनपाठन सम्भव हुनेछ तर शिक्षकहरु भने दुवै भाषा जान्ने हुनु पर्नेछ।

४२ द्विभाषिक शिक्षामा परीक्षाको माध्यम स्थानीय चाहनाअनुसार कुनै एक वा दुवै भाषा हुन सक्नेछ।

**राष्ट्रभाषा शिक्षा**

४३ अन्य मातृभाषा माध्यम हुन नसक्ने स्थितिका प्राथमिक विद्यालयहरुमा शिक्षाको माध्यम राष्ट्रभाषा नेपाली हुनु पर्नेछ।

४४ अन्य मातृभाषी बालबालिकाहरुलाई प्रारम्भिक तहमा राष्ट्रभाषा विषयका रुपमा सिकाउँदा दोस्रो भाषा शिक्षणका रुपमा सिकाउनमा जोड दिनु पर्नेछ।

४५ राष्ट्रभाषालाई दोस्रो भाषाका रुपमा सिकाउनका लागि छुट्टै पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुको व्यवस्था गर्ने तर्फ कार्य गर्नु पर्नेछ।

४६ दोस्रो भाषाका रुपमा राष्ट्रभाषाको सिकाइः शिक्षणसम्बन्धी समस्याहरुको अध्ययन गरी पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणविधिमा सुधार गर्दै जानु आवश्यक छ।

**शिक्षकहरुको प्रवन्ध तथा प्रशिक्षण**

४७ हाल नेपाल अधिराज्यभर शिक्षक भई काम गरिरहेका विभिन्न मातृभाषी शिक्षकहरुको विवरण तयार गरी उनीहरुलाई पायक पर्ने मातृभाषी विद्यालयहरुमा खटाउनु उपयुक्त हुनेछ। साथै मातृभाषी विद्यालयहरुको आवश्यकताअनुसार थप शिक्षकको समेत प्रवन्ध मिलाउनु पर्नेछ।

४८ मातृभाषामा शिक्षाको लागि खोलिएका प्रत्येक प्राथमिक विद्यालयमा मातृभाषी शिक्षकको व्यवस्था गर्नु पर्नेछ।

४९ मातृभाषामा द्‌विभाषिक कक्षामा र दोस्रो भाषाका रुपमा राष्ट्रभाषामा शिक्षण गर्ने शिक्षकहरुलाई प्रशिक्षणको समुचित प्रबन्ध मिलाउनु पर्नेछ।

**अनौपचारिक शिक्षा**

५० देशमा साक्षरताको द्रुततर विस्तार गर्ने अभियान चलाउन अनौपचारिक शिक्षाका कार्यक्रमहरु विभिन्न मातृभाषाहरुमा तत्काल सुरु गर्न आवश्यक कदम चाल्नु पर्नेछ।

५१ उक्त कार्यक्रमहरुका लागि विभिन्न मातृभाषाहरुमा आवश्यकताअनुसार पाठ्यसामग्रीहरुको विकास गर्नु पर्नेछ।

५२ अनौपचारिक शिक्षा कार्यक्रमहरुलाई मातृभाषाहरुमा प्रभावकारी रुपमा सञ्चालन गर्न सम्बन्धित मातृभाषी शिक्षक वा सहयोगी कार्यकर्ताहरुलाई प्रशिक्षण दिने व्यवस्था मिलाउनु पर्नेछ।

# खण्ड घः विविध

**भाषाविज्ञान विभाग**

५३ भाषाको अध्ययनःअध्यापन तथा पाठ्यसामग्रीनिर्माणका लागि चाहिने आवश्यक जनशक्ति तयार गर्न विश्वविद्यालय अन्तर्गत भाषाविज्ञान विभागको व्यवस्थापन अति आवश्यक देखिन्छ।

**नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा भाषा निकाय**

५४ नेपालका राष्ट्रिय भाषाहरुको प्राज्ञिक उन्नयन तथा संरक्षणका लागि वर्तमान नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा अरु विषयसँग सम्मिलित नगरी छुट्टै भाषानिकाय खोली त्यसमार्फत नेपालका राष्ट्रिय भाषाहरुमा विशेष ध्यान दिई काम गरिनु बाञ्छनीय देखिन्छ।

**राष्ट्रिय भाषाका प्राज्ञिक संस्था**

५५ हाल खुलेका र भविष्यमा खुल्ने राष्ट्रिय भाषाका प्राज्ञिक संस्थाहरुलाई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले मान्यता प्रदान गरी समन्वय स्थापित गर्नु उचित हुनेछ र मान्यता प्राप्त त्यस्ता प्राज्ञिक संस्थाहरुलाई आर्थिक सहयोग गर्नु उचित हुनेछ।

**पाठ्यक्रम विकास केन्द्र**

५६ राष्ट्रिय भाषाहरुको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण तथा विकास गर्नका लागि सुझाइएका सुझाउहरुको कार्यान्वयन गर्न शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र अन्तर्गत छुट्टै शाखा खोल्नु पर्नेछ।

५७ राष्ट्रिय एकता र सद्भावनाको अभिवृद्धिको लागि विद्यालय तहदेखि नै स्तरअनुसार उपयुक्त हेरी नेपालका सबै जातजातिका सामाजिक, सांस्कृतिक विविधताको प्रतिबिम्ब झल्कने गरी पाठ्यपुस्तक निर्माण गरिनु उचित हुनेछ।

**जनगणनामा भाषाविशेषज्ञ**

५८ राष्ट्रिय जनगणना सम्पन्न गर्दा भाषासम्बन्धी निक्यौंल गर्न भाषावैज्ञानिकहरुलाई विशेषज्ञको रुपमा संलग्न गराइनु उचित हुनेछ।

# सन्दर्भसूची

जनगणना प्रतिवेदन .२००९ देखि २०४८ सम्म॰ श्री ५ को सरकार ॰ तथ्याङ्क विभाग॰ काठमाडौँ ।

नेपाल अधिराज्यको संविधान .२०१५॰१८ र २०४७० श्री ५ को सरकार।

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९.खण्ड१ कक्षा १ दे्खि ५ सम्म० श्री ५ को सरकार॰ शिक्षा तथा संस्कृति मन्त्रालय॰ प्रा·पा पा वि एकाइ॰ सानोठिमी॰ भक्तपुर।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९॰ राष्ट्रिय शिक्षा आयोग॰ केसर महल॰ काठमाडौं।

Eastman, C.M. Language Planning: An Introduction, San Francisco; Chandler and Sharp Publishers, Inc., 1983.

Fasold, R. W. Sociolinguistics Today. Hong Kong, 1992.

Ferguson, C.A. "Language Development", in Fishman et al (eds.), 1968.

Fishman, J.A. "The Sociology of Language" in Sebeok (ed). vol. 12.1974.

Fishman, J.A., C.A. Ferguson and J. Das Gupta (eds). Language problems of Developing Nations, John Wiley &erguson, C.A. "Language Development", in Fishman et al (eds.), 1968.

HanBon, G. The Rai of Eastern Nepal and Linguistic Grouping

Kirtipur, Kathmandu, Linguistic Survey of Nepal & CNAS, 1991.

Haugen, E. Language conflict and Language Planning: The case of Modern Norwegian, Cambridge, Mass: Harvard University Press.

Malla, K.P "Language and Society in Nepal" in Malla (ed) Nepal: Perspectives on continuity and change, Kathmandu: CNAS, 1989.

Nishi, Y. "A Survey of the present state of our knowledge about the Himalayan". (Ms.), 1992.

Neutuspny, "Basic Types of Treatment of Language Problems". Linguistic Communications, 1, 1970 PP.77-98.

## परिशिष्टः एक

## राष्ट्रिय भाषाहरुको तुलनात्मक तालिका

| क्र.सं | भाषापरिवारभाषा | २००९।११ | २०१८ | २०२८ | २०३८ | २०४८ |
|---|---|---|---|---|---|---|
| क | भारोपेली | | | | | |
| १ | नेपाली | ४०१३५६७ | ४७९६५२८ | ६०६०७५८ | ८७६७३६१ | ९३०२८८० |
| २ | मैथिली | १०२४७८० | ११३०४०२ | १३२७२४२ | १६६८३०९ | २१९१९०० |
| ३ | भोजपुरी | ४७७२८१ | ५७७३५७ | ८०६४८० | ११४२८०५ | १३७९७१७ |
| ४ | थारु | ३५९५९४ | ४०६९०७ | ४९५८८१ | ५४५६८५ | ९९३३८८ |
| ५ | अवधी | ३२८४०८ | ४७७०९० | ३१६९५० | २३४३४३ | ३७४६३८ |
| ६ | उर्दू | ३२५४५ | २६५० | | | २०२२०८ |
| ७ | हिन्दी | ८०१८१ | २८६७ | | | १७०९९७ |
| ८ | राजवंशी | ३५५४३ | ५५८०३ | ५५१२४ | ५९३८३ | ८५५५८ |
| ९ | बङ्गाली | | ९९१५ | | | २७७१२ |
| १० | दनुवार | ९१३८ | ११६२४ | ९९५९ | १३५२२ | २३७२१ |
| ११ | मारवाडी | | ६१७६ | | | १६५१४ |
| १२ | माझी | ५७२९ | ५८९५ | | | ११३२२ |
| १३ | दरै | ३०८४ | १६४५ | | | ६५२० |
| १४ | कुमाल | ३५१० | १७२४ | | | १४१३ |
| १५ | अङ्ग्रेजी | | | | | २७९४ |
| ख | भोट।बर्मेली | | | | | |
| १ | तामाङ | ४९४७४५ | ५२८८१२ | ५५५०५६ | ५२२४१६ | ९०४४५६ |
| २ | नेवारी | ३८३१८४ | ३७७७२१ | ४५४९९७० | ४४८७४६ | ६९०००७ |
| ३ | राई समूह | २३६०४९ | २३९७४५ | २३२२६४ | २२१३५३ | ४३९३१२ |
| ४ | मगर | २७३७८० | २५४६७५ | २८८३८३ | २१२६८१ | ४३०२६४ |
| ५ | लिम्बू | १४५५११ | १३८७०५ | १७०७८७ | १२९२३४ | २५४०८८ |
| ६ | गुरुङ | १६२१९२ | १५७७७८ | १७१६०९ | १७४४६४ | २२७९१८ |
| ७ | सेर्पा | ७०१३२ | ८४२२९ | ७९२१८ | ७३५८९ | १२१८३९ |
| ८ | चेपाङ | १४२६२ | ९२४७ | | | २५०९७ |
| ९ | धिमाल | ५६७१ | ८१८८ | | | १५०१४ |
| १० | थामी | १०२४० | ९०४६ | | | १४४०० |
| ११ | थकाली | ३३०७ | ६४३२ | | ५२८९ | ७११३ |
| १२ | जिरेल | २७२१ | २७५७ | | | ४२२९ |
| १३ | राजी | १५१४ | ८०१ | | | २९५९ |
| १४ | व्यासी | १७८६ | | | | १३१४ |
| १५ | सुनुवार | १७२९९ | १३३६२ | २०३८० | १०६५० | |
| १६ | लाप्चे | | १२७२ | | | |
| १७ | मेचे | ५२३ | ९३८ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | पहरी | ८६४ | ३००२ | | | |
| १९ | हायु | २३३ | | | | |
| ग | आग्नेय | | | | | |
| १ | सतारसन्थाल | १६७५१ | २९४८५ | २३८५३ | २८२०७ | ३३३३२ |
| घ | द्रविड | | | | | |
| १ | झाँगडधाँगड | ४८३२ | ९१४० | | | १५१७५ |
| | अन्य | ७०३४० | ११४३०२ | ४८७०६० | ७६४८०२ | ५०४१७१ |
| | उल्लेख नभएको | ७५२ | ६४३२ | | | ९१५७ |
| | कूल | ८२३५०७९ | ९४१२९९६ | ११५५५९८६ | १५०२२८३९ | १८४९१०९७ |

स्रोतः जनगणना .२००९ꠏ११  देखि २०४८ सम्म।

परिशिष्ठ दुई

राष्ट्रिय भाषाहरुको जिल्लागत वितरण

| क्षेत्र/जिल्ला | कूल जनसंख्या | पहिलो स्थान | दोस्रो स्थान | अन्य उल्लेख्य भाषा.१००० वक्तासम्म◦ |
|---|---|---|---|---|
| क | हिमाली क्षेत्र | | | |
| १ ताप्लेजुङ | १२००५३ | नेपाली.६००९६◦ | लिम्बू.४०७०६◦ | सेर्पा.१०६९६◦ʳ तामाङ.३६३८◦ʳ राई.२४२६◦ |
| २ संखुवासभा | १४१९०३ | नेपाली.७७७०१◦ | राई.२४९२६◦ | सेर्पा.१०८०३◦ʳ तामाङ.१०४०९◦ʳ लिम्बू.५८४०◦ʳ मगर.३१५२◦ʳ नेवारी.२१३४◦ |
| ३ सोलुखुम्बु | ९७२०० | नेपाली३९०२७ | राई.२४९२६◦ | सेर्पा (१०८०३), तामाङ(७६५८) |
| ४ दोलखा | १७३२३६ | नेपाली.११९७४६◦ | तामाङ .२५७३६◦ | थामी.९४२०◦ʳसेर्पा.८०४०◦ʳ जिरेल.३९२८◦ʳ नेवारी.२९०३◦ʳ |
| ५ सिन्धुपाल्चोक | २६१०२५ | नेपाली.१३७२६८◦ | तामाङ .८१७६१◦ | नेवारी.२१११९०◦ʳ सेर्पा.१२३२१◦ʳ दनुवार.२०७७◦ʳ थामी.१८२०◦ʳ राई.११८९◦ |
| ६ रसुवा | ३६७४४ | तामाङ.२४४०४◦ | नेपाली .१०९३२◦ | ᵟ |
| ७ मनाङ | ५३६३ | गुरुङ.२५७१◦ | नेपाली .१५७५◦ | ᵟ |
| ८ मुस्ताङ | १४२९२ | सेर्पा.५४५०◦ | नेपाली .४६३९◦ | थकाली.२२२९◦ʳ गुरुङ.१४८९◦ʳ |
| ९ डोल्पा | २५०१३ | नेपाली.१६२६२◦ | सेर्पा .६३९३◦ | स्था भा .२०७३◦ |
| १० मुगु | ३६३९४ | नेपाली.३२२८६◦ | सेर्पा .३९१९◦ | ᵟ |
| ११ हुम्ला | ३४३८३ | नेपाली.२८३५१◦ | सेर्पा .२७०४◦ | गुरुङ.१४९३◦ʳतामाङ.१३९८◦ |
| १२ दार्चुला | १०१६८३ | नेपाली.९७९१९◦ | स्था·भा·.२०७३◦ | ᵟ |
| ख◦ | पहाडी क्षेत्र | | | |
| १ पाँचथर | १७५२०६ | नेपाली.७०९९६◦ | लिम्बू .६३६४८◦ | राई.२२४४४◦ʳ तामाङ.१०३१५◦ʳ |

| | | | | |
|---|---|---|---|---|
| | | | | मगर.४६७७॰ |
| २ इलाम | २२९२१४ | नेपाली.१३३७८४॰ | राई .३७८७६॰ | लिम्बू.२५९०३॰ʳ तामाङ.९९५५॰ʳ मगर.८३४६॰ʳ सेर्पा.२८२०॰ʳ गुरुङ.१९०३॰ʳ नेवारी.१५९५॰ʳ |
| ३ तेह्रथुम | १०२८७० | नेपाली.५९८६८॰ | लिम्बू .३१८७४॰ | तामाङ.४७६१॰ʳ राई.१८४६॰ʳ मगर.१७९३॰ |
| ४भोजपुर | १९८७८४ | नेपाली.१२४०२२॰ | राई .५१४७१॰ | तामाङ.९११९॰ʳ मगर.४३६१॰ʳ नेवारी.४३६१॰ʳ सेर्पा.२२३६॰ |
| ५ धनकुटा | १४६३८६ | नेपाली.७००७६॰ | राई .२७७९३॰ | लिम्बू.१८९६९॰ʳ मगर.११९३२॰ʳ तामाङ.७३८९॰ʳ नेवारी.३०५२॰ |
| ६ ओखलढुङ्गा | १३९४५७ | नेपाली.८९३४९॰ | राई .१५८०७॰ | तामाङ.११४९७॰ʳ मगर.१०२६२॰ʳ सेर्पा.६६५८॰ʳ नेवारी.१०४३॰ |
| ७ खोटाङ | २१५९६५ | नेपाली.१३४५३९॰ | राई .५७५७३॰ | मगर.२५६८१॰ʳ तामाङ.५६७१॰ʳ नेवारी.३०३७॰ʳ सेर्पा.११९८॰ |
| ८ उदयपुर | २२१२५६ | नेपाली.१२५३८३॰ | राई .२८२३८॰ | मगर.२५६८१॰ʳ थारु.१९५१२॰ʳ तामाङ.१२६३१॰ʳ मैथिली.४०७२॰ʳ नेवारी.१७०६॰ʳदनुवार.१४३७॰ |
| ९ सिन्धुली | २२३९०० | नेपाली.१२३०१३॰ | तामाङ.५०६०७॰ | मगर.२०९४५॰ʳ दनुवार.१०२९४॰ʳ नेवारी.६३०८॰ʳ राई.३८७२॰ʳ सेर्पा.२२८०॰ʳ मैथिली.२०१५॰ʳ माझी.१६२८॰ |
| १० रामेछाप | १८८०६४ | नेपाली.११०४१४॰ | तामाङ .३७३७०॰ | नेवारी.१३८२२॰ʳ मगर.८७८०॰ʳ सेर्पा.४०७०॰ʳ माझी.३६५२॰ʳ थामी.११८०॰ |

| | | | | |
|---|---|---|---|---|
| ११ काभ्रे | ३२४३२९ | नेपाली.१७१९५९॰ | तामाङ .१०४३३७॰ | नेवारी.३९७५६॰, दनुवार.३५९९॰, मगर.२३०३॰, |
| १२ ललितपुर | २५७०८६ | नेवारी.११०८००॰ | नेपाली .१०९१९६॰ | तामाङ.२५६२६॰, राई.१५१२॰, मगर.१३७५॰, गुरुङ.१२२८॰, सेर्पा.१२२२॰ |
| १३ भक्तपुर | १७२९५२ | नेवारी.१०५२६३॰ | नेपाली .५९३७८॰ | तामाङ.६६२८॰ |
| १४ काठमाडौँ | ६७५३४१ | नेपाली.३४९१५८॰ | नेवारी.२३३५४१॰ | तामाङ.४३२४६॰, गुरुङ.७९९४॰, हिन्दी.७४६६॰, सेर्पा.६०६३॰, राई.४४९९॰, मैथिली.४०७४॰, मगर.३७८८॰, उर्दू.२६९४॰, भोजपुरी.१७६५॰, लिम्बू.१०१२॰, मारवाडी.१३४२॰ |
| १५ नुवाकोट | २४५२६० | नेपाली.१४५१९६॰ | तामाङ .८५४५७॰ | नेवारी.८८६०॰, गुरुङ.१७७१॰, सेर्पा.११६४॰ |
| १६ धादिङ | २७८०६८ | नेपाली.२०५३४४॰ | तामाङ .५५८०५॰ | मगर.४२७४॰, चेपाङ.३४४१॰, गुरुङ.३२९७॰, नेवारी.२२८०॰, राई.१४३६॰ |
| १७ मकवानपुर | ३१४५९९ | तामाङ.१३९३९८॰ | नेपाली .१३१२२६॰ | नेवारी.१९२४१॰, चेपाङ.१०५९४॰, राई.२९१४॰, मगर.३१४८॰, मैथिली.१४८४॰, भोजपुरी.१२३८॰, हिन्दी.११८७॰ |
| १८ गोरखा | २५२५२४ | नेपाली.१९६९०८॰ | गुरुङ.३१२१३॰ | मगर.७१८८॰, सेर्पा.४६२६॰, तामाङ.४२०१॰, राई.२९०९॰, नेवारी.१७३४॰ |
| १९ लमजुङ | १५३६९७ | नेपाली.९६५०७॰ | गुरुङ .४५०६०॰ | तामाङ.७४८९॰, नेवारी.२३६७॰ |
| २० तनहुँ | २६८०७३ | नेपाली.१६८९४३॰ | मगर.४६५१४॰ | गुरुङ.२५८७२॰, |

| | | | | |
|---|---|---|---|---|
| | | | | नेवारी.१३७७८%, राई.४७०७%, दरै.२२४६%, उर्दू.१२९८%, तामाङ.११६४% |
| २१ स्याङ्जा | २९३५२६ | नेपाली.२१९४६२% | मगर.३६४५८% | गुरुङ.२६१०१%, नेवारी.५२६५%, राई.४४७४% |
| २२ कास्की | २९२९४५ | नेपाली.२३४१४८% | गुरुङ .३६९५८% | नेवारी.८९६५%, राई.२८०७%, तामाङ.२६०२%, मगर.१७६४%, हिन्दी.१०७९% |
| २३ म्याग्दी | १००५५२ | नेपाली.९५९०९% | स्था·भा.२२५६% | राई.१४०४% |
| २४ पर्वत | १४३५४७ | नेपाली.१३१३५३% | गुरुङ .७५१९% | मगर.१७३९%, नेवारी.१३२५%, राई.१२४०%, |
| २५ बाग्लुङ | २३२४८६ | नेपाली.२२६९३३% | राई.२२८०% | नेवारी.१७७१% |
| २६ गुल्मी | २६६३३१ | नेपाली.२५९०६०% | नेवारी.२९६३% | राई.२१७१% |
| २७ पाल्पा | २३६३१३ | नेपाली.१६१११५५% | मगर.६४२३४% | राई.२३२८% |
| २८ अर्घाखाँची | १८०८८४ | नेपाली.१७७०९४% | राई.२३१६% | – |
| २९ प्यूठान | १७५४६९ | नेपाली.१६९१९९% | मगर .१७९९% | राई.१६३५%, नेवारी.१४८०% |
| ३० रोल्पा | १७९६२१ | नेपाली.१५२७५९% | मगर .१५१९०% | स्था·भा·.१०३८७% |
| ३१ रुकुम | १५५५५४ | नेपाली.१४२५६०% | स्था भा.७६८८% | मगर.३६९१%, राई .१३५३% |
| ३२ सल्यान | १८१७८५ | नेपाली.१८०१४५% | राई.१३६३% | – |
| ३३ सुर्खेत | २२५७६८ | नेपाली.२११४१६% | मगर .५२९९% | थारु.४४९८%, स्थाभा.१७११%, राई.११५१%, |
| ३४ दैलेख | १८७४०० | नेपाली.१८५५०१% | | – |
| ३५ जाजरकोट | ११३९५८ | नेपाली.११२५५०% | | – |
| ३६ जुम्ला | ७५९६४ | नेपाली.७५३२०% | | – |
| ३७ कालिकोट | ८८८०५ | नेपाली.८८१२२% | | – |
| ३८ बाजुरा | ९२०१० | नेपाली.९०६८०% | | – |
| ३९ बझाङ | १३९०९२ | नेपाली.१३५८९६% | स्था भा.२७७३% | – |
| ४० अछाम | १९८१८८ | नेपाली.१९७३६२% | | – |
| ४१ डोटी | १६७१६८ | नेपाली.८७८२९% | स्था भा.७५६२६% | मगर.१७९३% |
| ४२ डडेलधुरा | १०४६४९ | नेपाली.१०३८२०% | | – |
| ४३ बैतडी | २००७१६ | स्था·भा·.१८६८६३% | नेपाली.११३१०% | – |

| | | | | |
|---|---|---|---|---|
| ग तराई क्षेत्र | | | | |
| १ झापा | ५९३७३७ | नेपाली.३४६२९२⊙ | राजवंशी.६६२२४⊙ | लिम्बू.३०३६७⊙,<br>सतार.२१५३२⊙,<br>राई.२१२५४⊙,<br>मैथिली.१४८१४⊙,<br>हिन्दी.११०६१⊙,<br>तामाङ.१०८१९⊙, उर्दू.७३१३⊙,<br>धिमाल.६४६५⊙,<br>मगर.६०५८⊙, नेवारी.५१३२⊙,<br>थारु.४८०१⊙,<br>बङ्गाली.४६१३⊙,<br>भोजपुरी.१७४४⊙,<br>मारवाडी.१५८७⊙, |
| २ मोरङ | ६७४८२३ | नेपाली.२६३५०६⊙ | मैथिली.१४३२००⊙ | थारु.५२४६०⊙, राई.२८१७७⊙,<br>लिम्बू.२४४००⊙,<br>उर्दू.१८४८०⊙,<br>हिन्दी.१८३४३⊙,<br>राजवंशी.१८२४३⊙,<br>मगर.१३५८४⊙,<br>तामाङ.१२०२४⊙,<br>सतार.९९७८⊙, नेवारी.८८५४⊙,<br>धिमाल.८१४७⊙,<br>मारवाडी.५३०३⊙,<br>भोजपुरी.४६२८⊙,<br>झाँगड.२८१८⊙, गुरुङ.१७६३⊙, |
| ३ सुनसरी | ४६३४८१ | मैथिली .१४०२९०⊙ | नेपाली.१३६८९४⊙ | थारु.७३२७४⊙, उर्दू.२२७२७⊙,<br>राई.२०१३५⊙,<br>झाँगड.११७८९⊙,<br>हिन्दी.८४०५⊙,<br>लिम्बू.८२४७⊙,<br>नेवारी.६७३१⊙,<br>तामाङ.५९६७⊙, |

| | | | | |
|---|---|---|---|---|
| | | | | वङ्गाली.४७३४॰r भोजपुरी.३८४४॰r मारवाडी.१८०७॰r गुरुङ.१२६९॰ |
| ४ सप्तरी | ४६५६६८ | मैथिली.३३८२३७॰ | थारु.८०५२६॰ | नेपाली.२८८३१॰r उर्दू.९७४१॰r हिन्दी.१५७२॰r मगर.१५३१॰r बङ्गाली.१०१९॰ |
| ५ सिराहा | ४६०७४६ | मैथिली .३९४६४४॰ | थारु.११५२३५॰ | नेपाली.२४२३९॰r उर्दू.१३६८०॰r तामाङ.४४०६॰r हिन्दी.३९४१॰r मगर.२७६७॰ |
| ६ धनुषा | ५४३६७२ | मैथिली .४७३४१६॰ | नेपाली.३७८५५॰ | उर्दू.१२५४२॰r तामाङ.५४०४॰r मगर.४५७३॰r हिन्दी.२६३९॰r नेवारी.१८८९॰r दनुवार.१०२३॰r |
| ७ महोत्तरी | ४४०१४६ | मैथिली .३५९९४७॰ | नेपाली.२९०८७॰ | उर्दू.२२५४८॰r मगर.९५३६॰r हिन्दी.६५२६॰r तामाङ.४६९६॰r थारु.४५९८॰ |
| ८ सर्लाही | ४९२७९८ | मैथिली .२८१५५४॰ | नेपाली.७३४४३॰ | भोजपुरी.५००६४॰r तामाङ.२४१२८॰r हिन्दी.२२८९६॰r उर्दू.१३१७५॰r थारु.११३७१॰r मगर.७७३९॰r नेवारी.३०३१॰r दनुवार.११६२॰r |
| ९ रौतहट | ४१४००५ | भोजपुरी.२८८१४४॰ | उर्दू.४६९६९॰ | थारु.१४७५९॰r मैथिली.१३३७७॰r हिन्दी.६०३४॰r तामाङ.४०१५॰r राई.१३८२॰r मगर.१२०८॰r सेर्पा.११६४॰ |
| १० बारा | ४१५७१८ | भोजपुरी.३१६२६१॰ | नेपाली.५५०२६॰ | थारु.१९७७९॰r तामाङ.११८५१॰r उर्दू.३७६९॰r नेवारी.२०३८॰r राई.११८९॰r मैथिली.११६६॰ |

| | | | | |
|---|---|---|---|---|
| ११ पर्सा | ३७२५२४ | भोजपुरी.३०३५५७॰ | नेपाली.३९२१५॰ | तामाङ.५८१७॰ʳ उर्दू.५०७०॰ʳ नेवारी.४४१७॰ʳ मैथिली.३०२६॰ʳ मारवाडी.२९२४॰ʳ हिन्दी.२०००॰ʳ राई.१२२१॰ʳ थारु.१२०३॰ʳ |
| १२ चितवन | ३५४४८८ | नेपाली.२४४५२१॰ | थारु.४४६४०॰ | तामाङ.१४६७०॰ʳ चेपाङ.९६९४॰ʳ नेवारी.९५८६॰ʳ गुरुङ.८४०९॰ʳ राई.५४३२॰ʳ मगर.४३३७॰ʳ दरै.३७३८॰ʳ हिन्दी.२७४०॰ʳ भोजपुरी.१८५९॰ |
| १३ नवलपरासी | ४३६२१७ | नेपाली.२०६४६०॰ | भोजपुरी.१३३९५०॰ | मगर.४४९६३॰ʳ थारु.३१५९८॰ʳ गुरुङ.५१९७॰ʳ नेवारी.४५०७॰ʳ हिन्दी.२६३६॰ʳ राई.२५३४॰ʳ तामाङ.२५३१॰ |
| १४ रुपन्देही | ५२२१५० | भोजपुरी.२६४२७२॰ | नेपाली.१९२४३९॰ | थारु.२००५६॰ʳ हिन्दी.८२५९॰ʳ मगर.७६२९॰ʳ नेवारी.६६९०॰ʳ उर्दू.५३०४॰ʳ गुरुङ.४८९०॰ʳ अवधी.४३३०॰ʳ राई.२६७८॰ʳ मैथिली.२०८५॰ |
| १५ कपिलवस्तु | ३७१७७८ | अवधी.२४८८८१॰ | नेपाली.७५५९४॰ | थारु.३७५७१॰ʳ हिन्दी.२२४४॰ʳ राई.१५३९॰ʳ नेवारी.११४८॰ʳ मगर.१०६२॰ʳ उर्दू.१०५९॰ʳ |
| १६ दाङ | ३५४४१३ | नेपाली.२३३७०७॰ | थारु.१०५०१८॰ | अवधी.५३७८॰ʳ हिन्दी.४१९४॰ʳ मगर.१९९३॰ʳ राई.१४४१॰ |
| १७ बाँके | २८५६०४ | अवधी.९७५१०॰ | नेपाली.९६९३३॰ | थारु.४४१९७॰ʳ हिन्दी.३५७६४॰ʳ उर्दू.४४०७॰ʳ मगर.१७३३॰ |
| १८ बर्दिया | २९०३१३ | थारु.१४९८६५॰ | नेपाली.१०६७११॰ | अबधी.१५६१५॰ʳ |

| | | | | |
|---|---|---|---|---|
| | | | | हिन्दी.१०५६४॰, उर्दू.१७४७॰ |
| १९ कैलाली | ४१७८९१ | थारु.१९८४९७॰ | नेपाली.१४६९६७॰ | स्था भा.५७५६३॰, हिन्दी.५४५६॰, मगर.२२६८॰, मैथिली.१८९१॰, |
| २० कञ्चनपुर | २५७९०६ | नेपाली.१८४७९३॰ | थारु.५९७९५॰ | स्था भा.५५५८॰, तामाङ.४१०१॰, हिन्दी.१४७७॰ |

स्रोत स्टाटिकल इयरबुक अफ नेपाल

स्था·भा= स्थानीय भाषा

* शङ्कास्पद

परिशिष्टः तीन

जातःजातिको जिल्लागत विवरण

| क्र.सं | जिल्ला | पहिलो स्थान | दोस्रो स्थान | तेस्रो स्थान |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | लिम्बू ४९०३७ | बाहुन १३९०७ | क्षेत्री १३६५५ |
| २ | पाँचथर | लम्बू ६९०३८ | बाहुन २५०२९ | राई २४०२० |
| ३ | इलाम | राई ५६३२६ | बाहुन ३६५९९ | लिम्बू ३०९६२ |
| ४ | धनकुटा | राई ३४३३६ | क्षेत्री २९५५१ | लिम्बू २१०२६ |
| ५ | तेह्रथुम | लिम्बू ३५६५६ | क्षेत्री २०१०१ | बाहुन १८६८० |
| ६ | सङ्खुवासभा | राई ३३६०० | क्षेत्री २७८०५ | तामाङ ११९७१ |
| ७ | भोजपुर | राई ६५८७४ | क्षेत्री ४१६३८ | बाहुन १८९४१ |
| ८ | सोलुखुम्बु | राई २९६१८ | सेर्पा २०२४१ | क्षेत्री १५२५१ |
| ९ | ओखलढुङ्गा | क्षेत्री ३४७४५ | बाहुन १९०५० | राई १६६७९ |
| १० | खोटाङ | राई ८३७२५ | क्षेत्री ४८१६८ | बाहुन २१७७० |
| ११ | उदयपुर | क्षेत्री ४६४९४ | राई ३७८०४ | मगर ३१८५२ |
| १२ | झापा | बाहुन १४९९८६ | क्षेत्री ९१४२७ | राजवंशी ५२७५३ |
| १३ | मोरङ | बाहुन ९३८१७ | क्षेत्री ७५८३४ | थारु ६०३९१ |
| १४ | सुनसरी | थारु ५७०२९ | मुसलमान ४५७३० | बाहुन ३९२१५ |
| १५ | सप्तरी | यादव ७८७४६ | थारु ६१६४० | तेली ३५५१५ |
| १६ | सिराहा | यादव १२०७०७ | मुसलमान ३२१०९ | मुसहर २६१७० |
| १७ | दोलखा | क्षेत्री ५९२०९ | तामाङ २७०३६ | बाहुन १९८०५ |
| १८ | रामेछाप | क्षेत्री ४९८४१ | तामाङ ३८८४६ | नेवार २६०४८ |
| १९ | सिन्धुली | तामाङ ५२४१४ | क्षेत्री ३२६०० | मगर ३१६१२ |
| २० | धनुषा | यादव ११३४४३ | मुसलमान ४१२२९ | केवट ३५१७० |
| २१ | महोत्तरी | यादव ७४७८३ | मुसलमान ५३८४५ | बाहुन.त. ३३७५९ |
| २२ | सर्लाही | यादव ७९४०८ | कुसवाहा ३५९७१ | मुसलमान ३२७२४ |
| २३ | काभ्रेपलाञ्चोक | तामाङ १०६५३७ | बाहुन ७६३५४ | नेवार ४६६११ |
| २४ | भक्तपुर | नेवार १०८६५३ | क्षेत्री ३१६०४ | बाहसन १५२६१ |
| २५ | ललितपुर | नेवार ११८४३९ | क्षेत्री ५००५७ | तामाङ २८८३६ |
| २६ | सिन्धुपाल्चोक | तामाङ ८५९७२ | बाहुन ४९०७७ | बाहुन ३०९७४ |
| २७ | काठमाडौं | नेवार २५८२८० | बाहुन १३०७६० | क्षेत्री ३३८६२ |
| २८ | नुवाकोट | तामाङ ९३०४७ | बाहुन ५३२५२ | क्षेत्री ३३८६२ |
| २९ | रसुवा | तामाङ २३९०९ | बाहुन ६१६९ | गुरुङ २०६० |

| | | | | |
|---|---|---|---|---|
| ३० | धादिङ | तामाङ ५९८२२ | बाहुन ५१९१० | क्षेत्री ४१५३८ |
| ३१ | मकवानपुर | तामाङ १४४५७५ | बाहुन ४५२३२ | क्षेत्री ३३४५२ |
| ३२ | चितवन | बाहुन १०४६९६ | थारु ४५३९२ | क्षेत्री ३७१०८ |
| ३३ | पर्सा | मुसलमान ४५६५३ | थारु ३२७०१ | कुर्मी ३१८६२ |
| ३४ | बारा | थारु ४९३८९ | मुसलमान ४८६४२ | यादव ४५२८३ |
| ३५ | रौतहट | मुसलमान ७१३७६ | यादव ५५१५९ | तेली २४५५२ |
| ३६ | गोरखा | गुरुङ ५३८७२ | बाहुन ५०५८५ | क्षेत्री ३०२२८ |
| ३७ | लमजुङ्ग | गुरुङ ५१५९० | बाहुन २४८८९ | क्षेत्री २४८३२ |
| ३८ | तनहुँ | मगर ६९८१४ | बाहुन ३८१२० | गुरुङ ३४७२८ |
| ३९ | स्याङ्जा | बाहुन ९८३५० | मगर ५९६७५ | क्षेत्री ३४४७५ |
| ४० | कास्की | बाहुन ९०७५९ | गुरुङ ५५७४४ | क्षेत्री ४३१८४ |
| ४१ | मनाङ | गुरुङ ३४९४ | सेर्पा ६८९ | |
| ४२ | मुस्ताङ | गुरुङ ७०२० | थकाली २८१० | मगर ६५७ |
| ४३ | म्याग्दी | मगर ४३७६८ | क्षेत्री १७००० | कामी ५१२० |
| ४४ | पर्वत | बाहुन ५५८७५ | क्षेत्री २३२५५ | मगर १५३१७ |
| ४५ | बाग्लुङ | मगर ६४६०५ | बाहुन ५४६६० | क्षेत्री ३४०३५ |
| ४६ | गुल्मी | बाहुन ८०९६६ | क्षेत्री ५९५९५ | मगर ५२८०९ |
| ४७ | पाल्पा | मगर ११६६९४ | बाहुन ४७९११ | क्षेत्री २०१५० |
| ४८ | नवलपरासी | थारु ७३४९४ | मगर ७२४६३ | बाहुन ६०९०४ |
| ४९ | रुपन्देही | बाहुन ६४७५८ | थारु ५५८०३ | मुसलमान ४२८२८ |
| ५० | कपिलवस्तु | मुसलमान ६२५०३ | थारु ४३७०९ | यादव ३६५५४ |
| ५१ | अर्घाखाँची | बाहुन ७०३७३ | क्षेत्री ३२३८४ | मगर २८९६३ |
| ५२ | प्यूठान | मगर ५२१०५ | क्षेत्री ४६९५२ | बहसन २२२७१ |
| ५३ | रोल्पा | मगर ७९८४६ | क्षेत्री ५७९२४ | कामी २१८८९ |
| ५४ | रुकुम | क्षेत्री ६१६५८ | मगर ३९५८४ | कामी २३११६ |
| ५५ | सल्यान | क्षेत्री ९४९९५ | मगर २६२२४ | कामी २०६१९ |
| ५६ | दाङ | थारु १११६७४ | मगर ३९०५८ | बाहुन ३८२४४ |
| ५७ | बाँके | मुसलमान ४५७८४ | थारु ४५५६४ | क्षेत्री ३११८४ |
| ५८ | बर्दिया | थारु १५३३२२ | क्षेत्री २८२६४ | बाहुन २७४१४ |
| ५९ | सुर्खेत | क्षेत्री ६५३२७ | मगर ४६०६८ | कामी ४२१६६ |
| ६० | दैलेख | क्षेत्री ६५७५१ | कामी ३२०४४ | बाहुन २३४६० |
| ६१ | जाजरकोट | क्षेत्री ४२६७४ | कामी २४९७४ | ठकुरी १८९७७ |

| | | | | |
|---|---|---|---|---|
| ६२ | डोल्पा | ठकुरी ११५२५ | क्षेत्री ११२४३ | गुरुङ ४८९८ |
| ६३ | जुम्ला | क्षेत्री ४५२६७ | बाहुन ९४१० | कामी ५४८६ |
| ६४ | मुगु | क्षेत्री १७२४८ | ठकुरी ५७९२ | कामी ४०९० |
| ६५ | कालिकोट | क्षेत्री २५२२८ | ठकुरी २१९०२ | बाहुन १७४६१ |
| ६६ | बझाङ | क्षेत्री ७१४६१ | बाहुन १२४०२ | कामी ९२९६ |
| ६७ | हुम्ला | क्षेत्री १४७०४ | सन्यासी ६४५३ | सेर्पा २९०४ |
| ६८ | बाजुरा | क्षेत्री ५१०९७ | कामी ११८१० | बाहुन ६९०६ |
| ६९ | अछाम | क्षेत्री १०२०९० | कामी ३८००२ | बाहुन २२६८३ |
| ७० | डोटी | क्षेत्री ८६७६७ | कामी १८९२८ | बाहुन १८०६२ |
| ७१ | डडेलधुरा | क्षेत्री ५२१२५ | बाहुन १९९६४ | कामी ६९९५ |
| ७२ | कैलाली | थारु २०६९३३ | क्षेत्री ६०४२१ | बाहुन ४००२३ |
| ७३ | बैतडी | क्षेत्री ९५३०८ | बाहुन ४१७३० | कामी २५००३ |
| ७४ | दार्चुला | क्षेत्री ६१०५४ | बाहुन १९६८४ | कामी ७५०८ |
| ७५ | कन्चनपुर | क्षेत्री ७३००८ | थारु ७०५४४ | बहुन ३८४६९ |

स्रोत जनगणना २०४८ त. तराई

परिशिष्टः चार

१ लेख्य परम्परा भएका भाषाहरु

| | |
|---|---|
| नेपाली | नेवारी |
| मैथिली | लिम्बू |
| भोजपुरी | अवधी |

अन्यः हिन्दी, उर्दू,भोटेलामा .तिब्बती॰

२ लेख्य परम्पराउन्मूख भाषाहरु

| | |
|---|---|
| थारु | तामाङ |
| मगर | गुरुङ |
| थुलुङ.राई॰ | बान्तवा.राई॰ |
| चाम्लिङ .राई॰ | खालिङ.राई॰ |
| कुलुङ.राई॰ | थकाली |
| सेर्पा | राजवंशी |
| बाहिङ | |

३ लेख्य परम्परा नभएका भाषाहरु

| | |
|---|---|
| सत्तारसन्थाल | दनुवार |
| चेपाङ | मारवाडी |
| थामी | माझी |
| झाँगड | धिमाल |
| दरै | जिरेल |
| छन्त्याल | खाम |
| कागते | काइके |
| ह्योल्मू | राजी |
| कुमाल | बोटे |
| ब्यासी | राई समूहका अन्य भाषाहरु |
| नाछिरिङ | पूर्वी मेवाहाङ |
| पश्चिमी मेवाहाङ | साम्पाङ |
| याम्फूयाम्फे | उत्तरी लोहोरुङ |
| याक्खा | लुम्बायाख्खा |
| आठपहरिया | उम्बूले |

४ लोपवान् भाषाहरु

| | |
|---|---|
| हायु | दुरा |

कुसुण्डा

राउटे

राई समूहका भाषाहरुः

कोयु

जेरुङ

तिलुङ

पोल्माचा

वालिङ

लाम्बिछोङ

बेल्हारे

छुलुङ

पुमा

छुक्वाचाक्वा

दुमी

दुङ्माली

छिन्ताङ

मुगाली

फाङ्दुवाली

परिशिष्टः पाँच

सुझाउ दिने सङ्घ/संस्थाहरुका नाम

१ अमरसिंह माध्यमिक विद्यालय, पोखरा

२ कन्टिनेन्टल रिसर्च फोरम, पोखरा

३ कालिका माध्यमिक विद्यालय, पोखरा

४ किराँत धर्म तथा साहित्य उत्थान सङ्घ, काठमाडौँ

५ किराँत याक्थुङ चुमलुङ, केन्द्रीय समिति,काठमाडौँ

६ किराँत याक्थुङ चुमलुङ,क

७ किराँत याक्थुङ भाषा समिति,ताप्लेजुङ

८ किराँत राई यायोक्खा, केन्द्रीय समिति काठमाडौँ

९ किराँत राई यायोक्खा, दमक, झापा

१० किराँत राई यायोक्खा, धरान, सुनसरी

११ किराँत राई भाषा तथा साहित्य परिषद्, केन्द्रीय कार्यालय दमक, झापा

१२ किराँत राई यायोक्खा, इलाम

१३ गुम्वा व्यवस्था तथा विकास समिति, ललितपुर

१४ छन्त्याल परिवार सङ्घ, काठमाडौँ

१५ डम्फू समूह, काठमाडौँ

१६ डोटेली भाषा समाज, काठमाडौँ

१७ तमु छोंज धिं, केन्द्रीय समिति, पोखरा

१८ तमु धिं परिवार, कास्की

१९ तामाङ ग्योइ सेङजाङ, काठमाडौँ

२० थकाली सेवा समिति, काठमाडौँ

२१ थकाली सेवा समिति, पोखरा

२२ थारु कल्याणकारी सभा, काठमाडौँ

२३ थारु भाषा साहित्य परिषद्, नेपाल

२४ दनुवार जागरण समिति, जनकपुरधाम

२५ धिमाल जातीय उत्थान विकास केन्द्र, झापा

२६ नेपाल.गनगाई॰ गणेश कल्याण परिषद्, झापा

२७ नेपाल जनजाति महासङ्घ, काठमाडौँ

२८ नेपाल तामाङ घेदुङ, काठमाडौँ

२९ नेपाल तामाङ समिति,ललितपुर

३० नेपाल भाषा मंका खलः,काठमाडौँ

३१ निको थामी सेवा समिति, दोलखा
३२ नेपाल भोजपुरी साहित्य कला  परिषद्, बीरगञ्ज
३३ नेपाल मगर सङ्घ, काठमाडौँ
३४ नेपाल मगर सङ्घ, जिल्ला तदर्थ समिति, सुर्खेत
३५ नेपाल मैथिल समाज, काठमाडौँ
३६ नेपाल विश्व बौद्ध मैत्री महासङ्घ, काठमाडौँ
३७ नेपाल सद्भावना पार्टी, काठमाडौँ
३८ नेपाल संथाल भाषा संस्कृति विकास परिषद्, झापा
३९ नेपाल तामाङ सेवा समिति, काठमाडौँ
४० मगराती इतिहास तथा संस्कृति परिषद्, काठमाडौँ
४१ ह्याम्बू श्यर्वा चिछोग, काठमाडौँ
४२ लास्सो थेत्मा, याम्बु
४३ सामाखुसी तामाङ परिवार कोष, काठमाडौँ
४४ सुनुवार सेवा समाज, काठमाडौँ

४५ परिशिष्ट छ

**वर्तमान पाठ्यक्रम र मातृभाषा**

१ प्राथमिक शिक्षा

| | विषय | कक्षा पूर्णाङ्क | | | | |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ |
| १ | नेपाली♠ | १५० | १५० | १५० | १०० | १०० |
| २ | गणित | १५० | १५० | १५० | १०० | १०० |
| ३ | अङ्ग्रेजी | ⛢ | ⛢ | ⛢ | १०० | १०० |
| ४ | सामाजिक तथा वातावरण शिक्षा | १०० | १०० | १०० | ⛢ | ⛢ |
| ५ | शारीरिक शिक्षा | ५० | ५० | ५० | ५० | ५० |
| ६ | सिर्जनात्मक अभिव्यक्तिशील कला | ५० | ५० | ५० | ५० | ५० |
| ७ | वातावरणीय विज्ञान | ⛢ | ⛢ | ⛢ | १०० | १०० |
| ८ | सामाजिक शिक्षा | ⛢ | ⛢ | ⛢ | १०० | १०० |
| ९ | इच्छाधिन♠♠ | १०० | १०० | १०० | १०० | १०० |
| | | ६०० | ६०० | ६०० | ७०० | ७०० |

♠ राष्ट्रिय भाषा .मातृभाषा◦ हुनुपर्ने

♠♠ मातृभाषी विद्यालयका राष्ट्रभाषा.नेपाली◦ र राष्ट्रभाषी विद्यालयमा मातृभाषा .राष्ट्रिय भाषा◦ हुनुपर्ने।

२ निम्न माध्यमिक शिक्षा .साधारण॰

| | | कक्षा | | |
|---|---|---|---|---|
| | विषय | ६ | ७ | ८ |
| १ | नेपाली | १०० | १०० | १०० |
| २ | गणित | १०० | १०० | १०० |
| ३ | अङ्ग्रेजी | १०० | १०० | १०० |
| ४ | सामाजिक शिक्षा | १०० | १०० | १०० |
| ५ | विज्ञान | १०० | १०० | १०० |
| ६ | स्वास्थ्य र शारीरिक शिक्षा | ५० | ५० | ५० |
| ७ | संस्कृत* | ५० | ५० | ५० |
| ८ | जनसंख्या र वातावरण शिक्षा | ५० | ५० | ५० |
| ९ | कला वा पूर्वव्यावसायिक | ५० | ५० | ५० |
| | | ७०० | ७०० | ७०० |

| | | कक्षा | |
|---|---|---|---|
| | विषय | ९ | १० |
| १ | नेपाली | १०० | १०० |
| २ | गणित | १०० | १०० |
| ३ | अङ्ग्रेजी | १०० | १०० |
| ४ | सामाजिक शिक्षा | १०० | १०० |
| ५ | विज्ञान तथा वातावरण | १०० | १०० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा अथवा कम्प्यूटर विज्ञान अथवा जनसङ्ख्या शिक्षा | १०० | १०० |
| ७ | ऐच्छिक विषय** | १०० | १०० |
| | | ७०० | ७०० |

* राष्ट्रिय भाषा.मातृभाषा॰ वैकल्पिक विषयका रुपमा राखिनु पर्ने।

** ऐच्छिक विषयमा राष्ट्रिय भाषा .मातृभाषा॰ समावेश हुनु पर्ने।